विश्वव्यापी अनुगमन प्रतिवेदन २०११

सबैका लागि शिक्षा

# सारसंक्षेप



## अदृश्य संकट: सशस्त्र द्वन्द्व र शिक्षा

UNESCO
United Nations
Educational, Scientific and
Cultural Organization

# अदृश्य संकट:
# सशस्त्र द्वन्द्व र शिक्षा

# सारसंक्षेप

युनेस्को प्रकाशन

प्रस्तुत प्रतिवेदन अन्तर्राष्ट्रिय समुदायको तर्फबाट युनेस्कोबाट तयार गरिएको एक स्वतन्त्र प्रकाशन हो । यो प्रतिवेदन समुहका सदस्यहरू, धेरै अन्य व्यक्तिहरू, निकायहरू, संघ-संस्थाहरू र सरकारहरू, सम्मिलित संयुक्त प्रयासको उपज हो ।

यस प्रकाशनमा उपयोगमा ल्याइएका पदहरू र सामाग्रीहरूको प्रस्तुतिले कुनै पनि देशको, संरक्षित राज्यको शहर वा क्षेत्रको अथवा यसका अधिकारहरूको कानूनी स्थिति अथवा देश, क्षेत्रको सीमा सम्बन्धमा युनेस्कोको कुनै पनि विचारको अभिव्यक्तिलाई प्रस्तुत गर्दैन ।

सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन समुह यस सारसंक्षेपमा समावेश गरिएका सत्यतथ्य तथा यसमा व्यक्त गरिएका विचारहरूको छनौट र प्रस्तुतिका लागि जिम्मेवार छ जुन युनेस्कोका हुन् भन्ने जरूरी छैन र यिनीहरूले संगठनलाई बचनबद्ध गर्दैन । यस प्रतिवेदनमा व्यक्त गरिएका दृष्टिकोण र विचारहरूको समग्र उत्तर दायित्व यसका निर्देशकले लिएका छन् ।

**सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन समुह**

निर्देशक: केभिन वाट्किन्स

अनुसन्धान: समीर अल समराई, निकोल बेला, स्टुवार्ट क्यामरोन, अन्ना हास, फ्रान्कैइस लेक्ल्यार्क, एलिस लेक्वल्ट, एनाइस लोइजिलोन, क्यारेन मुर, पट्रिक मोन्टजोरडिस, पोलिन रोश,

संचार र सम्पर्क: डाइडेरिक डे जोङ्ग, एन्ड्यू जोन्सटन, लेला लुपिस, मेरिसोल सेन्जिनेस, सोफि स्कोल्नडोफ, सेलिन स्टीर

सम्पादन र उत्पादन: एरिन चेमरी, जुलीया हायस, मार्क फिलिप व्वा लिइभनिट्स, जुडिथ रौंडियानाटोएभिना, मार्टिना सिमेटी, सुहाद् वारिन ।

कृपया प्रतिवेदन सम्बन्धि थप जानकारीका लागि,
सम्पर्क गर्नुहोस् :

निर्देशक
सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन
समुह मार्फत, युनेस्को
७-प्लेस डे फोन्टनीय, ७५३५२ पेरिस ०७ एस पी, फ्रान्स
e-mail: efareport@unesco.org
Tel:+33145681036
Fax: +33145685641
www.efareport.unesco.org

**पूर्वप्रकाशित सबैका लागि शिक्षाका विश्वव्यापी अनुगमन प्रतिवेदनहरू,**

२०१० सीमान्तकृतसम्मको पहुँच
२००९ असमानतालाई चिर्दैः किन सुशासनको महत्व छ
२००८ २०१५ सम्ममा सबैका लागि शिक्षा- के हामी पूरा गर्न सक्छौ ?
२००७ बलियो आधारशिला-प्रारम्भिक बाल हेरचाह र शिक्षा
२००६ जीवनका लागि साक्षरता
२००५ सबैका लागि शिक्षाः गुणस्तरमा जोड
२००३/४ लिङ्ग र सबैका लागि शिक्षा- समानतातर्फ फड्को
२००२ सबैका लागि शिक्षा-के विश्व सही बाटोमा छ ?

संयुक्त राष्ट्रसंघको शैक्षिक बैज्ञानिक तथा साँस्कृतिक संगठनद्वारा सन् २०११ मा प्रकाशित
७-प्लेस डे फोन्टनीय, ७५३५२ पेरिस ०७ एस पी, फ्रान्स
ग्राफिक डिजाइन- सिल्भेन वेयनस
ले आउट : सिल्भेन वेयनस
युनेस्कोद्वारा मुद्रित
प्रथम प्रकाशन २०११

ISBN: ९७८-९९३७-८४४६-०-४

मुख पृष्ट
उत्तर युगान्डामा, सरकारी सेना तथा लौड्स विद्रोही सेनाका बीचको लडाईमा फसेका बालबालिकाहरूले उनीहरूले देखेका कुरा चित्रमा
© Xanthopoulos Daimon/Gamma

युनेस्को २०११
पेरिस मुद्रण
ED-2011/WS/1 job 3627.10
नेपाली मुद्रणः क्वालिटी प्रिन्टस्, काठमाण्डौ, नेपाल

# प्राक्कथन

संयुक्त राष्ट्र संघको अभ्युदय युद्धको संत्रासबाट विश्वलाई मुक्त गर्न भएको हो । यसले 'भयमुक्त' भएर जिउने भविष्यको बाचा गर्‍यो । यस्तो भविष्यको सृजना गर्नमा सहयोग पुर्‍याउन युनेस्कोको स्थापना गरियो । हाम्रो संविधानका स्पष्ट शब्दहरुमा हामी शिक्षाका माध्यमले सशस्त्र संघर्षलाई सदियौं देखि मलजल गर्ने 'एक अर्काका जीवन शैलीको अज्ञानता' संग जुध्न स्थापित भएका हौं ।

यस वर्षको *सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदनले* संयुक्त राष्ट्र संघको जगमा रहेका इतिहास, विचारधारा र मूल्य मान्यताहरुको पुनः स्मरण गराउँछ । ती मूल्य मान्यताहरु सन् १९४८ को मानव अधिकार विश्व घोषणा पत्रमा सन्निहित छन् । तिनीहरु सन् २००० मा अन्तर्राष्ट्रिय समुदायद्वारा अंगीकृत गरिएको 'सबैका लागि शिक्षा' का लक्ष्यहरुमा पनि प्रतिविम्वित भएका छन् । दुर्भाग्यवस, हामी अझै पनि विश्व घोषणाका शिल्पकारहरुले कोरेको विश्वभन्दा धेरै टाढा छौं - र हाम्रो शिक्षाका साझा लक्ष्यहरु भन्दा/र हामी सशस्त्र द्वन्द्वले खडा गरेका कडा चुनौतीहरुको सामना गर्न सामुहिक रुपमा असफल हुँदैछौं ।

जस्तो कि यस *सबैका लागि शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदनको* नयाँ संस्करणले स्पष्ट पार्दछ, द्वन्द्वले विश्वका सबैभन्दा बढी जोखिममा परेका लाखौं मानिसहरुका जीवनमा हानि पुर्‍याएको छ । युद्धकार्यले पनि शिक्षाका अवसरहरुलाई त्यस स्तरमा ध्वस्त पारिरहेको छ जसमा पर्याप्त विचार पुर्‍याइएको छैन । तथ्यांकहरुले देखाइरहेको छ, चालीस प्रतिशतभन्दा बढी विद्यालय बाहिर रहेका बालबालिकाहरु द्वन्द्व-पीडित देशहरुमा बसोबास गर्दछन् । यी देशहरुमा नै विश्वमा सबैभन्दा बढी लैङ्गिक असमानताहरु र न्यूनतम साक्षरता स्तर रहेको छ । मलाई विश्वास छ कि अहिलेसम्म शिक्षामा 'अदृश्य संकट' खेपीरहेको क्षेत्रमा आँखा पुर्‍याएर, यस प्रतिवेदनले चारवटा क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय कार्य परिचालनमा सहयोग पुर्‍याउनेछ ।

सर्वप्रथम, हामीले द्वन्द्वबाट पीडित देशहरुमा शिक्षा संकटको मुटुमा मानव अधिकारहरुको घोर हननलाई रोक्ने कुरामा गम्भीर हुनु आवश्यक छ । हामी एउटै रातमा शान्तिपूर्ण समाजको सृजना गर्न सक्दैनौं । तर यस प्रतिवेदनमा उल्लेख गरिएको बालबालिकाहरु माथि भैरहेको आक्रमण, बालिकाहरु तथा महिलाहरुमा सर्वत्र र नियोजित बलात्कार अथवा विद्यालय सुविधाहरुको तहसनहसबारे कुनै सफाई दिन सकिदैन । यो स्वीकार्य छैन कि, संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद् को प्रस्ताव पारित भएर पनि यौंन दुराचार युद्ध हतियार भएकै छ - एउटा हतियार जसले जवान बालकहरु र महिलाहरुमा अवर्णनीय पीडा, डर र असुरक्षा र उनीहरुको शिक्षामा अवर्णनीय क्षति पुर्‍याएको छ । म संयुक्त राष्ट्र पद्धति भित्रका आफ्ना सहयोगी मित्रहरुसंग काम गर्दै द्वन्द्वमा परेका बालबालिकाहरुको मानव अधिकारहरुको सुरक्षाको सुदृढीकरण गर्नका लागि बचनबद्ध छु ।

दोस्रो, मानवीय सहायता पद्धतिलाई ठीक स्थानमा राख्नु पर्ने आवश्यकता छ । जब म संकटकालबाट प्रभावित देशहरुको समुदायहरुमा पुग्दछु, म उनीहरुले शिक्षाका लागि गरेका असाधारण प्रयासहरुबाट अचम्भित हुन्छु । दुर्भाग्यवस, सहयोग दाताहरु ती प्रयासहरुसंग मेल खाँदैनन् । शिक्षा क्षेत्रले विद्यमानमा मानवीय सहयोगको २% मात्र प्राप्त गर्दछ - र मानवीय सहयोग पद्धति आफै पनि कम सहयोग प्राप्त गर्दछ ।  सबैका लागि शिक्षाको साझेदारीमा संलग्न हामी सबैले शिक्षालाई मानवीय सहयोग प्रयासका केन्द्र विन्दुमा राख्न मुद्दा बनाउनु पर्ने आवश्यकता छ ।

तेस्रो, हामीले शान्तिका लागि अवसरहरुका झ्यालहरुको खोजी गर्न अझै बढी प्रभावकारी हुनु पर्ने आवश्यकता छ । संयुक्त राष्ट्र संघका महासचिव वानकी मूनले भन्नु भएको छ कि सशस्त्र

द्वन्द्वबाट बाहिर आउन जोखिमपूर्ण यात्रा गरिरहेका देशहरुलाई सहयोग गर्न आवश्यक हुने उपायहरुको हामीसंग कमी छ । यसको परिणाम स्वरुप ठूलो जनधनको मूल्यमा शान्ति स्थापना र पुनः निर्माणका अवसरहरु गुमेका छन् । सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदनले संगृहीत सहयोगमा (Pooled funding) बृद्धि को कुरा अगाडि सारेको छ । मलाई पूर्ण विश्वास छ कि दातृ निकायहरु र द्वन्द्व पीडित राज्यहरुले यस क्षेत्रमा सहयोग बृद्धिबाट पर्याप्त लाभ लिने छन् ।

अन्तमा, हामीले शान्तिका लागि दबावको रुपमा काम गर्न शिक्षाको सम्पूर्ण क्षमताको उपयोग गर्नु पर्ने आवश्यकता छ । युनेस्कोको संविधानको पहिलो पंक्तिले स्पष्ट शब्दमा भन्दछ कि 'किनभने युद्ध मानिसहरु (र महिलाहरु) को दिमागमा उब्जिन्छन्, शान्तिको प्रतिरक्षा पनि मानिसहरु (र महिलाहरु) को दिमागमा सृजना हुनु पर्दछ'। सहिष्णुता, आपसी सद्भाव र वार्ताप्रति प्रतिबद्धतामा आधारित सार्वजनिक दृष्टिकोण भन्दा अन्य कुनै पनि प्रतिरक्षा प्रणाली बढी सुरक्षित हुँदैन । यी दृष्टिकोणहरुलाई विश्वभरीमा प्रत्येक दिन प्रत्येक कक्षामा सक्रियतासाथ निर्माण गरिनु पर्दछ । विद्यालयहरुलाई धर्मान्धता, उग्रराष्ट्रबाद, र अन्य व्यक्तिहरुप्रति अनादर बढाउन प्रयोग गर्नु शिक्षाको गलत बाटोमा हिड्नु मात्र हैन, हिंसाको बाटोमा अग्रसर हुनु हो । म युनेस्कोले हाम्रा विद्यमान कार्यहरु - अर्न्तसांस्कृतिक वार्तालाप, पाठ्यक्रम विकास, शिक्षक तालीम र पाठ्यपुस्तक सुधारका क्षेत्रहरुमा काम गर्दै द्वन्द्व पीडित देशहरुमा शिक्षा प्रणालीहरुको पुनः निर्माणमा बढी सक्रिय भूमिका खेल्ने कुरा प्रति पूर्ण प्रतिबद्ध छु ।

संयुक्त राष्ट्र संघ स्थापना भएको अव पैसठ्ठी वर्षभन्दा बढी भयो । सशस्त्र द्वन्द्वले खडा गरेका चुनौतीहरु बदलिएका छन् । तथापि संयुक्त राष्ट्र पद्धतिलाई बलियो पार्ने सिद्धान्तहरु, मूल्य मान्यताहरु र संस्थाहरु सदाझै उत्तिकै सबल छन् । हामी सबै शिक्षाको त्यस अदृश्य संकटको सामना गर्न तिनीहरुको प्रयोगमा एकजुट होऔं र एउटा यस्तो विश्वको निर्माण गरौं जसमा प्रत्येक बालबालिका र प्रत्येक आमाबुवाले भयमुक्त भई बाँच्न सकून् ।



**इरिना बोकोभा**
युनेस्को डाइरेक्टर-जनरलद्वारा प्राक्कथन

# सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन २०११, एक झलक

सन् २०१५ सम्म सबैका लागि शिक्षाका लक्ष्यहरु प्राप्त गर्ने दिशामा विश्व सही बाटो मा छैन । यद्यपि धेरै क्षेत्रहरुमा प्रगति भएको छ सन् २०११ को *सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रगति प्रतिवेदनबाट* प्राप्त समष्टिगत संदेशले देखाएको छ कि अधिकाँश लक्ष्यहरु धेरै फराकिलो अन्तरले प्राप्त हुने छैनन् । द्वन्द्वबाट पीडित देशहरुले विशेषगरी कठिन चुनौतीहरुको सामना गरिरहेका छन् । सरकारहरुले निर्दिष्ट लक्ष्यहरुलाई आफ्नो पकडमा ल्याउन अझ बढी सतर्कता, दृढसंकल्प र साझा उद्देश्य प्रदर्शन गर्नु पर्नेछ ।

## सन् २०१५ सम्मका लक्ष्य प्राप्ति तर्फको प्रगति

गत दशकमा सबैका लागि शिक्षाका लक्ष्य प्राप्ति तर्फ विश्वका केही निर्धनतम देशहरुले असाधारण प्रगति देखाएका छन् ।

- प्रारम्भिक बाल हेरचाह र कल्याणमा सुधार आएको छ । पाँच वर्षभन्दा कम उमेरका बालबालिकाहरुको मृत्यु, उदाहरणका लागि, सन् १९९० को १ करोड २५ लाखबाट सन् २००८ मा ८८ लाखमा झरेको छ ।
- सन् १९९९ देखि २००८ सम्म, ५ करोड २० लाख थप बालबालिकाहरु प्राथमिक विद्यालयमा भर्ना भएका छन् । विद्यालय बाहिर रहेका बालबालिकाहरुको संख्या दक्षिण र पश्चिम एशियामा आधा घटेको छ । अफ्रिकी उप-महाद्वीपमा, प्राथमिक विद्यालय उमेरको जनसंख्यामा बृद्धिका बाबजुद विद्यालय भर्ना अनुपातमा एक तिहाई बृद्धि भएको छ ।
- दशकको प्रारम्भमा सबैभन्दा बढी लैङ्गिक असमानता भएका क्षेत्रहरुमा प्राथमिक विद्यालय भर्नामा लैङ्गिक समतामा उल्लेखनीय सुधार भएको छ ।

यी सकारात्मक विकासका बाबजूद, सन् २००० मा निर्दिष्ट गरिएका सबैका लागि शिक्षाका लक्ष्यहरु तथा प्राप्त गरेको सीमित प्रगति बीच व्यापक अन्तर रहेको छ ।

- भोकले प्रगतिलाई पछि धकेलेको छ । विकासशील देशहरुमा, ५ वर्षभन्दा कम उमेरका १९ करोड ५० लाख बालबालिकाहरु - ३ जनामा एक - कुपोषणका शिकार छन्, जसले गर्दा उनीहरुको संज्ञानात्मक विकासमा र उनीहरुको दीर्घकालीन शैक्षिक सम्भावनाहरुमा अपूरणीय क्षति पुगेको छ ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरुको संख्या मन्द गतिमा कम भैरहेको छ । सन् २००८ मा ६ करोड ७० लाख बालबालिकाहरु विद्यालय बाहिर थिए । विश्वव्यापी भर्ना तर्फको प्रगति मन्द भएको छ । यदि विद्यमान प्रवृत्ति कायम रह्यो भने सन् २०१५ मा आज भएको संख्याभन्दा बढी बालबालिकाहरु विद्यालय बाहिर रहन सक्ने छन् ।
- धेरै बालबालिकाहरुले प्राथमिक तहको चक्र पूरा गर्नु भन्दा पहिले नै विद्यालय छाड्छन् । अफ्रिकी उप-महाद्वीपमा मात्रै प्रति वर्ष १ करोड बालबालिकाहरुले प्राथमिक विद्यालय छाड्दछन् ।
- विश्वका करीव १७% प्रौढहरु - ७९ करोड ६० लाख व्यक्तिहरु अझै पनि आधारभूत साक्षरताबाट बंचित छन् । झण्डै दुईतिहाई महिलाहरु छन् ।
- लैङ्गिक असमानताहरु शिक्षाको प्रगतिमा बाधक रहने कुरा जारी छ । यदि सन् २००८ मा विश्वले प्राथमिक तहमा लैङ्गिक समता प्राप्त गरेको भए प्राथमिक विद्यालयमा थप ३६ लाख बालिकाहरु हुने थिए ।
- व्यापक असमानताहरुले अवसरमा रोक लगाएको छ । पाकिस्तानमा ७ देखि १६ वर्ष उमेरका धनाढ्य घरपरिवारहरुका ५% को तुलनामा निर्धनतम घरपरिवारका आधा बालबालिकाहरु बिद्यालय बाहिर छन् ।
- लैङ्गिक असुविधाले जीवनको मूल्य चुकाई रहेको छ । यदि अफ्रिकी उप-महाद्वीपको औषत बाल मृत्यु दर माध्यमिक शिक्षा प्राप्त महिलाहरुको स्तरमा ओराल्न सकिएको खण्डमा १८ लाख कम मृत्यु हुने थियो ।
- माध्यमिक शिक्षा प्राप्त महिलाहरुले आमाबाट शिशुमा सर्ने एचआइभी को रोकथाम गर्ने उपायहरुबारे धेरै बढी जानकारी राख्ने सम्भावना रहन्छ । सन् २००९ मा एचआइभी सम्बन्धित विमारीबाट अनुमानित २,६०,००० मृत्यु भएको थिया । मलावीमा, कुनै पनि शिक्षा अप्राप्त २७% को तुलनामा माध्यमिक अथवा सो भन्दा बढी शिक्षा प्राप्त ६०% आमाहरुलाई औषधीले संक्रमण हुने खतरा कम गर्न सकिन्छ भन्ने जानकारी थियो ।
- धेरै देशहरुमा शिक्षाको गुणस्तर ज्यादै न्यून रहेको छ । लाखौं बालबालिकहरु प्राथमिक विद्यालयबाट अपेक्षा गरेभन्दा ज्यादै तल्लो स्तरको पढाई, लेखाई र गणितीय सीप लिएर निस्की रहेका छन् ।
- सन् २०१५ सम्ममा विश्वव्यापी प्राथमिक शिक्षा प्राप्त गर्न थप १९ लाख शिक्षकहरुको आवश्यकता हुनेछ । यस मध्ये आधा भन्दा बढी अफ्रिकी उप-महाद्वीपमा आवश्यक हुनेछ ।

## सबैका लागि शिक्षाको पूँजी लगानी

विश्वव्यापी आर्थिक संकटले राष्ट्रिय बजेटहरुमा दबाव सृजना गर्‍यो । यसले गर्दा विश्वका कैयौं निर्धनतम देशहरुका शिक्षा योजनाहरुलाई आर्थिक स्रोत जुटाउने प्रयासहरुमा धक्का पुर्‍यायो । सहयोग गर्ने बजेटहरु पनि दबाबमा छन् । सन् २०१५ को

निर्दिष्ट लक्ष्यमा पुग्न ५ वर्षभन्दा कम अवधि रहेको सन्दर्भमा राष्ट्रिय सरकारहरु र दातृ निकायहरुले सबैका लागि शिक्षाको आर्थिक घाटा पूर्तिका आफ्ना प्रयासहरुलाई द्विगणित गर्नु पर्ने आवश्यकता छ ।

- यद्यपि न्यून आम्दानी भएका देशहरुले शिक्षामा गरेको खर्चको राष्ट्रिय आम्दानीको अंश सन् १९९९ देखि २.९% बाट ३.८% पुऱ्याएर बृद्धि गरेका छन्, केही क्षेत्रहरु र देशहरुले शिक्षालाई अझै अपहेलना गरेका छन् । मध्य एशिया र दक्षिण तथा पश्चिम एशियाले शिक्षामा सबैभन्दा न्यून खर्च गर्दछन् ।
- राजस्वको परिचालनमा अभिबृद्धि तथा शिक्षाप्रति बलियो प्रतिबद्धताद्वारा न्यून आम्दानी भएका देशहरुले सबैका लागि शिक्षाको खर्चलाई १२ अर्ब अमेरिकी डलरबाट १९ अर्ब अमेरिकी डलर वार्षिक बढोत्तरी गर्न सके । जुन कुल राष्ट्रिय आम्दानीको करीव ०.७% बराबर हुन आउँछ ।
- आर्थिक संकटले गर्दा शिक्षाको बजेटमा ठूलो कटौती भयो । यस प्रतिवेदनका लागि सर्भेक्षण गरिएका १८ वटा न्यून आम्दानी भएका देशहरु मध्ये ७ वटाले सन् २००९ मा शिक्षाको खर्चमा कटौती गरे । यी देशहरुमा ३७ लाख बालबालिकाहरु विद्यालय बाहिर थिए ।
- सन् २००२ देखि समष्टिगत सहयोग राशि दुई गुणा भएर ४.७ अर्ब डलर पुगेको छ । यसले गर्दा सबैका लागि शिक्षाको प्रगतिको गति तीब्र गर्ने नीतिहरुलाई सहयोग पुगेको छ । तथापि, विद्यमान सहयोगको स्तर न्यून आम्दानी भएका देशहरुको बाह्य आर्थिक घाटा पूर्ति गर्नको लागि आवश्यक हुने वार्षिक १६ अर्ब डलर भन्दा ज्यादै कम छ ।
- दातृ निकायहरुले सहयोग राशि बढाउन सन् २००५ मा गरेको प्रतिबद्धता पूरा गरेका छैनन् । 'ओइसीडी' ले विश्वव्यापी वार्षिक अनुमानित घाटा २० अर्ब डलर प्रक्षेपण गरेको छ ।
- विद्यमान सहयोगको प्रवृत्ति चिन्ताको विषय रहेको छ । सन् २००७ देखि आधारभूत शिक्षाका लागि विकास सहयोग स्थिर रहेको छ । अफ्रिकी उप-महाद्वीपमा आधारभूत शिक्षाका लागि सहयोग सन् २००८ मा प्रति प्राथमिक विद्यालय उमेरका बालबालिकाको ६% ले तल झरेको छ ।
- अनेक प्रमुख दाताहरुले सहयोग बजेट उच्च शिक्षा तर्फ बढी छुट्याउने प्रवृत्ति कायम राखेका छन् । यदि सबै दाताहरुले आफ्नो शिक्षा सहयोग राशिको कम्तीमा आधा आधारभूत शिक्षाका लागि छुट्याएको भए थप १.७ अर्ब डलर वार्षिक परिचालन हुन सक्थ्यो ।

नयाँ र नवीनतायुक्त शैक्षिक लगानीका उपायहरुले सबैका लागि शिक्षाको आर्थिक घाटा पूर्ति गर्न मद्दत गर्न सक्दछ । यस प्रतिवेदनमा दिइएका प्रस्तावहरु मध्ये:

- स्वास्थ्य क्षेत्रमा रहेको त्यसै किसिमको नमूनामा आधारित शिक्षाका लागि एउटा अन्तर्राष्ट्रिय आर्थिक सहुलियतले दाताहरुलाई कठिन आर्थिक वातावरणमा नयाँ स्रोतहरु परिचालन गर्न मद्दत पुऱ्याउन सक्दछ । सन् २०११ देखि सन् २०१५ का बीचमा 'बौन्ड' हरुको वितरणले शिक्षाका लागि वार्षिक ३ देखि ४ अर्ब डलर सम्म उठाउन सकिन्छ ।
- युरोपमा मोबाइल फोनको वितरणमा ०.५% करले वार्षिक ८९ करोड ४० लाख उठाउन सकिन्छ ।

## अदृश्य संकट: सशस्त्र द्वन्द्व र शिक्षा

सशस्त्र द्वन्द्वबाट पीडित देशहरु सबैका लागि शिक्षा प्राप्तिको दिशामा सबैभन्दा टाढा छन्, तथापि उनीहरुका शैक्षिक चुनौतीहरु अधिकाँश संप्रेषित गरिएका हुँदैनन् । द्वन्द्वबाट प्रभावित राज्यहरुमा शिक्षामा अदृश्य संकट एउटा विश्वव्यापी चुनौती हो जसलाई अन्तर्राष्ट्रिय प्रयुत्तरको खाँचो छ । आर्थिक बृद्धि तीब्र पार्ने, गरिवी कम गर्ने र सहस्त्राब्दी विकास लक्ष्यहरु प्राप्त गर्ने कुराहरुका सम्भावनाहरुलाई हानि पुऱ्याउनका साथै सशस्त्र द्वन्द्वले असमानाताहरु, नैराश्यता र आक्रोसलाई बल पुऱ्याउँछ जसले गर्दा देशहरु हिंसाको कुचक्रको जालोमा पर्दछन् ।

### शिक्षामा सशस्त्र द्वन्द्वका प्रभाव

- सन् २००८ सम्म यो दशकका ३५ वटा देशहरुले सशस्त्र द्वन्द्वको अनुभव गरे, ३० वटा न्यून आम्दानी भएका र निम्न मध्यम आम्दानी भएका देशहरु थिए । न्यून आम्दानी भएका देशहरुमा हिंसक द्वन्द्वका घटनाहरुको औषत अवधि बाह्र वर्षको थियो ।
- द्वन्द्वबाट पीडित गरिव देशहरुमा २ करोड ८० लाख प्राथमिक विद्यालय उमेरका बालबालिकाहरु विद्यालय बाहिर थिए - विश्वको कूल संख्याको ४२% ।
- द्वन्द्वबाट पीडित गरिव देशहरुका बालबालिकाहरु आफ्नो पाँचौं जन्म दिन भन्दा पहिले मर्ने सम्भावना अन्य गरिव देशहरुको भन्दा दुई गुना रहन्छ ।
- द्वन्द्वबाट पीडित गरिव देशहरुमा अन्य गरिव देशहरुका ९३% को दाँजोमा ७९% जवान मानिसहरु मात्र साक्षर छन् ।
- सशस्त्र द्वन्द्वमा संलग्न राज्य र गैर-राज्यका दलहरुले बढ्दो संख्यामा सर्वसाधारण र सार्वजनिक संरचनाहरुमा आक्रमण गरिरहेका छन् । विद्यालयहरु र विद्यालय बालबालिकाहरु लडाकूहरुद्वारा व्यापक रुपमा आक्रमणको बैधानिक लक्ष्यका रुपमा हेरिन्छन् जुन अन्तर्राष्ट्रिय कानूनको उल्लंघन हो ।
- अधिकाँश सशस्त्र द्वन्द्वले ४ करोड ३० लाख भन्दा बढी मानिसहरु विस्थापित भएका छन्, यद्यपि वास्तविक संख्या सायद त्यसभन्दा बढी छ । शरणार्थीहरु र आन्तरिक रुपमा विस्थापित मानिसहरुले शिक्षाका लागि प्रमुख रुपमा बाधाहरुको सामना गर्दछन् । सन् २००८ मा यूएनएचसीआर (UNHCR) क्याम्पसहरुका प्राथमिक विद्यालय उमेरका शरणार्थी बालबालिकाहरु मध्ये ६९% मात्र विद्यालय गई रहेका थिए ।

### द्वन्द्वबाट प्रभावित देशहरुमा शिक्षामा गरिएको खर्च

- सशस्त्र द्वन्द्वले सार्वजनिक खर्चलाई शिक्षाबाट सेनामा मोडेको छ । विद्यमानमा २१ विकासशील देशहरुले प्राथमिक विद्यालयहरुमा भन्दा हातहतियारमा बढी खर्च गरिरहेका छन् । यदि उनीहरुले सेनाको खर्चमा १०% कटौती गऱ्यो भने उनीहरुले थप ९५ लाख बालबालिकाहरुलाई विद्यालयमा राख्न सक्दछन् ।

- सेनाको खर्चले गर्दा सहयोगका स्रोतहरु पनि मोडिएका छन् । सबैका लागि शिक्षाको बाह्य आर्थिक घाटा १६ अर्ब डलरको पूर्ति गर्न सहयोग दाताहरुलाई ६ दिनको सैनिक खर्चमात्र पर्याप्त हुनेछ ।
- मानवीय सहयोगको २% मात्र शिक्षाले ओगटेको छ । अन्य कुनै क्षेत्रको सहयोगको अंश यसभन्दा सानो छैन; शिक्षाका लागि अनुरोध गरिएको सहयोग राशिको ३८% मात्र पूर्ति भएको छ, जुन करीव अन्य सबै क्षेत्रको औषतको आधा मात्र छ ।

## परिवर्तनका लागि एजेण्डा

यस प्रतिवेदनले चारवटा प्रणालीगत असफलताहरुसंग जुध्ने लक्ष्य लिई परिवर्तनका लागि 'एजेन्डा' अगाडि सारेको छ ।

- *सुरक्षाका असफलताहरु ।* संयुक्त राष्ट्र संघ प्रणालीसंगै काम गर्दै सरकारहरुले शिक्षालाई प्रभावित पार्ने मानव अधिकार हननको अनुगमन गर्ने र संप्रेषण गर्ने पद्धतिलाई सबल बनाउनु पर्दछ, ती उल्लंघनहरुलाई रोक्ने राष्ट्रिय योजनाहरुलाई सहयोग गर्नु पर्दछ र जघन्य र पटक पटकका अपराधीहरुलाई लक्षित गरी रोक लगाउनु पर्दछ । एउटा बलात्कार र यौन हिंसा सम्बन्धी अन्तर्राष्ट्रिय आयोग गठन गरिनु पर्दछ र मुद्दाहरुको मूल्यांकन र मुद्दा चलाउनका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालत सोझै संलग्न हुनु पर्दछ । शिक्षा प्रणालीमा हुने आक्रमणहरुको अनुगमन र समाचार संप्रेषणका लागि युनेस्काले नेतृत्व लिनु पर्दछ ।
- *व्यवस्थापनका असफलताहरु ।* मानवहितवादी दिमागी धारणामा परिवर्तन गर्नु र द्वन्द्वबाट सृजित आपतकाल अवधिमा शिक्षाको जीवनदायी भूमिकाको सम्मान गर्नु अत्यावश्यक छ । शिक्षाको लगानीमा भएको घाटा पूर्तिका लागि मानवहितवादी संयुक्त कोषमा लगानीमा करीव ७३ करोडबाट २ अर्ब पुऱ्याएर बृद्धि गरिनु पर्दछ । द्वन्द्वबाट पीडित समुदायहरुका शिक्षाका आवश्यकताहरु मूल्यांकन गर्ने वर्तमान पद्धतिहरुलाई सुदृढ पार्नु पर्दछ । शरणार्थीहरुका लागि शिक्षाको पहुँचमा सुधार गर्न प्रशासन व्यवस्थाहरुमा संशोधन गर्नु पर्दछ । सरकारहरुले आन्तरिक रुपमा विस्थापित मानिसहरुका लागि शिक्षाका कानूनी अधिकारहरुलाई पनि सुदृढ पार्नु पर्दछ ।
- *पुनर्निर्माणका असफलताहरु* दाताहरुले मानवहितवादी र दीर्घकालीन सहयोगका बीचमा बनावटी विभाजनलाई तोड्नु पर्ने आवश्यकता छ । अझ बढी विकास सहयोग राष्ट्रिय संगृहीत कोष (Pooled funds) मार्फत निकासा दिइनु पर्दछ, जस्तो कि अफगानिस्तानमा सफल सुविधा । सुधारिएको सबैका लागि शिक्षाको द्रुत पथ प्रयास (FTI) मार्फत काम गर्दै दाताहरुले संगृहीत लगानीका लागि स्वास्थ्य क्षेत्रमा संचालनमा आएको जस्तै बढी प्रभावकारी बहुपक्षीय व्यवस्था स्थापित गर्नु पर्दछ । सहयोगमा सुविधा पुऱ्याउन बढी सरल नियमहरुको निर्माण गरी द्रुत पथका लागि भएको सहयोगमा बृद्धि गरी वार्षिक ६ अर्ब अमेरिकी डलर पुऱ्याउनु पर्दछ ।
- *शान्ति स्थापनाका असफलताहरु ।* शान्ति सम्भार गर्नका लागि शिक्षाको क्षमता उपयोग गर्न लामो समयदेखि उठाइएका गुनासाहरुको सम्भावित असरबारे गरिएको मूल्यांकनमा आधारित भाषा, पाठ्यक्रम र विकेन्द्रीकरण सम्बन्धि नीतिहरु लिई सरकारहरु र दाताहरुले समाहित शिक्षा पद्धतिलाई प्राथमिकता दिनु पर्दछ । जीवनदायी सीपहरु प्रदान गर्ने कुराहरुका लागि विद्यालयहरुलाई सर्वप्रथम र सबैभन्दा अगाडि राख्नु पर्दछ : सहिष्णुता, आपसी सदभाव र अरुसंग शान्तिपूर्वक बस्न सक्ने योग्यता । शिक्षालाई बृहत् शान्ति स्थापना रणनीतिहरुमा एकीकृत गर्न बढी केन्द्रीय भूमिका खेल्ने युनेस्को र युनिसेफलाई शिक्षाका लागि संयुक्त राष्ट्रको शान्ति स्थापना कोष मार्फत ५० करोड र १ अर्ब अमेरिकन डलरका बीच प्रवाहित गरिनु पर्दछ ।

### केही मुख्य सन्देशहरु

*'युवाहरुको आक्रोस' र शिक्षाका असफलताहरुको मिश्रणबाट द्वन्द्वको खतरा रहन्छ ।* द्वन्द्वबाट पीडित धेरै देशहरुमा शिक्षा पद्धतिहरुले युवाहरुलाई उनीहरुलाई गरिबी र बरोजगारीबाट छुटकारा पाउन आवश्यक हुने सीपहरु प्रदान गरिरहेका छैनन् । द्वन्द्वबाट पीडित धेरै देशहरुका २५ वर्षभन्दा कम उमेरका ६०% भन्दा बढी जनसंख्यालाई अक्सर हिंसक द्वन्द्वलाई निम्त्याउने आर्थिक निरासाबाट उन्मुक्ति दिलाउन गुणस्तरीय शिक्षा अत्यन्त आवश्यक छ ।

*गलत किसिमको शिक्षाले हिंसक द्वन्द्वलाई मलजल गर्न सक्दछ ।* शिक्षासंग शान्तिका लागि दवाव दिन सक्ने ताकत छ - तर अक्सर विद्यालयहरु युद्ध निम्त्याउने सामाजिक विखण्डन, असहिष्णुता र पूर्वाग्रहरुलाई बल प्रदान गर्न प्रयोग गरिन्छन् । कुनै पनि देशले शान्ति र समृद्धिमा बाँच्ने आशा गर्न सक्दैन जवसम्म यसले आफ्ना नागरिकहरुमा आपसी सद्भाव कायम गर्न सक्दैन जसको प्रारम्भ कक्षाकोठामा हुन्छ ।

*राष्ट्रिय सरकारहरु र राष्ट्रिय समुदाय मानव अधिकारहहरुको समर्थन गर्न असफल भैरहेका छन् ।* सशस्त्र द्वन्द्वमा संलग्न राज्यका र गैर राज्यका दलहरुले विद्यालय बालबालिकाहरु, शिक्षकहरु, सर्वसाधारण र विद्यालयहरुलाई करिव करिव दण्डमुक्ति पाएर आक्रमण गरिरहेका छन् । यो विशेषगरी त्यसबेला सही हुन्छ जब बलात्कृत र यौन दुराचारका अन्य घटनाहरुको सम्वन्ध हुन्छ । सबैका लागि शिक्षाका सरोकारवालाहरुले मानव अधिकारहरुका लागि अझ बढी सशक्त अधिवक्ता भएर काम गर्नु पर्दछ ।

*सहयोग प्रभावकारिताको प्रमुख दाताहरुका राष्ट्रिय सुरक्षा एजेन्डाहरुसित सम्झौता गरिएको छ ।* द्वन्द्वबाट पीडित राज्यहरुको विकास सहयोग विशेष गरी अफगानिस्तान, इराक र पाकिस्तान जस्ता रणनीतिक हिसावले प्राथमिकतामा पर्ने देशहरु तर्फ झुकेको देखिन्छ । बिद्रोह विरुद्धका कामकारवाहीलाई सहयोग पुऱ्याउने उद्देश्यले शिक्षामा दिइने सहयोगको प्रयोगले स्थानीय समुदायहरु, विद्यालय बालबालिकाहरु र सहयोग गर्ने कार्यकर्ताहरुको सुरक्षालाई आँच पुऱ्याउँछ । दाताहरुले सहयोगलाई गैर सैनिक बनाउनु पर्ने आवश्यकता छ ।

*मानवहितबादी सहयोग पद्धतिले द्वन्द्वमा परेका बालबालिकाहरुलाई सहयोग गर्न असफल भैसरहेको छ ।* स्थानीय समुदायहरुले द्वन्द्वकालमा शिक्षालाई सम्हाली राख्ने प्रयासमा ठूलो दृढ संकल्प र नवीनता प्रदर्शन गरेका छन् । त्यही कुरा दाताहरुका लागि लागू हुँदैन । मानवहितवादी सहयोगी समुदायहरुले द्वन्द्वबाट पीडित समुदायहरुका आकाँक्षाहरुसंग तालमेल राख्नु पर्दछ ।

*अन्तर्राष्ट्रिय सहयोग शान्ति र पुनर्निर्माणका अवसरहरुलाई उपयोग गर्न तयार हुँदैनन् ।* द्वन्द्वबाट उठेका धेरै देशहरुसंग शिक्षा पद्धतिहरुको पुनर्निर्माण गर्न स्रोत साधनको कमी छ । विद्यमानमा सीमित र अविश्वसनीय मानवहितवादी सहयोग प्रवाहमा भर परेका यी देशहरु लाई स्तरीय र समाहित शिक्षा पद्धतिहरुको विकास गर्न विश्वसनीय र दीर्घकालीन आर्थिक सहयोगको आवश्यकता छ ।

# परिचय

सन् २००० मा डकार, सेनगेलमा सरकारहरुद्वारा अंगीकार गरिएको सबैका लागि शिक्षा, डकार कार्ययोजनाले सन् २०१५ सम्ममा पुरा गर्न छ वटा बृहत् लक्ष्यहरु र थुप्रै विशिष्ट निश्चित लक्ष्यहरु निर्धारित गरेको छ। कार्ययोजनालाई उपशीर्षक दिइएको थियो 'हाम्रा साझा प्रतिबद्धताहरुको परिपूर्ति'। दश वर्ष पछि, *सन् २०११ को सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन* को समष्टिगत संदेश यो रहेको छ कि विश्वभरीका सरकारहरु आफ्ना साझा प्रतिबद्धताहरु पूरा गर्न असफल भैरहेका छन्। यो तीतो निचोड केही उल्लेख्य उपलब्धिहरु भन्दा भने गलत बाटोमा छैन। विद्यालय बाहिर रहेका बालबालिकाहरुको संख्यामा कमी भैराखेको छ, लैङ्गिक असमानता कम हुँदैछ र बढी बालबालिकाहरु प्राथमिक विद्यालयबाट माध्यमिक विद्यालय र त्यस अगाडि गैरहेका छन्। विश्वका केही निर्धनतम देशहरुले शानदार उपलब्धि हासिल गरेका छन्, यो प्रदर्शन गर्दै कि न्यून आम्दानी प्रगति तीव्र पार्नका लागि आफै कुनै बाधा होइन। तथापि डकार घोषणा र भुक्तानी बीचको फरक ठूलो छ र चिन्ताजनक लक्षणहरु देखिन्छन् कि यो फरक झन ठूलो हुँदैछ। यही प्रवृत्ति रह्यो भने, सन् २०१५ सम्ममा विद्यालय बाहिर रहेका बालबालिकाहरुको संख्या हाल भैरहेको संख्या भन्दा बढी हुनेछ। यो तस्वीरलाई परिवर्तन गर्ने संयुक्त प्रयास विना विश्वका बालबालिकाहरुलाई गरिएको डकारको बाचा व्यापक रुपमा तोडिने छ।

डकारमा तय गरिएका लक्ष्यहरु प्राप्त गर्न असफलहुनुका दीर्घकालीन परणामहरु हुनेछन्। गरिवी निवारण, पोषण, बाल अतिजीवन र मातृ स्वास्थ्य जस्ता क्षेत्रहरुका बृहत् शहस्राब्दी विकास लक्ष्यहरुको प्राप्तिका लागि शिक्षामा तीब्र प्रगति महत्वपूर्ण छ। त्यसका अलावा, शिक्षाका अवसरहरुमा गहिरो राष्ट्रिय विभाजनलाई न्यून गर्नमा देखिएको असफलताले आर्थिक बृद्धिलाई हानि पुऱ्याईरहेछ र भूमण्डलीकरणको असमान प्रवृत्तिलाई बल पुऱ्याईरहेछ। यसभन्दा जरुरी अन्य कुनै मुद्दाले बढी ध्यान आकृष्ट गर्दैन। तथापि शिक्षा अन्तर्राष्ट्रिय विकास एजेण्डाहरुमा तल परेको छ र यसले आज मुस्किलले समूह ८ (जी८) अथवा समूह बीस (जी२०) का चिन्ताका विषयहरुमा प्रवेश पाएको छ।

*सन् २०११ को सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन* दुई खण्डमा विभाजित गरिएको छ। खण्ड १ मा विश्वभरीको शिक्षाको अवस्थाको एक झलक दिइएको छ। यसले प्रगतिहरु, बाधाअर्चनहरु र थुप्रै नीतिगत प्रयासहरुको पहिचान गर्दछ जसले प्रगति तीब्र पार्न मद्दत पुऱ्याउन सक्दछन्। खण्ड २ मा सबैका लागि शिक्षाका लक्ष्यहरुले सामना गरिरहेका सबैभन्दा बृहत् अवरोधहरुमध्ये एउटा अवरोधको चर्चा गरिएको छ : विश्वका निर्धनतम देशहरुमा सशस्त्र द्वन्द्व। प्रतिवेदनले त्यस अवरोधलाई बल पुऱ्याउने नीतिहरु र यसलाई हटाउने रणनीतिहरुका असफलताहरुको छानविन गर्दछ। यसले द्वन्द्व रोक्ने र शान्तिपूर्ण समाजहरुको स्थापना गर्नमा शिक्षाको भूमिकालाई बलियो बनाउनका लागि एजेण्डा पनि पेश गरेको छ। □



# खण्ड १ सबैका लागि शिक्षातर्फको प्रगतिको अनुगमन

## छ वटा सबैका लागि शिक्षाका लक्ष्यहरु

*प्रारम्भिक बाल हेरचाह र शिक्षा:*
*स्वास्थ्य बनाउँदै र भोक विरुद्ध लड्दै*

बालबालिकाहरु कक्षाकोठाहरुमा प्रवेश गर्नु भन्दा धेरै अगाडि शिक्षाका अवसरहरुले आकार लिइसकेका हुन्छन् । उनीहरुले प्रारम्भिक बाल्यावस्थामा विकास गरेका जीवन पर्यन्तको शिक्षाका लागि भाषिक, संज्ञानात्मक र सामाजिक सीपहरु वास्तविक आधार शिला हुन् । कमजोर स्वास्थ्य, कुपोषण र उद्दीपनको अभावले त्यस आधारशिलालाई हानि पुर्‍याउँछन् । यसले बालबालिकाहरुको उपलब्धि हासिल गर्ने क्षमता लाई सीमित तुल्याउँछ । प्रारम्भिक वर्षहरुमा भोकले पुर्‍याएको अपरिवर्तनीय चोटले विश्वस्तरमा मानव क्षमतामा ह्रास ल्याउँछ ।

बालबालिकाहरुको मोटामोटी स्वास्थ्यको स्थिति बाल मृत्यु दर हेरेर मापन गर्न सकिन्छ । मृत्यु दरहरू तल झरिरहेका छन् - सन् १९९० को १ करोड २५ लाखको तुलनामा सन् २००८ मा ८८ लाख बालबालिकाहरुको ५ वर्षको उमेरभन्दा पहिले मृत्यु भयो । तथापि सन् १९९० देखि २०१५ का बीचमा बाल मृत्यु दर दुईतिहाई कम गर्ने शहस्राव्दी विकास लक्ष्यको निश्चित लक्ष्य प्राप्त गर्ने दिशामा उच्च बाल मृत्यु दर भएका अड्सठी देशहरुमध्ये उन्नाईसवटा मात्र सही बाटोमा छन् । कुपोषण ३० लाखभन्दा बढी बालबालिकाहरु र १ लाख आमाहरुको मृत्युमा सोझै कारण बनेको छ ।

सरकारहरूले प्रारम्भिक बाल्यावस्थाका कुपोषणका शिक्षामा हुने परिणामहरुको न्यून मूल्यांकन गर्दै आएका छन् । विकासशील देशहरुमा ५ वर्ष मुनिका करिव १९ करोड ५० लाख बालबालिकाहरु - सम्पूर्ण संख्याको एकतिहाई - बृद्धि अवरोधबाट पीडित छन्, अथवा उमेर अनुसार उनीहरुले आफ्नो जीवनका पहिला केही वर्षहरुमा दीर्घ स्थायी कुपोषणको अनुभव गरिसकेका हुनेछन् जुन संज्ञानात्मक विकासका लागि महत्वपूर्ण अवधि हो । भोग्नु पर्ने मानव पीडाको अलावा कुपोषणले शिक्षा पद्धतिमा ठूलो बोझ थुपार्दछ । कुपोषणका शिकार भएका बालबालिकाहरु शारीरिक अथवा मानसिक रुपले आफ्नो पूर्ण क्षमतामा नपुग्ने सम्भावना रहन्छ । तिनीहरु विद्यालय जाने सम्भावना कम रहन्छ र तिनीहरु विद्यालय गए पनि उनीहरुले न्यून स्तरको उपलब्धि हासिल गर्दछन् । आर्थिक बृद्धि कुपोषणका लागि रामबाण होइन । सन् १९९० को मध्यदेखि भारतले आफ्नो औषत आम्दानीमा दुईगुनाभन्दा बढी बृद्धि गरेको छ जवकि कुपोषण केही प्रतिशत अंकमा मात्र कम भएको छ । देशका करिव आधाजसो बालबालिकाहरु दीर्घस्थायी कुपोषणयुक्त छन् र कमतौल भएको समानुपात अफ्रिकी उप-महाद्वीपको औषतभन्दा झण्डै दोब्बर छ ।

बाल र मातृ स्वास्थ्य अव अन्तर्राष्ट्रिय विकास एजेण्डामा बढी प्रमुख स्थान ओगट्छ । पोषण, बाल अतिजीवन र मातृ कल्याणमा सन् २००९ को जी८ र सन् २०१० को शहस्त्राव्दी विकास लक्ष्य दुबै सिखर सम्मेलनहरूमा घोषणा गरिएको विश्वव्यापी पहल स्वागत योग्य छ । तथापि विद्यमान प्रयासहरु स्वास्थ्यका लक्ष्यहरुको प्रगति गर्नमा शिक्षाको-विशेष गरी मातृ शिक्षाको उत्प्रेरक भूमिकालाई मान्न असफल भइरहेका छन् ।

शिक्षामा बालिकाहरु र बालकहरु प्रति समान व्यवहार एउटा मानव अधिकार हो, र यो अन्य क्षेत्रहरुमा उपलब्धि हासिल गर्ने एउटा माध्यम पनि हो । शिक्षाले बाल र मातृ स्वास्थ्यमा सुधार ल्याउँछ किनभने यसले महिलाहरुलाई पोषण र बिमारीबारे सूचनाहरु प्रदान गर्ने, निर्णय गर्ने र आफ्नो जीवन आफ्नो नियन्त्रणमा राख्ने कुराहरुद्वारा सुसज्जित पार्दछ ।

घरधुरीहरुको सर्वेक्षणका परिणामहरुले बरावर देखाउँछन् कि मातृ स्वास्थ्य बालबालिकाहरुको अतिजीवनका सम्भावनाहरुलाई प्रभावित गर्ने सबैभन्दा बलियो कुराहरुमध्ये एउटा हो । यदि अफ्रिकी उप-महाद्वीपको औषत बाल मृत्यु दर माध्यमिक शिक्षा प्राप्त आमाहरुबाट जन्मिने नवजात बालबालिकाहरुको स्तरमा तल झर्ने हो भने, १८ लाख कम मृत्यु हुनेछन् -४१% को कमी (चित्र १) । केन्यामा प्राथमिक शिक्षा पूरा नगरेका आमाहरुबाट जन्मिएका बालबालिकाहरु आफ्नो पाँचौं जन्म दिनभन्दा पहिले मर्ने सम्भावना माध्यमिक शिक्षा वा सोभन्दा माथिल्लो शिक्षा प्राप्त आमाहरुको भन्दा दुई गुना बढी रहन्छ ।

**अफ्रिकी उप-महाद्वीपमा शिक्षाको लाभाँशले १८ लाख जीवनहरु बचाउन सक्दछ**

**चित्र १: शिक्षाको लाभांशले १८ लाख जीवनहरु बचाउन सक्दछ**
अफ्रिकी उप-महाद्वीपमा विभिन्न मातृ-शिक्षाको पूर्वानुमानमा ५ वर्षमुनिकाहरुको अनुमानित मृत्यु संख्या सन २००३-२००८




स्रोत: सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को चित्र १.७ हेर्नुहोस् ।

सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन २०११ ले मातृ शिक्षासंग गासिएका स्वास्थ्यका फाइदाहरुबारे घतलाग्दा नयाँ प्रमाणहरु प्रस्तुत गरेको छ। घरधुरी सर्वेक्षणका तथ्यांकहरु प्रयोग गरी यसले देखाएको छ कि धेरै देशहरुमा, बढी शिक्षित आमाहरुलाई यो थाहा हुने सम्भावना बढी रहन्छ कि एचआइभी स्ननपानबाट सर्न सक्छ र गर्भावस्थामा औषधी सेवन गर्दा आमाबाट शिशुमा सर्ने खतरा कम गर्न सकिन्छ। मलावीमा, ६०% माध्यमिक वा सो भन्दा बढी शिक्षा प्राप्त आमाहरुलाई कुनै पनि शिक्षा प्राप्त नभएका २७% आमाहरुका तुलनामा औषधीले सर्ने खतरा कम गर्न सक्छ भन्ने कुरा थाहा थियो।

यस प्रकारका प्रमाणहरुले देखाउँछन् कि मातृ शिक्षा बालबालिकाहरुको जीवन संकटमा पार्ने स्वास्थ्य खतरा विरुद्ध एकदमै प्रभावकारी खोप हो। सन् २००९ मा यूएनएड्स (UNAIDS) को अनुमान अनुसार १५ वर्ष मुनिका ३,७०,००० बालबालिकाहरु एचआइभी बाट प्रभावित भए। बालबालिकाहरुको ठूलो संख्यामा एचआइभी संक्रमित आमाहरुबाट गर्भावस्थाको दौरानमा अथवा प्रशवको बेला अथवा स्नतपान गराउने बेलामा जीवाणु सर्दछ। यस प्रतिवेदनमा प्रस्तुत प्रमाणले सुझाव दिन्छ कि यस किसिमका संक्रमणहरु मध्ये धेरैजसोलाई शिक्षाका माध्यमले रोक्न सकिन्थ्यो (चित्र २)

मातृ शिक्षा बालबालिकाहरुको जीवन संकटमा पार्ने स्वास्थ्यका खतरा विरुद्ध एकदमै प्रभावकारी खोप हो

**चित्र २: मातृ-शिक्षाले जीवन बचाउँछ**

## एउटा आश्चर्यजनक नयाँ इलाजले आमाबाट नजन्मेका शिशुमा हुने एचआइभी संक्रमण रोक्न सक्दछ, जसका कारणले ३,७०,००० प्रतिवर्ष बालबालिकाहरू संक्रमित हुन्छन् ।

यसलाई मातृ-शिक्षा भनिन्छ




स्रोत: सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को चित्र १.७ हेर्नुहोस्।

प्रारम्भिक बाल्यावस्था कार्यक्रमहरुले बालबालिकाहरुलाई विद्यालयका लागि तयार गर्दछन्, घरेलु अभावका प्रभावहरुलाई न्यून पार्दछन्, आमाबुवाहरुबाट बालबालिकाहरुमा हस्तान्तरण हुने शिक्षाका असुविधाहरुलाई रोक्दछन् र आर्थिक बृद्धिका सम्भावनाहरुलाई सबल पार्दछन् । तथापि धेरै विकासशील देशहरुमा प्रारम्भिक बाल्यवस्था सम्बन्धी नीतिहरु अपर्याप्त लगानी, खण्डित योजना र असमानताले ग्रस्त हुँदै आएकाछन् ।

सबैभन्दा बढी पिछडिएका घरपरिवारका बालबालिकाहरुले यस प्रकारका कार्यक्रमहरुबाट सबैभन्दा बढी लाभ पाउन सक्दछन् । तर अक्सर तिनीहरुबाट सबैभन्दा कम यसमा प्रतिनिधित्व भएको हुन्छ । कोटडे आइवरीमा धनाढ्य घरपरिवारका करिव चौथाई बालबालिकाहरु पूर्व-प्राथमिकमा भर्ना हुन्छन् जबकि निर्धनतम परिवारहरुको उपस्थिति शुन्यका नजिक छ । मोजाम्बीक जस्ता देशहरुले देखाएका छन् कि निष्पक्षता (Equity) प्रति बलियो प्रतिबद्धताले ज्यादै पिछडिएका समूहहरुका लागि पूर्व-प्राथमिकको ढोका खोल्न सक्दछ ।

### बक्स १: मोजाम्बीकको लक्षित पूर्व-प्राथमिक कार्यक्रम

मोजाम्बीकको एस्कोलिन्हास पूर्व-प्राथमिक कार्यक्रम ३-५ वर्ष उमेरका गरिबीमा अथवा विशेषरुपले लक्षित एचआइभी संक्रमित भई बाँचिरहेका संकटग्रस्त बालबालिकाहरुका लागि खोलिएको छ । समुदायका स्वयंसेवकहरु र प्रतिकक्षा दुई शिक्षकहरुले खेलहरु, कला र संगीतको प्रयोग गरी आधारभूत गणितीय सीप र पढाइ सीपहरु विकास गर्न संज्ञानात्मक उद्दीपनमा जोड दिन्छन् । कार्यक्रममा स्वास्थ्य र पोषणको पढाई र आमाबुवाहरुलाई सहयोग समावेश गरिएको छ । यसले उच्च गुणस्तर, न्यून खर्च सेवाहरु प्रदान गर्दछ जसको अन्य देशहरुमा लागू गर्न सकिने सम्भावना छ ।

*स्रोत: सबैका लागि शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को बक्स १.३ हेर्नुहोस् ।*

### *विश्वव्यापी प्राथमिक शिक्षा: निश्चित लक्ष्यहरुलाई गुमाउँदै*

गत दशकले प्राथमिक विद्यालय भर्नामा उल्लेखनीय प्रगति गरेको छ । धेरै देशहरु जसले यस दशकलाई उनीहरुले २०१५ सम्ममा विश्वव्यापी शिक्षा (UPE) को लक्ष्य प्राप्त गर्न धेरै पछि पर्न सक्ने प्रवृत्तिबाट प्रारम्भ गरेका थिए अब लक्ष्य प्राप्तिको वास्तविक सम्भावना भित्र छन् । तथापि, प्रगतिको गति असमान रहेको छ - र यो मन्द हुन सक्दछ । यही प्रवृत्ति कायम रहेमा विश्वले डकार कार्य योजनामा परिभाषा गरेको महत्वकाँक्षा प्राप्त गर्ने छैन । जब कार्य योजना स्वीकृत गरिएको थियो विद्यालय बाहिर रहेका बालबालिकाहरु करिव १० करोड ६० लाख थिए । सन् २००८ सम्म, त्यो संख्या ६ करोड ७० लाखमा झरेको छ । भारतको बलियो अभियानले नेतृत्व लिई दक्षिण र पश्चिम एशियाले बिद्यालय बाहिर रहेको आफ्नो जनसंख्यालाई आधा घटाएको छ । अफ्रिकी उप-महाद्वीपले विद्यालय उमेरको जनसंख्यामा ठूलो बृद्धिका बाबजूद भर्ना अनुपात करिव एक तिहाईले बढाएको छ । करिव ४३% विद्यालय बाहिररहेका बालबालिकाहरु अफ्रिकी उप-महाद्वीपमा बसोवास गर्दछन् र अर्को २७% दक्षिण र पश्चिम एशियामा र करिव आधाजसो १५ वटा देशहरुमा मात्र बसोवास गर्दछन् (चित्र ३) । सन् १९९९



उपेक्षित स्थलमा जीवन:
शरणार्थी शिविरमा बालबालिकाहरु
नैसिङ्गपारा, भारत

देखि २००८ सम्ममा अनेक देशहरुले विद्यालय बाहिर रहेका बालबालिकाहरुको संख्यामा नाटकीय कमी गरेका छन् । इथियोपियाले विद्यालय बाहिर रहेका बालबालिकाहरुको संख्या करीव ४० लाख घटाएको छ र यसले सन् २०१५ सम्ममा विश्वव्यापी प्राथमिक शिक्षा (UPE) प्राप्त गर्ने सम्भावना बढी छ । अन्य देशहरु जसले न्यून आधारपंक्तिबाट प्रारम्भ गरेका थिए, धेरै अगाडि आइसकेका छन्, यद्यपि अनेक देशहरु अझै सन् २०१५ सम्ममा 'यूपीइ' प्राप्त गर्ने दिशामा धेरै टाढा छन् । नाइजरले उदाहरणका लागि, आफ्नो भर्ना अनुपात एक दशकभन्दा कम अवधिमा दुईगुना गरेको छ ।

यी उपलब्धिहरु यद्यपि उत्साहजनक छन्, विश्व सन् २०१५ सम्म 'यूपीइ' प्राप्त गर्ने दिशामा सही बाटोमा छैन । यस प्रतिवेदनका लागि गरिएको प्रवृत्ति विश्लेषण (Trend Analysis) ले ६०% बालबालिकाहरु विद्यालय बाहिर रहेका १२८ वटा देशहरुको विद्यालय भर्नाको प्रगतिको छानविन गरेको छ ।

**चित्र ३: विश्वका विद्यालय बाहिर रहेका आधा बालबालिकाहरु पन्द्र देशमा मात्र बसोवास गर्दछन् ।**

प्राथमिक विद्यालय उमेरका बालबालिकाहरुको संख्या जुन सन् २००८ मा विद्यालय बाहिर थिए, छानिएका देशहरु




स्रोत: सबैका लागि शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदन २०११ को चित्र १.१ हेर्नु होस् ।

सन् २००८ मा ६ करोड ७० लाख बालबालिकाहरु विद्यालय बाहिर थिए

प्रमुख संदेश यो हो कि विद्यालय बाहिर रहेको संख्या गत दशकको पछिल्लो आधामा पहिलो आधामा प्राप्त गरिएको दरको आधा दरले तल झ्र्यो । विश्वव्यापीस्तरमा मिलाउँदा, यही प्रबृत्ति यदि कायम रह्यो भने, सन् २०१५ सम्ममा विद्यालय बाहिर रहेका बालबालिकाहरुको संख्या ७ करोड २० लाख हुनेछ - सन् २००८ को भन्दा बढी ।

असमानता शिक्षाको तीव्र प्रगति गर्नमा बाधकका रुपमा रहेको छ (चित्र ४) । पाकिस्तानमा सन् २००७ मा ७ देखि १६ वर्ष उमेरका धनाढ्य घरपरिवारहरुका मात्र ५% को तुलनामा निर्धनतम घरपरिवारका झण्डै आधा बालबालिकाहरु विद्यालय बाहिर थिए । धेरै देशहरु जुन 'यूपीई' नजिक छन्, जस्तै फिलिपिन्स र टर्की, अन्तिम दौड पूरा गर्न सकिरहेका छैनन्, विशेषगरी किनभने उनीहरु पिछडिएका जनसंख्यासम्म पुग्न असफल भएका छन् । लैङ्गिक असमानता जरो गाडेर बसेको छ (तल हेर्नुँहोस्) । हालका वर्षहरुमा सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदनले निष्पक्षतामा आधारित निश्चित लक्ष्यहरु अंगीकार गर्न बहस थालेको छ जसले गर्दा सरकारहरुले निश्चित लक्ष्य प्राप्ति गर्न मात्र हैन, यस्ता उद्देश्यहरु जस्तै धनसम्पत्ति, स्थान, जातीयता, लैङ्गिकता र पिछडापनका अन्य चिन्हहरुमा आधारित असमानताहरुलाई आधा कम गर्ने कुराहरुप्रति पनि बचनबद्ध हुनु पर्नेछ ।

विद्यालयमा पुग्नु 'यूपीइ' (UPE) प्राप्त गर्ने दिशामा एउटा शर्त मात्रै हो । धेरै बालबालिकाहरु विद्यालय शुरु गर्दछन् तर प्राथमिक विद्यालय चक्र पूरा नगर्दै छाड्ने गर्दछन् । अफ्रिकी उप-महाद्वीपमा, प्रतिवर्ष करिव १ करोड बालबालिकाहरुले प्राथमिक विद्यालय छाड्दछन् । यसले प्रतिभाको ठूलो क्षतिको प्रतिनिधित्व गर्दछ र यो शिक्षा प्रणालीमा एउटा अकुशलताको स्रोत हो । गरिवी र शिक्षाको न्यून गुणस्तरका साथै बालबालिकाहरुले कक्षोन्नतिका लागि आवश्यक हुने सिकाइ स्तर प्राप्त गर्नमा असफल हुनु दुवै उच्च विद्यालय छाड्ने स्तरका कारक तत्वहुन् ।

अफ्रिकी उप-महाद्वीपमा, प्रतिवर्ष करिव १ करोड बालबालिकाहरुले प्राथमिक विद्यालय छाड्दछन्

**चित्र ४ : विद्यालय जाने अवसर देश भित्रै पनि व्यापक रुपमा फरक फरक हुन्छ - पाकिस्तानको उदाहरण**

पाकिस्तानमा ७-१६ वर्ष उमेरका विद्यालय भर्ना नभएकाहरुको प्रतिशत, २००७




स्रोत: सबैका लागि शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को चित्र १.१३ हेर्नुहोस् ।

टिकाउमा सुधार ल्याउने रणनीतिहरु देशहरुका विशिष्ट आवश्यकताहरु अनुसार काटछाँट गरिनुपर्ने हुन्छ । इथियोपिया, मलावी र फिलिपिन्स लगायतका केही देशहरुमा कक्षा १ मा विद्यालय छाड्ने छात्रछात्राहरुको बढी संख्या छ, जबकि युगान्डा लगायत अन्यमा समस्या कक्षा १ र कक्षा ६ दुवैमा छ । भर्नादरमा तीव्र बृद्धिले जसमा पछि शुल्क पनि मिन्हा हुन्छ, कक्षाहरुमा विद्यार्थी संख्याको ठूलो चापपर्नुका साथै शिक्षाको न्यून गुणस्तर पैदा हुन सक्दछ । मलावी र युगान्डाले भर्नादरमा बृद्धिलाई प्रारम्भिक कक्षाहरुमा उच्च कक्षोन्नतिमा बदल्न भरमग्दुर प्रयत्न गरेका छन् । तान्जानिया संयुक्त गणराज्यले प्रारम्भिक कक्षाहरुका लागि लगानीमा क्रमबद्ध सुधारहरुद्वारा अझ राम्रा परिणामहरु प्राप्त गरेका छन् । बालबालिकाहरुको विद्यालयमा भर्ना हुने उमेर को पनि ठूलो महत्व छ । बढी उमेरका बालबालिकाहरुको ढीलो विद्यालय भर्ना विद्यालय छाड्ने कुरासँग बलियोसंग गाँसिएको छ । अर्को उपाय कोलम्बियामा 'ग्रामीण विद्यालय कार्यक्रम' हो जसले शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गरी विद्यालय छाड्ने दरलाई घटाएको छ ।

यस प्रतिवेदनले विद्यालय छाड्ने दर कम गर्न अनेक सफल उपायहरु पहिचान गरेको छ । यसमा विद्यालयमा उपस्थितिसंग जोडिएको नगद भुक्तानी र संकटग्रस्त घरपरिवारहरुलाई सुख्खा, बेरोजगरी र विमारी जस्ता आर्थिक संकटहरुबाट आफ्नो बचाउ गर्न सक्ने सुरक्षाजालहरु पर्दछन् । एउटा उदाहरण इथियोपियाको' उत्पादनशील सुरक्षा जाल कार्यक्रम' (Productive Safety Net Programme) हो जसले गरीव घरपरिवारहरुलाई नगद वा भोजन वितरण गर्दछ । यसले धेरै आमाबुवाहरुलाई आफ्ना बालबालिकाहरु बढी समयसम्म विद्यालयमा राख्न समर्थ तुल्याउँछ ।

### *युवा र प्रौढहरुको सिकाइः द्रुत गतिमा परिवर्तनशील विश्वका लागि सीपहरु*

सबै जवान मानिसहरुका सिकाइ आवश्यकताहरुलाई सम्बोधन गर्न डकारमा जनाइएको प्रतिबद्धतामा उच्चकोटिको महत्वाकाँक्षा र न्यून स्तरको विस्तृत बयान सम्मिलित थियो । परिमाणमा रुपान्तर गर्न सकिने लक्ष्यहरुको अभावमा प्रगतिको अनुगमन गर्न कठिन छ ।

अधिकाँश धनी देशहरु विश्वव्यापी माध्यमिक शिक्षाको नजिक छन् । जनसंख्याको ठूलो हिस्सा - करिव ७०% उत्तर अमेरिका र पश्चिम यूरोपमा - उच्च शिक्षा तर्फ बढी रहेछ । समस्त श्रृङ्खलाको अर्को पुछारमा अफ्रिकी उप-महाद्वीपको माध्यमिक शिक्षामा कूल भर्ना अनुपात ३४% मात्र छ र जम्मा ६% मात्र उच्च शिक्षातर्फ गईरहेका छन् । तथापि त्यस क्षेत्रले विस्तारै यस न्यून प्रारम्भ विन्दुबाट शुरु गरी अरुलाई भेट्टाउन थालेको छ । सन् १९९९ देखि इथियोपिया र युगान्डामा भर्ना अनुपात दुई गुणाभन्दा बढी भएको छ र मोजम्बीकमा चार गुणा भएको छ । विकासशील देशहरु भरी प्राथमिक विद्यालय भर्ना अनुपात बढिरहेको अवस्थामा माध्यमिक शिक्षाको माग बढिरहेको छ । प्राविधिक र व्यवसायिक भर्ना पनि बढिरहेको छ, यद्यपि तथ्यांकहरुको कमीले अन्तर्क्षेत्रीय तुलना गर्न कठिन छ । विद्यालय बाहिर रहेको किशोरहरुको संख्या तल झरिरहेको छ, तर सन् २००८ मा विश्वमा तिनीहरूको जम्मा संख्या अझै ७ करोड ४० लाख रहेको छ ।

देशहरु भित्रकै असमानताहरुले माध्यमिक शिक्षामा अन्तर्राष्ट्रिय विभाजनलाई दर्शाउँछन् । हाजिरी र पूरा गर्ने दर बलियोसंग धनसम्पत्ति अवस्थिति, जातीयता, लैङ्गिकता र पिछडापनतर्फ

डोऱ्याउने अन्य कुराहरुसंग गाँसिएका छन् । कम्बोडियामा २३ देखि २७ वर्ष उमेरका २०% धनाढ्य घरपरिवारहरुका २८% मानिसहरुले गरिव घरपरिवारहरुको ०.२% को तुलनामा माध्यमिक शिक्षा पूरा गरेका छन् । दोस्रो अवसर कार्यक्रमहरु अन्तर्गत प्राथमिक शिक्षा पूरा गर्न असफल हुने जवान छात्रछात्राहरुले तिनीहरुको जीवनयापन गर्ने अवसरहरु बृद्धि गर्न आवश्यक हुने सीपहरु र तालीम प्राप्त गर्न सक्दछन् । यसको एउटा सफल नमूना लेटिन अमेरिकाको 'जोभनीस' कार्यक्रम हो जुन न्यून आम्दानी भएका घरपरिवारहरुमा लक्षित छ र यसले प्राविधिक र जीवनोपयोगी तालीमलाई जोड्दछ । मूल्यांकनहरुले रोजगारी र आयआर्जनका अवसरहरुमा उल्लेखनीय रुपमा सुधार आएको देखाउँछन् ।

यद्यपि अति विकसित देशहरुमा उच्च स्तरको माध्यमिक र उच्च शिक्षाको भर्ना छ तिनीहरुले पनि असमानता र सीमान्तकृत अवस्थासंग जोडिएका समस्याहरूको सामना गर्दछन् । 'ओइसीडी' देशहरुमा करिव ५ जनामा १ जना विद्यार्थी उच्च माध्यमिक विद्यालय परीक्षा उत्तीर्ण गर्न असफल हुन्छ । चाँडै विद्यालय छाड्ने जोखिमका कारणहरुमा गरिबी, आमाबुवाहरुको शिक्षाको न्यूनस्तर र आप्रवासी अवस्था रहेका छन् ।

विश्वव्यापी आर्थिक संकटबाट क्षतविक्षत बढ्दो युवा बेरोजगारीले धेरै 'ओइसीडी' देशहरुलाई सीप विकासमा बढी प्राथमिकता प्रदान गर्न प्रेरित गरेको छ ।  संयुक्त अधिराज्यको शिक्षा र सीपहरु सम्बन्धि ऐन, २००८ (Education and Skills Act, 2008) ले आँशिक र पूर्णकालिक शिक्षा, सेवाकालीन र स्थलगत तालीमको विकल्प दिई शिक्षा र तालीमलाई १८ वर्ष मुनिकाहरुका लागि अनिवार्य बनाएको छ । न्यून सीप भएका जवान मानिसहरुलाई शिक्षा र तालीममा फर्काउन लक्षित गरिएका दोस्रो मौकाका अवसरहरुलाई सुदृढ पारिँदैछ । यद्यपि यस क्षेत्रका कार्यक्रमहरुको मिश्रित अभिलेख छ, केहीले आश्चर्यजनक परिणामहरु प्राप्त गरेका छन् । संयुक्त राज्य अमेरिकामा सामुदायिक कलेजहरु (Community Colleges) र यूरोपियन यूनियन देशहरका 'दोस्रो मौकाका विद्यालयहरू' ले पिछडिएका समूहहरूलाई समेट्नमा राम्रो ख्याति प्राप्त गरेका छन् ।

### *प्रौढ साक्षरताः राजनीतिक लापरवाहीले प्रगतिमा धक्का लागेको छ ।*

साक्षरताले राम्रो जीवनयापन, सप्रेको स्वास्थ्य र अवसर बृद्धिको ढोका खोल्दछ । डकार कार्य योजनामा प्रौढ साक्षरताको एउटा निश्चित लक्ष्य तोकेको छः सन् २०१५ सम्ममा ५०% सुधार । यो लक्ष्य ठूलो अन्तरले फेला पर्ने छैन जसले शिक्षा नीतिमा साक्षरता प्रति लामो समयदेखिको लापरवाही प्रतिविम्वित गर्दछ ।

सन् २००८ मा, ७९ करोद ६० लाखभन्दा केही कम प्रौढहरुसंग आधारभूत साक्षरता सीपहरु थिएनन् - विश्व जनसंख्याको करिव १७%, झण्डै दुईतिहाई महिलाहरु थिए । यसमध्ये अधिकाँश दक्षिण र पश्चिम एशियामा र अफ्रिकी उप-महाद्वीपमा बसोवास गर्दथे । यद्यपि अरव राज्यहरुमा पनि उच्च स्तरको प्रौढ निरक्षरता अंकित गरिएको थियो ।

जम्मा निरक्षर प्रौढहरुको ७२% दशवटा देशहरुमा मात्र बसोवास गर्दछन् (चित्र ५) । यी देशहरुको कार्यसम्पादन मिश्रित छ । ब्राजिलले सन् २००० देखि २००७ सम्ममा आफ्ना निरक्षर प्रौढहरुको संख्या २८ लाख कम गर्न सक्यो र चीनले विश्वव्यापी प्रौढ साक्षरतातर्फ राम्रो प्रगति कायम गरेको छ । भारतमा, साक्षरता दर उठिरहेको छ, तर यो गत दशकको पहिलो आधामा बढेको १ करोड १० लाख निरक्षर प्रौढहरुको बृद्धिलाई रोक्न पर्याप्त छैन । नाइजेरिया र पाकिस्तान दुवैले मन्द प्रगति देखाएका छन् ।

प्रवृत्ति विश्लेषणले देखाउँछ कि सन् २००० मा डकारले गरेको प्रतिवद्धता र त्यसबेला देखि गरिएको प्रगतिका बीच व्यापक अन्तर छ । चीन र भियतनाम लगायतका ठूलो संख्यामा निरक्षर प्रौढ जनसंख्या भएका केही देशहरु प्रतिबद्धता पूरा गर्न सही बाटो मा छन् । तर विद्यमान प्रगतिको दरमा अन्य प्रमुख देशहरु जसमा विश्वको निरक्षर प्रौढहरुको उल्लेखनीय अंश छ धेरै पछाडि पर्ने छन् । बंगलादेश र भारत सन् २०१५ को निश्चित लक्ष्यको आधाभन्दा अगाडि पुग्ने छैनन्, जबकि अंगोला, चाड र प्रजातान्त्रिक गणतन्त्र कंगो अझ पछाडि पर्नेछन् ।

सन् २००८ मा ७९ करोद ६० लाखभन्दा केही कम प्रौढहरु - विश्व प्रौढ जनसंख्याको करिव १७% मा आधारभूत साक्षरता सीपहरुको अभाव छ

साक्षरताको मन्द प्रगतिका कारणहरु मध्येमा राजनीतिक प्रतिवद्धताको अभावलाई व्यापक रुपमा उद्धृत गरिन्छ - र यो सही पनि हो । अन्तर्राष्ट्रिय स्तरमा गत दशक भरी कुनै पनि सार्थक परिवर्तन भएको छैन । सहस्राब्दी विकास लक्ष्यहरुमा साक्षरतालाई उल्लेख गरिएको छैन र संयुक्त राष्ट्रको साक्षरता दशक (२००३-२०१२) ले न त उल्लेखनीय रुपमा समस्या प्रति चेतनानै जगाएको छ न काम गर्न जागृत नै गरेको छ । प्रमुख अन्तर्राष्ट्रिय सम्मेलनहरुले विचारहरु र थुप्रै वार्तालापहरुको आदानप्रदान सजिलो तुल्याएको छ तर काम गर्नका लागि विश्वसनीय मञ्च खडा गरेका छैनन् । अन्तर्राष्ट्रिय मञ्चमा साक्षरताको हिमायती गर्न नेतृत्व लिने व्यक्तिहरु छैनन् ।

जब राजनीतिक नेताहरुले निरक्षरताको समस्या हल गर्ने आवश्यकता कबूल गर्दछन्, द्रुत प्रगति सम्भव हुन्छ । सन् १९९० को उत्तरार्द्ध देखि लेटिन अमेरिकाका र कैरेबियन क्षेत्रका थुप्रै देशहरुले प्रौढ साक्षरतामा बढी जोड दिन थालेका छन् । युवाहरु र प्रौढहरुका लागि साक्षरता र आधारभूत शिक्षा सम्बन्धी अमेरिकन योजना (Ibero-American Plan for Literacy and Basic Education for Youth and Adults - PIA) ले सन् २०१५ सम्ममा प्रौढ निरक्षरता उन्मूलन गर्ने महत्वाकाँक्षी लक्ष्य निर्धारण गरेका छन् । 'पिआइए' (PIA) ले नवीनतायुक्त कार्यक्रमहरुको माध्यमले बोलिभिया प्ल्युरिनेशनल स्टेट (Plurinational State of Bolivia) क्यूवा र निकारागुआ लगायतका देशहरका ३ करोड ४० लाख निरक्षर प्रौढहरुलाई तीन वर्षको आधारभूत शिक्षा दिन लक्ष्य राखेको छ । साथ साथै प्राथमिक शिक्षा पूरा नगरेका कार्यमूलक रुपले निरक्षर ११ करोड जवान प्रौढहरुलाई समेत सहयोग पुऱ्याइने छ ।

**चित्र ५ : अधिकांश निरक्षर प्रौढहरु दशवटा देशहरुमा बसोवास गर्दछन्**

निरक्षर प्रौढहरुको संख्या, छानिएका देशहरु, २००५-२००८




स्रोतः सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को चित्र १.२९ हेर्नुहोस् ।

साक्षरतामा विजय प्राप्त गर्न राष्ट्रिय सरकारहरुले थुप्रै साझेदारहरुसंग काम गर्दै योजना निर्माण, आर्थिक लगानी तथा सेवा प्रदान गर्न बढी जिम्मेवारी लिनु पर्ने आवश्यकता हुनेछ। यस्तो भएमा, उपलब्धिहरु द्रुत हुने छन्। इजिप्टमा १९९० को मध्य देखि सृजना गरिएको साक्षरता र प्रौढ शिक्षाका लागि सामान्य प्राधिकरण (General Authority for Literacy and Adult Education) ले साक्षरता प्रशिक्षकहरुको नियुक्ति र तालीम, प्रभावकारी लक्ष्य निर्धारण र लैङ्गिक निष्पक्षता प्रति बचनबद्धता समावेश गर्ने एकीकृत रणनीतिहरुद्वारा कसरी प्रगति हासिल गर्न सकिन्छ भन्नेकुरा दर्शाउँछ।

### *लैङ्गिक समता र समानताः विजय हासिल गर्न पिछडापनको जालो*

शिक्षामा लैङ्गिक समता एउटा मानव अधिकार हो, समान अवसर को आधारशिला हो र आर्थिक बृद्धि, रोजगारी सृजना तथा उत्पादकत्वको एउटा स्रोत हो। उच्च स्तरको लैङ्गिक असमानता सहन गरेका देशहरुले बालिकाहरु र महिलाहरूको मानव क्षमतामा हानि पुऱ्याउनु, उनीहरूको सृजना शक्ति ऱ्हास पार्नु र उनीहरूको दृष्टि सीमा साँघुरो बनाउनुको मूल्य चुकाउँछन्। यद्यपि लैङ्गिक समताको दिशामा प्रगति भएको छ, धेरै गरिव देशहरुले शिक्षा योजनाका नीतिहरु र प्राथमिकताहरुमा मौलिक परिवर्तन विना निश्चित लक्ष्य प्राप्त गर्ने छैनन्।

प्राथमिक विद्यालय स्तरमा लैङ्गिक समता तर्फको प्रगतिले विस्तारै गति लिदैछ। सबैभन्दा बढी लैङ्गिक असमानताबाट शुरु गरेका क्षेत्रहरु - अरव राज्यहरु, दक्षिण र पश्चिम एशिया र अफ्रिकी उप-महाद्वीप - सबैले प्रगति गरेका छन्। तथापि यात्रा गर्नु पर्ने दुरीको कम आंकलन गरिनु हुँदैन। बाउन्न देशहरुका तथ्यांकहरुले प्राथमिक विद्यालयमा बालकहरुको तुलनामा बालिकाहरुको अनुपात जुन लैङ्गिक समता सूचकाँक (GPI) बाट मापन गरिन्छ, ०.९५ अथवा सो भन्दा कम छ र छब्बीस वटामा ०.९० वा सो भन्दा कम छ। अफगानिस्तानमा प्रति १०० जना बालकहरुमा ६६ बालिकाहरु भर्ना हुन्छन्, र सोमालियामा ५५ जना बालिकाहरु प्रति १०० बालकमा भर्ना हुन्छन्। यदि विश्वले सन् २००८ मा प्राथमिक विद्यालयस्तरमा लैङ्गिक समता प्राप्त गरेको भए थप ३६ लाख बालिकाहरु विद्यालयमा हुने थिए।

> यदि विश्वले सन् २००८ मा प्राथमिक विद्यालय स्तरमा लैङ्गिक समता प्राप्त गरेको भए थप ३६ लाख बालिकाहरु विद्यालयमा हुने थिए

माध्यमिक शिक्षामा लैङ्गिक समतातर्फको प्रगति ज्यादै फरक फरक छ। दक्षिण र पश्चिम एशियाले महिला भर्नामा ठूलो बृद्धि गरी बढी समता तर्फ स्पष्ट प्रगति गरेका छन् जवकि अफ्रिकी उप-महाद्वीपले माध्यमिक शिक्षामा महिला भर्नामा न्यून आधारबाट भए पनि समतामा कुनै सुधार विना स्पष्ट बृद्धि गरे को छ। सन् २००८ मा अफ्रिकी उप-महाद्वीपमा सान्दर्भिक तथ्यांक भएका चौबीस वटा देशहरु तथा दक्षिण एशियाका तीन देशहरुको माध्यमिक विद्यालय भर्नामा लैङ्गिक समता सूचकाँकहरू (GPIs) ०.९० अथवा सो भन्दा कम र दशवटाको ०.७० अथवा सो भन्दा कम थियो। चाडमा माध्यमिक विद्यालयमा बालिकाहरु भन्दा बालकहरु दुई गुना थिए, र पाकिस्तानका प्रति चार जना बालकहरुमा तीन जना बालिकाहरु थिए। अरब राज्यहरुमा माध्यमिक विद्यालय स्तरमा लैङ्गिक समता प्राथमिक विद्यालय स्तर भन्दा पछि परेको छ। धेरै देशहरुका लागि माध्यमिक शिक्षामा लैङ्गिक समता प्राप्त गर्ने सम्भावना सीमित रहेको छ, यद्यपि व्यवहारिक नीतिहरुद्वारा समर्थित बलियो राजनीतिक प्रतिबद्धताले फरक पार्न सक्दछ।

लैङ्गिक असन्तुलनहरुलाई विगतदेखि शिक्षा पद्धतिमा उनीहरुको उत्पत्ति विन्दु सम्म पछ्याउँदा नीति निर्माणमा सघाउ पुग्न सक्दछ। धेरै देशहरुमा प्राथमिक विद्यालयमा पहिलो कक्षामा लिइएको संख्या संगै असमानताहरु प्रारम्भ हुन्छन्। प्राथमिक स्तरमा लैङ्गिक समता प्राप्त नगर्ने तीन चौथाई देशहरुले प्राथमिक चक्रको प्रारम्भमा बालिकाहरु भन्दा बालकहरुलाई भर्ना लिन्छन्। मालीमा, कक्षा १ मा कुल भर्नादर बालकहरुका लागि १०२% र बालिकाहरुका लागि ८९% थियो। जवसम्म प्राथमिक विद्यालयका दौरानमा यस किसिमका असमानताहरु परिवर्तित हुँदैनन् (बालिकाहरुका लागि न्यून विद्यालय छाड्ने दर कायम गरेर) यसको परिणाम स्वरूप प्राथमिक शिक्षा पद्धतिमा स्थायी लैङ्गिक पक्षपात रहने स्पष्ट छ जुन यसपछि माध्यमिक शिक्षामा सरेर जान्छ।

बालबालिकाहरु एक पटक विद्यालयमा पुगेपछि यिनीहरुको कक्षोन्नतिको प्रवृत्ति विभिन्न किसिमको रहन्छ। बुर्किनाफासोमा विद्यालय प्रवेश गरेको करिव ७०% बालकहरु र बालिकाहरु अन्तिम कक्षामा पुग्दछन् र इथियोपियामा बालिकाहरुको अन्तिम कक्षा पुग्ने सम्भावना केही बढी रहन्छ। त्यसैले यी देशहरुमा नीतिको जोड प्रारम्भिक भर्नामा रहेको लैङ्गिक समताका बाधाहरु हटाउनमा हुनु पर्दछ। गायनामा, यसको ठीक उल्टो, बालिकाहरुको विद्यालय टिकाउ दर बालकहरुको भन्दा ज्यादै कम छ। जहाँ विद्यालय छाड्नेमा लैङ्गिक असमानताहरु विद्यमान छन् सरकारले उत्प्रेरणा प्रदान गर्नु पर्दछ - जस्तै, बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्न आमाबुवाहरुका लागि नगद हस्तान्तरण अथवा विद्यालयमा खाजा कार्यक्रम।

माध्यमिक शिक्षामा लैङ्गिक असमानताहरु अधिकाँश अवस्थामा प्राथमिक विद्यालयमा पछ्याउन सकिन्छन्। अधिकाँश देशहरूमा, ती बालिकाहरु जसले प्राथमिक शिक्षा पूरा गरेका छन् माध्यमिक शिक्षामा जानका लागि बालकहरु जस्तै मौका प्राप्त गर्दछन्, यद्यपि एक पटक माध्यमिक विद्यालय गइसके पछि बालिकाहरुको विद्यालय छाड्ने सम्भावना बढी रहन्छ। बंगलादेशमा, प्राथमिक विद्यालयबाट माध्यमिक विद्यालयमा जाने बेलामा बालिकाहरुको हकमा थोरै लैङ्गिक असमानताहरु छन्। तथापि, माध्यमिक शिक्षा पूरा गर्ने दर बालिकाहरूको १५% को तुलनामा बालकहरुका लागि २३% छ।

धनसम्पत्ति, अवस्थिति, भाषा र अन्य कुराहरुसंग जोडिएका पिछडापनहरुले लैङ्गिक असमानताहरुलाई बढाउँछन्। धनी बालिकाहरु र बालकहरुका बीचमा विद्यालय हाजिरीमा असमानता अक्सर कम भए पनि गरिव ग्रामीण अथवा अल्पसंख्यक जातिका घरपरिवारहरूका बालिकाहरु प्रतीकात्मक किसिमले धेरैपछि छोडिएका हुन्छन्। पाकिस्तानमा, १७ वर्ष देखि २२ वर्ष उमेर का महिलाहरुको विद्यालय शिक्षा प्राप्त गर्ने औषत ५ वर्ष छ तर ग्रामीण भेगका गरिव महिलाहरुका लागि यो अंक १ वर्ष मात्र छ जवकि शहरी धनी महिलाहरुले औषत नौ वर्षको शिक्षा प्राप्त गर्दछन्।

तलव र रोजगारीका अवसरहरमा महिलाहरुले ज्यादै उच्चस्तर को असुविधाहरुको सामना गर्दै आएका छन्। फलस्वरुप उनीहरुले शिक्षाबाट सृजना गर्न सक्ने प्रतिफलमा कमी आएको छ। साथसाथै, श्रम बजारका असुविधाहरु हटाउनमा पनि शिक्षाले भूमिका खेल्न सक्दछ। बालिका शिक्षाका लागि आर्थिक सहयोग गर्ने देखि बालिका-मैत्री विद्यालय वातावरण निर्माण गर्ने, प्राविधिक र व्यावसायिक कार्यक्रमहरुमा पहुँचमा सुधार

ल्याउने र अनौपचारिक शिक्षा प्रदान गर्ने नीतिहरुद्वारा महिलाहरुमा सीप विकासलाई कुण्ठित पार्ने लैङ्गिक असुविधाहरुमा विजय प्राप्त गर्न सकिन्छ । बंगलादेशमा किशोरीहरूका लागि, ब्राकका रोजगार र जीवनयापन केन्द्रहरू (BRAC's Employment and Livelihood for Adolescent Centres) ले जवान महिलाहरुको सीप विकास गर्ने र उनीहरुमा आत्म विश्वास बृद्धि गर्ने लक्ष्य लिएको छ (बक्स २) ।

**बक्स २: 'ब्राक' ले बालिकाहरु र महिलाहरुलाई मद्दत गरिरहेको छ ।**

सन् २००९ मा, करिब ४,३०,००० जवान महिलाहरुलाई सेवा पुर्‍याई रहेका २१,००० भन्दा बढी ब्राकका रोजगारी र जीवनयापन नवयुवती केन्द्रहरु थिए । यी महिलाहरु सामाजीकरण गर्न, आफ्ना साक्षरता सीपहरु कायम राख्न, स्वास्थ्य, बालबिबाह र परिवारमा बालिकाको भूमिका जस्ता विषयहरुमा छलफल गर्न जम्मा हुन्छन् । केन्द्रहरुले आम्दानी सृजना गर्ने सीप सम्बन्धी तालीम र साना व्यवसायहरु स्थापना गर्ने उद्देश्य लिएका सदस्यहरुका लागि बचत तथा साना ऋण कार्यक्रम पनि प्रदान गर्दछन् । परिणामहरुले देखाउँछन् कि केन्द्रहरु सामाजिक गतिशीलता र आम्दानी सृजना गर्ने कार्यक्रमहरुमा संलग्नता बृद्धि गर्नमा सफल भएका छन् । यसको सफलता पछि, यो नमूना अफगानिस्तान, सूडान, युगान्डा र संयुक्त गणतन्त्र तान्जानिया जस्ता देशहरुमा अनुकूल हुने गरी लागू गर्न थालिएको छ ।

*स्रोतः सबैका लागि शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को बक्स १.१३ हेर्नुहोस् ।*

### *शिक्षाको गुणस्तर : असमानताहरुले प्रगतिमा बाधा पुर्‍याएको छ*

कुनै पनि शिक्षा पद्धतिको जाँच्ने कसी यो हो कि यसले जवान विद्यार्थीहरूलाई सुरक्षित जीवनयापनको विकास गर्न र सामाजिक, आर्थिक र राजनीतिक जीवनमा सहभागी हुन आवश्यक हुने सीपहरुबाट सुसज्जित गर्ने मुख्य उद्देश्य पूरा गर्छ कि गर्दैन । धेरै देशहरु यस जाँच कसीमा खरो उत्रिएका छैनन् र धेरै विद्यार्थीहरु सामान्य आधारभूत साक्षरता र गणितीय सीप प्राप्त नगरेर नै विद्यालय छाडेर गइरहेका छन् ।

अन्तर्राष्ट्रिय सिकाई मूल्यांकनहरुले सिकाई उपलब्धिमा उल्लेखनीय विश्वव्यापी र राष्ट्रिय असमानताहरु देखाएका छन् । अन्तर्राष्ट्रिय पढाई साक्षरता अध्ययनको प्रगति (Progress in International Reading Literacy Study (PIRLS) 2006) ले चालीस देशका कक्षा ४ का विद्यार्थीहरुको चारवटा आधारस्तम्भहरुमा पढाई सीपहरुको मूल्यांकन गर्‍यो । धनी देशहरुमा, जस्तै फ्रान्स र संयुक्त राज्य अमेरिका, ठूलो संख्यामा विद्यार्थीहरुले मध्यम आधार स्तम्भमा वा सो भन्दा बढी अंक प्राप्त गरे । यसको ठीक उल्टो, मोरक्को र दक्षिण अफ्रिकामा, दुबै मध्यम, आम्दानी भएका देशहरु, ७०% भन्दा बढीले न्यूनतम आधारस्तम्भ भन्दा तल अंक प्राप्त गरे ।

सिकाइ उपलब्धिको समग्रस्तर धेरै देशहरुमा असाधारण रुपमा न्युन रहेको छ (चित्र ६) । भारतमा, सन् २००९ को एउटा सर्वेक्षणले देखायो कि ग्रामीण भेकका कक्षा ४ का जम्मा ३८% विद्यार्थीहरूलेमात्र कक्षा २ का लागि तयार गरिएको पाठ पढ्न सके । आठ वर्ष विद्यालयमा पढेर पनि १८% विद्यार्थीहरुले पाठ पढ्न सकेनन् । सन् २००७ मा दक्षिण र पूर्व अफ्रिकी संघ - 'सेकमेक' (Southern and Eastern Africa Consortium for Monitoring Educational Quality - SACMEQ) को मूल्यांकनले न्यून आम्दानी भएका देशहरुमा सिकाइ उपलब्धिमा ठूलो कमी देखाएको छ । मलावी र जाम्वियामा कक्षा ६ का एकतिहाई भन्दा बढी विद्यार्थीहरुले खरर पढ्न सकेनन् ।

के धेरै देशहरुमा भर्ना संख्यामा भएको तीव्र बृद्धिले गर्दा शिक्षाको गुणस्तरसंग सम्झौता गर्नु परेको छ ? यो प्रश्न निरन्तर बहसको केन्द्रमा रहेको छ । यो मान्यतामा कि नयाँ भर्ना हुने, धेरै बालबालिकाहरु यस्ता घरपरिवारहरुबाट आएका छन् जहाँ उच्चस्तरको गरिवी छ, न्यून पोषण छ र आमाबुवाको साक्षरता न्यून स्तरको छ । - सबै लक्षणहरु जुन न्यून स्तर को उपलब्धिसंग गाँसिएका छन् - यो अनुमान गर्न सकिएला कि भर्ना र सिकाइ स्तर बीच समभौता गरिएको छ । वास्तवमा प्रमाणहरु अनिर्णायक छन् । 'सकेमेक' (SACMEQ) मूल्यांकनहरुले देखाएका छन् कि धेरै देशहरुमा यस किसिमको कुनै सम्भौता गरिएको छैन । केन्या र जाम्बियामा सन् २००० र २००७ का बीचमा भएका भर्ना संख्यामा बृद्धिको परीक्षा प्राप्तांकमा कुनै उल्लेखनीय असर परेको छैन । र संयुक्त गणतन्त्र तान्जानियामा औषत सिकाइस्तरमा सुधार देखाएको छ, जबकि प्राथमिक विद्यालयमा बालबालिकाहरुको भर्नामा दुई गुना बृद्धि भएको छ ।

मलावी र जाम्वियामा कक्षा ६ का एकतिहाई भन्दा बढी विद्यार्थीहरुले खरर पढ्न सकेनन्

सिकाइ उपलब्धि यस्ता पक्षहरुसंग गाँसिएको छ, जस्तै, आमाबुवाको धनसम्पत्ति र शिक्षा, भाषा, जातीयता र भौगोलिक अवस्थिति । बंगलादेशमा, उदाहरणका लागि, कक्षा ५ मा पुग्ने विद्यार्थीहरु मध्ये ८०% भन्दा माथिले प्राथमिक विद्यालय छोड्ने परीक्षा उत्तीर्ण गर्दछन् तर यद्यपि वारिसाल उप-जिल्लामा सबै विद्यार्थीहरू उतीर्ण हुन्छन् भने उप-जिल्ला सिल्हटमा आधाभन्दा कम सफल हुन्छन् । त्यसैले, बंगलादेशमा विद्यार्थी विद्यालयमा कहाँ जान्छ त्यस कुराले उसको राष्ट्रिय परीक्षा उत्तीर्ण गर्ने सम्भावना स्पष्ट रुपमा भर पर्दछ । केन्यामा धनाढ्य विद्यार्थीहरु मध्ये तीन चौथाईको तुलनामा कक्षा ३ का निर्धनतम विद्यार्थीहरु मध्ये आधाले कक्षा २ को स्तरयुक्त 'किसबाहिली' (Kiswahili) पाठ पढ्न सके ।

**चित्र ६: अफ्रिकी उप-महाद्वीपमा पढाइ सीपहरुमा व्यापक असमानता छ ।**

पढाइमा 'सकेमेक' को सीप स्तरहरुमा पुग्ने कक्षा ६ का विद्यार्थीहरुको प्रतिशत, २००७




स्रोतः सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को चित्र १.३७ हेर्नु होस् ।

निर्धनतम देशहरुमा सरकारहरुले आफ्ना शिक्षा पद्धतिहरुको औषत सिकाइस्तर उठाउनमा थुप्रै चुनौतीहरुको सामना गरिरहेका छन् । विद्यार्थीहरु बीचका असमानताहरु कम गर्नमा लक्षित नीतिहरु विना पद्धति-गत सुधार गर्नमा जोड दिने नीतिहरुले मात्र सफलता पाउने सम्भावना कम रहन्छ ।

विद्यालयको भर्नामा सामाजिक पिछडापनको सघनता न्यून स्तरको विद्यालय उपलब्धिसंग बलियो गरी जोडिएको छ - तर विद्यालयहरु पनि असमानताहरु सृजना गर्दछन् । धेरैजसो देशहरुमा, विभिन्न सामाजिक-आर्थिक समूहहरुलाई सेवा पुऱ्याउने विद्यालयहरुको स्तरीयता व्यापक रुपमा फरक फरक देखिएको छ । यी विविधताहरुलाई साँधुरो पार्नु सिकाइको औषत स्तर सुधार गर्ने र सिकाइ असमानताहरु कम गर्ने दिशामा पहिलो कदम हो । देशहरु भित्रैका र देशहरु बीचका विद्यालय गुणस्तरका व्यापक विविधताहरुका कारण विश्वव्यापी रुपमा लागू हुन सक्ने पाठहरु निकाल्न गाह्रो छ । तथापि, केही घटकहरुलाई पहिचान गर्न सम्भव छ जसले थुप्रै देशहरुमा उल्लेखनीय असरहरु पारेको देखिन्छ :

यदि विश्वव्यापी प्राथमिक शिक्षा प्राप्त गर्नुछ भने सन् २०१५ सम्ममा थप १९ लाख शिक्षकहरु नियुक्त गर्नु पर्दछ

- *शिक्षकहरुको हात छ ।* योग्यता प्राप्त व्यक्तिहरुलाई शिक्षण पेशामा आकर्षित गर्नु, उनीहरुलाई पेशामा बनाई राख्नु र उनीहरुलाई आवश्यक हुने सीपहरु र सहयोग प्रदान गर्नु अति महत्वपूर्ण छ । शिक्षकहरुको पदस्थापन प्रणालीहरुले शिक्षकहरुलाई निष्पक्षतासाथ वितरण गर्ने कुरा सुनिश्चित गर्नु पनि बढी न्यायोचित सिकाइ परिणामहरु प्राप्त गर्न महत्वपूर्ण छ । अर्को गहन चिन्ताको विषय शिक्षक छनौट हो । यदि विश्वव्यापी प्राथमिक शिक्षा प्राप्त गर्नु छ भने सन् २०१५ सम्ममा थप १९ लाख शिक्षकहरु नियुक्त गरिनु पर्दछ, यसमध्ये आधाभन्दा बढी अफ्रिकी उप-महाद्वीपमा ।

- *वास्तविक अध्यापन समयको हात छ ।* शिक्षक अनुपस्थिति र कक्षा शिक्षणका बेला बाहिरको काम गर्नमा व्यतीत भएको समयले सिकाइ समयलाई उल्लेखनीय रुपमा घटाउनुका साथै सिकाइ असमानताहरुलाई फराकिलो पार्न सक्दछ । दुईटा भारतीय राज्यहरुमा गरिएको एउटा सर्वेक्षणले पत्ता लगायो कि नियमित ग्रामीण सरकारी शिक्षकहरु कम्तीमा हप्ताको एक दिन अनुपस्थित थिए । शिक्षकहरुका नियुक्तिका शर्तहरुको समाधान गर्नु र विद्यालय सुशासन तथा जवाफदेहिता सुदृढ पार्नुले सिकाइ उपलब्धि माथि उठाउन र असमानता कम गर्न सकिन्छ ।

- *प्रारम्भिक कक्षाहरु सम्वेदनशील हुन्छन् ।* बालबालिकाहरु माथिल्लो कक्षामा उक्लिदै जाँदा कक्षाको आकार अक्सर सानो हुँदै जान्छ । यसरी माथिल्ला कक्षाहरुमा शिक्षण बढी केन्द्रित हुँदै जान्छ । बंगलादेशमा, सरकारी र गैरसरकारी दुबै थरीका विद्यालयहरुमा प्राथमिक तहको अन्तिम कक्षामा औषत ३० जना विद्यार्थीहरु हुन्छन् - पहिलो कक्षाको औषत संख्याको झण्डै आधा । विभिन्न कक्षाहरुमा शिक्षण स्रोतहरुको बढी समान वितरण र सबै विद्यार्थीहरुले आधारभूत साक्षरता र गणितीय सीपहरु प्राप्त गरुँन् भन्ने कुरा सुनिश्चित गर्नु निर्णायक हुन्छ ।

- *कक्षा कोठाको वातावरण महत्वपूर्ण हुन्छ ।* सरसामानको व्यवस्था नभएका कक्षा कोठाहरु र पाठ्यपुस्तकहरु र लेख्ने सामग्रीहरु नभएका विद्यार्थीहरु प्रभावकारी सिकाइका लागि लाभदायक हुँदैनन् । मलावीमा, प्राथमिक विद्यालयको प्रति शिक्षक औषत कक्षा आकार ३६ देखि १२० विद्यार्थी हुन्छन् । केन्यामा, आफ्नै गणितको पाठ्यपुस्तक भएका बालबालिकाको समानुपात उत्तर पूर्वी प्रान्तमा ८% देखि नैरोबीमा ४४% सम्म छ ।

सीमान्तकृत बालबालिकाहरुले आफूसंग कक्षा कोठामा ल्याउने पिछडापनको मुकावला गर्न विद्यार्थीहरुले अतिरिक्त सिकाइ समय र पूरक स्रोतहरुको थप सहयोग प्रदान गर्नु पर्ने आवश्यकता रहन्छ । सरकारको स्रोत विनियोजनले सिकाइ असमानता कम गर्न प्रमुख भूमिका खेल्न सक्दछ । भारतमा, सबैभन्दा खराव शैक्षिक सूचकहरु भएका जिल्लाहरुमा केन्द्रीय सरकार बाट प्रति विद्यार्थी विनियोजनामा उल्लेख्य बृद्धि गरिएको छ । थप स्रोतहरुले अतिरिक्त शिक्षकको व्ययभार बहन गर्न र पूर्वधार को कमी पूर्ति गर्न मद्दत पुऱ्याएको छ । उपचारात्मक शैक्षिक कार्यक्रमहरूले पनि फरक पार्न सक्दछन् (बक्स ३) । चीलीमा, डेलास ९०० एस्क्युलास कार्यक्रम (Programa de las 900 Escuelas) ले न्यूनतम कार्यसम्पादन गर्ने विद्यालयहरूलाई सिकाइमा सुधार ल्याउन थप स्रोतहरु प्रदान गऱ्यो, यसमा शिक्षण सीपहरु सुदृढ पार्न साप्ताहिक कार्यशालाहरु, विद्यार्थीहरूका लागि कक्षा बाहिरका कार्यशालाहरु, पाठ्यपुस्तकहरु र अन्य सामग्रीहरु पर्दछन् । यस कार्यक्रमले कक्षा ४ को सिकाइ स्तरमा सुधार गऱ्यो र सिकाइ असमानताहरुलाई कम गऱ्यो ।

### बक्स ३: स्तरीय शिक्षा प्रदान गर्न प्रथमको बालसखी कार्यक्रम

प्रथम भारतको ठूलो गैरसरकारी संगठन हो जसले गरिब र संकटग्रस्तहरुलाई स्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ । यसको मौलिक उपचारात्मक शिक्षा कार्यक्रम सरकारी विद्यालयका पछि परेका कक्षा ३ र ४ का विद्यार्थीहरुमा लक्षित थियो । विद्यार्थीहरूलाई स्थानीय तहबाट नियुक्त गरिएका शिक्षकहरूबाट आधारभूत साक्षरता तथा गणितीय सीपहरु शिक्षण गरिएका थिए जसले २ हप्ताको प्रारम्भिक तालीम र त्यसपछिको सेवाकालीन सहयोग प्राप्त गरेका थिए । कार्यक्रमका मूल्यांकनहरुले विद्यार्थीहरुको साक्षरता तथा गणितीय प्राप्तांकमा सुधार र सिकाइ असमानताहरुमा कमी आएको देखाएका छन् । यस सफलताले उन्नाइसवटा राज्यहरुमा 'रीड इण्डिया' (Read India) भन्ने कार्यक्रम मार्फत सुधारिएको संस्करण संचालित हुँदैछ जुन २००८/२००९ मा अनुमानित ३ करोड ३० लाख बालबालिकाहरु सम्म पुग्ने छ ।

*स्रोत: सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन २०११ को बक्स १.१४ हेर्नहोस् ।*

राष्ट्रिय सिकाइ मूल्यांकनहरुले खेल्ने भूमिका पनि छ । उदाहरणका लागि, प्रारम्भिक कक्षाका पढाइ मूल्यांकनहरुले संघर्षरत विद्यार्थीहरू, विद्यालयहरू र क्षेत्रहरूलाई पहिचान गर्न सक्दछन् जसलाई सहयोग चाहिन्छ । सिकाइ मूल्यांकनहरूका नतीजाहरु आमाबुवाहरूलाई जानकारी गराउनाले समुदायहरूलाई शिक्षा प्रदायकहरूलाई जिम्मेवार हुन घचघच्याउन र शिक्षा प्रदायकहरूलाई अन्तर्निहित समस्याहरु बुझ्न मद्दत पुऱ्याउँछन् ।

## सबैका लागि शिक्षामा आर्थिक लगानी: बाधा हटाउनका लागि खोजी

बढी आर्थिक लगानीले शिक्षामा सफलताको प्रत्याभूति गर्न सकिँदैन - तर गम्भीर न्यून लगानीले असफलताको बाटो समात्ने

पक्का छ । डकार कार्य योजनाले निश्चित लक्ष्यहरुलाई आर्थिक प्रतिवद्धताद्वारा सहयोग पुऱ्याउने कुरालाई स्वीकार गरेको थियो । निकासाको अभिलेखमा एक रुपता देखिंदैन । विश्वका कैयौं निर्धनतम देशहरुले शिक्षाको खर्चमा बृद्धि गरेका छन्, यद्यपि केही सरकारहरुले अझै पनि आफ्नो राष्ट्रिय बजेटमा शिक्षालाई ज्यादै न्यून प्राथमिकतामा राख्दछन् । सहयोगको स्तरमा बृद्धि भएपनि दाताहरू सामूहिक रुपमा यो सुनिश्चित गर्न कि 'सबैका लागि शिक्षाप्रति प्रतिबद्ध कुनै पनि देशलाई स्रोतको अभावमा आफ्नो लक्ष्य प्राप्तिमा विफल बनाइने छैन' भन्ने आफ्ना बाचाहरु सम्मान गर्न असफल भएका छन् । सन् २०१५ लाई अगाडि हेर्दा, अब खतरा छ कि विश्वव्यापी आर्थिक संकटबाट परेका प्रभावहरुले सबैका लागि शिक्षाका लागि आवश्यक हुने रकम र वास्तविक रकमका बचनबद्धताहरु बीचको पहिले देखिनै रहेको ठूलो घाटालाई अझ फराकिलो पार्ने छन्।

## *घरेलु लगानीमा बृद्धि भैरहेको छ, तर क्षेत्र क्षेत्र बीच र क्षेत्र भित्रै उल्लेख्य फरक रहेको छ*

निर्धनतम देशहरूमापनि, सरकारहरूबाट घरेलु राजस्व र सार्वजनिक खर्चबाट-अन्तर्राष्ट्रिय सहयोगबाट हैन - शिक्षाको लगानीको आधार बनेको छ । विश्वका धैरै निर्धनतम देशहरुले आफ्नो लगानीमा बृद्धि गरेका छन् । न्यून आम्दानी भएका देशहरुको समूहले सन् १९९९ देखि शिक्षामा गरिने खर्चको राष्टिय आम्दानीको अंशमा २.९% देखि ३.८% सम्म बृद्धि गरेका छन् । विशेषगरी अफ्रिकी उप-महाद्वीपका कैयौं राज्यहरुले ठूलो बृद्धि अंकित गरेका छन्: सन् १९९९ देखि बुरुण्डीले आफ्नो राष्टिय बजेटमा शिक्षामा गरिने अंशमा दुई गुना र संयुक्त गणतन्त्र तान्जानियाले तीन गुना बृद्धि गरेको छ ।

कम सकारात्मक पक्षमा, केही क्षेत्रहरु र देशहरुले शिक्षामा लगानीलाई लगातार बेवास्ता गर्दै आएका छन् । विश्वका क्षेत्रहरु मध्ये मध्य एशिया दक्षिण र पश्चिम एशियाले सबैभन्दा कम लगानी गर्दछन् । साधारणतया, शिक्षामा विनियोजन गरिने कुल ग्राहस्थ्य उत्पादनको अंश राष्टिय आम्दानी संगसंगै बृद्धि हुने गर्दछ, तर प्रवृत्ति अनियमित छ । पाकिस्तानको मोटामोटी रुपमा भियतनाम जत्तिकै प्रति व्यक्ति आय भए पनि यसले आफ्नो कुल गार्हस्थ्य उत्पादनको आधा अंश मात्रै शिक्षामा खर्च गर्दछ; त्यसैगरी फिलिपिन्सले सिरिया अरव गणराज्यको भन्दा आधा मात्रै विनियोजन गर्दछ ।

समग्र लगानीको प्रवृत्ति आर्थिक बृद्धि, राजस्व संकलनको स्तर र शिक्षाका लागि छुट्याइएको राष्ट्रिय बजेटको अंशद्वारा निर्धारित हुन्छ । अधिकाँश विकासशील देशहरुमा सन् १९९९ देखि २००८ सम्म तीब्र आर्थिक बृद्धिले गर्दा शिक्षाको लगानीमा बृद्धि भएको छ । आर्थिक बृद्धिलाई शिक्षाको लगानी बृद्धिमा परिवर्तित गर्ने दर व्यापक सार्वजनिक खर्च गर्ने निर्णयहरुमा भर पर्दछ । तथ्यांक प्राप्त आधाभन्दा बढी देशहरुमा शिक्षाको लगानीमा वास्तविक बृद्धि आर्थिक बृद्धि भन्दा उच्च रहेको छ । उदाहरणका लागि घाना, मोजाम्बीक र संयुक्त गणतन्त्र तान्जानियाले राजस्व संकलनामा सुदृढीकरण तथा शिक्षाका लागि छुट्याइएको बजेटको अंश बृद्धि गरेर आफ्नो शिक्षाको लगानीमा आर्थिक बृद्धि दर भन्दा बढी बृद्धि गरेको छ । अन्य देशहरुले आफ्नो आर्थिक बृद्धिको अपेक्षाकृत सानो अंश शिक्षा लगानीमा लगाएका छन् । फिलिपिन्समा सन् १९९९ देखि २००८ का बीचमा शिक्षामा वास्तविक लगानीमा ०.२% वार्षिक बृद्धि भएको छ जबकि आर्थिक बृद्धि ५% वार्षिक भयो । फलस्वरुप, फिलिपिन्सले



पोर्ट-अ-प्रिन्समा एउटा खुल्ला हावा कक्षा कोठा हाइटीको शिक्षा प्रणाली जुन पहिले देखि द्वन्द्वबाट कमजोर बनाइएको थियो जनवरी सन. २०१० को भूकम्पबाट तहसनहस भएको थियो

पहिले देखिनै शिक्षामा लगानी गरिरहेको न्यून राष्ट्रिय आम्दानीको अंश समयको अन्तरालमा अझ तल झरेको छ । सबैका लागि शिक्षाका लक्ष्यहरु प्राप्त गर्ने सम्भावनाहरुमा राष्ट्रिय स्रोत परिचालन प्रयासहरुको ठूलो हात छ । संयुक्त गणराज्य तान्जानियामा सन् १९९९ देखि लगानीमा बृद्धिले विद्यालय बाहिर रहेको जनसंख्या करिव ३० लाख कम गर्न मद्दत पुऱ्याएको छ । बंगलादेशले गत दशकमा शिक्षामा राम्रो प्रगति हासिल गर्न सफल भएपनि, यसको प्रगतिलाई न्यून स्तरको राजस्व संकलन र शिक्षामा विनियोजन गरिएको राष्ट्रिय बजेटको न्यून अंशले धक्का पुऱ्याएको छ ।

निर्धनतम विकासशील देशहरुका लागि आफ्ना स्रोत परिचालन प्रयासहरुलाई स्थापित गर्ने तथा आधारभूत शिक्षामा बढी जोड दिने दुबै कामका लागि पर्याप्त अवसर छ । सबैका लागि शिक्षा, विश्व व्यापी अनुगमन प्रतिवेदन, २०१० ले अनुमान गरेको थियो कि उनीहरुले घरेलु लगानीको समग्र स्तर करिव खुद राष्ट्रिय उत्पादनको ०.७% पुऱ्याएर आधारभूत शिक्षाका लागि थप ७ अरव अमेरिकन डलर उठाउन सक्दछन् ।

न्यून आम्दानी भएका देशहरुको समूहले सन् १९९९ देखि शिक्षामा गरिने खर्चको राष्ट्रिय आम्दानीको अंशमा २.९% देखि ३.८% सम्म बृद्धि गरेका छन्

## *अन्तर्राष्ट्रिय सहयोगः बाचा गरेभन्दा कम*

केही महत्वपूर्ण उपलब्धिहरु हासिल गर्न मद्दत पुऱ्याउन सन् २००२ देखि आधारभूत शिक्षाका लागि समग्र सहयोग करिव दुई गुना भैसकेको छ । बंगलादेश, कम्बोडिया, इथियोपिया, मोजाम्बिक, रुवान्डा, सेनेगल र संयुक्त गणराज्य तान्जानिया लगायतका देशहरुमा सहयोगले प्रगतिलाई तीव्र पार्ने नीतिहरुलाई सहयोग पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेको छ । सहयोग प्रति निरासावादीहरुले विकास सहायताको मूल्यमा प्रश्न चिन्ह खडा गरेपनि यथार्थमा परिणामहरुले बढी सकारात्मक कथा भन्दछन् । तथापि दाताहरु डकारमा र त्यसपछिका अन्तर्राष्ट्रिय शिखर सम्मेलनहरुमा गरेका बाचाहरु भन्दा ज्यादै पछाडि परेका छन् ।

शिक्षाका लागि गरिने सहयोग समग्र सहयोग स्तर तथा व्यापक सहयोग गर्न वातावरणबाट अवश्य प्रभावित हुन्छ । सन् २००५ मा समूह आठ (Group of Eight) तथा यूरोपियन युनियन (इयू) ले सन् २०१० का लागि गरेका बाचाहरुको रकम ५० अर्व अमेरिकी डलर पुगेको थियो । प्रक्षेपित घाटा अनुमानित २० अर्व अमेरिकी डलर छ जसमध्ये १६ अर्व अमेरिकी डलर अफ्रिकी उप-महाद्वीपका लागि छ ।

अवलम्वन गरिएका अन्तर्राष्ट्रिय निश्चित लक्ष्यहरु र विभिन्न आधार स्तम्भका सम्बन्धमा दाताहरुका विभिन्न रेकर्डहरु छन् । समूह आठ (G8) भित्र इटली, जापान र संयुक्त राज्य अमेरिकाले आफ्नो कुल राष्ट्रिय आम्दानी (GNI) को ज्यादै न्यून स्तरमा सहयोगमा लगानी जारी राखेका छन् । इटलीले सन् २००९ मा आफ्नो लगानीमा एकतिहाई कटौती गऱ्यो, न्यून आधारबाट र न्यूनतम सहयोगस्तर कूल राष्ट्रिय आम्दानीको ०.५% पुऱ्याउने इयूको आफ्ना बाचा त्यागेको देखिन्छ । भविष्यको सहयोगको दिशामा वित्तीय दवावहरुले अनिश्चितता सृजना गरेका छन् । तथापि, फ्रान्स, संयुक्त अधिराज्य तथा संयुक्त राज्य अमेरिका लगायतका कैयौं दाताहरुले सन् २००९ मा आफ्नो सहयोग लगानीमा बृद्धि गरेका छन् ।

शिक्षामा वर्तमान सहयोगका तथ्यांकहरुले सबैका लागि शिक्षा एजेण्डाका लागि चिन्ताजनक दिशाको संकेत गर्दछन् । क्रमशः विस्तार हुँदै आएको पाँच वर्ष पछि आधारभूत शिक्षाका लागि सहयोग सन् २००८ मा ४.७ अर्व अमेरिकी डलरमा पुगेर स्थिर भएको छ (चित्र ७) । सबैका लागि शिक्षाका सबैभन्दा बढी वित्तीय घाटामा रहेको क्षेत्र अफ्रिकी उप-महाद्वीपका लागि निकासा ४% ले झरेको छ जुन प्रति प्राथमिक विद्यालय उमेर को बालकका लागि ६% कम भएको बरावर हुन आउंछ । एक वर्षमा सहयोग रकम स्थिर हुनुले आफैमा एउटा प्रवृत्तिलाई देखाउँदैन । तर आत्मसन्तोष लिने ठाउँ छैन किनभने न्यून आम्दानी भएका देशहरुमा सबैका लागि शिक्षाका लक्ष्यहरु पूर्ति गर्नका लागि बाह्य वित्तीय घाटा १६ अर्व अमेरिकी डलर वार्षिक छ ।

क्रमशः विस्तार हुँदै आएको पाँचवर्ष पछि आधारभूत शिक्षाका लागि सहयोग सन् २००८ मा ४.७ अर्व अमेरिकी डलर पुगेर स्थिर भएको छ

यस परिमाणको वित्तीय घाटाको परिप्रेक्ष्यमा, शिक्षा क्षेत्रमा प्राथमिकताहरुको पुनर्विचार गर्नु पर्ने कुरा स्पष्ट हुन आउँछ । यदि सबै दाताहरुले आफ्नो शिक्षाको सहयोगको कम्तीमा आधा आधारभूत स्तरका लागि खर्च गरेको खण्डमा उनीहरुले थप १.७ अर्व अमेरिकी डलर जुटाउन सक्ने थिए । तथापि, मुख्य दाताहरूले आधारभूत शिक्षा लागि सहयोग र उच्चस्तरमा दिइने सहयोग बीचको सन्तुलनमा पुनर्विचार गरिरहेका छन् भन्ने कुनै प्रमाण भेटिदैन । फ्रान्स, जर्मनी र जापान लगायतका कैयौं प्रमुख 'जी८' दाताहरु, आफ्नो शिक्षाको सहयोगको ७०% भन्दा माथि आधारभूत स्तरभन्दा माथिल्लो स्तरका लागि विनियोजन गर्दछन् । यसका अलावा, सहयोगको नाउँ दिइएको एउटा ठूलो अंश आरोपित खर्चको रुप लिन्छ - वास्तवमा, दाता देशहरुके

**चित्र ७: आधारभूत शिक्षाका लागि सहयोगको निकासा सन् २००८ मा बृद्धि हुन रोकिएको छ ।**

शिक्षामा सहयोग वितरण, सन् २००२-२००८




स्रोत: सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, चित्र २.८ हेर्नुहोस् ।

शिक्षा संस्थाहरुमा स्रोतहरुको स्थानान्तर । फ्रान्स र जर्मनीमा आरोपित खर्च शिक्षाको सहयोगको आधाभन्दा धेरै माथि छ । फ्रान्स र जर्मनीका उच्च शिक्षा पद्धतिहरुका परिणामहरुका फायदाहरु विदेशी विद्यार्थीहरुका लागि जेसुकै भए पनि यसले निर्धनतम देशहरुका शिक्षा पद्धतिहरुमा भएका ठूला आर्थिक घाटाहरु पूर्तिका लागि स्पष्ट रुपमा केही सघाउ पुऱ्याउँदैन ।

सहयोगको परिमाण भन्दा पर हेर्ने हो भने सहयोगको प्रभावकारिताका बारेमा निरन्तर चिन्ता छ । सन् २००७ मा, समग्र सहयोगको आधाभन्दा कम राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन पद्धतिहरु मार्फत पठाइएको थियो; पाँचवटा दाताहरुका शिष्ट मण्डलहरुमध्ये एउटा मात्रै संयोजन गरियो र एक वर्षका लागि छुट्याइएको विकास सहयोगको ४६% मात्रै वास्तवमा त्यस वर्षका दौरानमा वितरण गरियो ।
यी परिणामहरु दाताहरुले सहयोग प्रभावकारिता बारे पेरिस घोषणामा अंगीकार गरेका निश्चित लक्ष्यहरुको स्तरहरु भन्दा ज्यादै पछाडि परेका छन् । शिक्षाका लागि यसका प्रत्यक्ष प्रभावहरू छन् । उदाहरणका लागि, सहयोगको बाचा र सहयोग वितरण बीचका घाटाहरूले कक्षा कोठा निर्माण र शिक्षक नियुक्तिका क्षेत्रहरुका प्रभावकारी योजना निर्माणमा बाधा पुऱ्याउँछन् ।

## वित्तीय संकट – संभावनाहरुको कष्टपूर्ण संयोजन

सबैका लागि शिक्षा प्राप्तिका सम्भावनाहरुमा विश्वव्यापी आर्थिक संकटको प्रभावलाई दाताहरु, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरु तथा अन्य निकायहरुले बरावर अपहेलना गर्दै आएका छन् । बढ्दो गरिवी र संकटग्रस्त अवस्था तथा उच्च राजस्व सम्बन्धि दवावका कारण खुम्चिएका राष्ट्रिय वित्तीय प्रयासहरुका सन्दर्भमा जे प्राप्त भैसकेको छ त्यसको जगेर्ना गर्न र तीव्र प्रगति गर्नका लागि आधारशिला ठीक ठाउँमा राख्न सहयोग निर्णायक हुन्छ ।

*सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन,* २०१० ले सरकारहरु र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुलाई सबैका लागि शिक्षाको वित्तीय व्यवस्थामा संकट-सम्बन्धित बजेट समायोजनाका प्रभावहरुको मूल्यांकन गर्न अनुरोध गरेको थियो । यसले यस प्रकारका समायोजनहरुको डकारमा तय गरेका निश्चित लक्ष्यहरुका लागि के अर्थ राख्दछ भन्ने वास्तविक समसामयिक सूचनाको कमजोर अवस्थाको एक झलक पनि प्रस्तुत गरेको थियो । त्यो तस्वीरमा परिवर्तन आएको छैन । अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) ले देखाएको छ कि यसले सहयोग प्रदान गर्ने अधिकाँश विकासशील देशहरुले प्राथमिकतामा परेका आधारभूत सेवा बजेटहरुमा कटौती गरेका छैनन् । यो उत्साहजनक हुन सक्ने भए पनि, यसले यस प्रश्नलाई सम्बोधन गर्दैन कि 'के योजना गरिएको खर्च संकटपूर्वका योजनाहरु अथवा सबैका लागि शिक्षाको वित्तीय आवश्यकतासंग मेल खान्छन्' ? यसका अलावा, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिवेदन प्रणालीहरुले बजेट समायोजनको सही मूल्यांकनमा बाधा पुऱ्याउँदै आएका छन् ।

आर्थिक संकट बैंकहरुका प्रणालीहरु र धनी देशहरुका नियामक असफलताहरुका कारणले उत्पन्न भएतापनि विश्वका लाखौं निर्धनतम मानिसहरु यसका पछिल्ला प्रभावहरुसंग सामञ्जस्य गर्न संघर्षरत छन् । अपेक्षाकृत मन्द आर्थिक बृद्धि, बढ्दो खाद्य मूल्य बृद्धिसंग जोडिन् पुग्दा सन् २००९ मा संकटपूर्वको प्रवृत्तिको दाँजोमा थप ६ करोड ४० लाख मानिसहरु चरम

गरीवीमा धकेलिएका छन् र ४ करोड १० लाख बढी मानिसहरू कुपोषणका शिकार भएका छन् । शिक्षाका सम्भावनाहरुलाई घाटा हुने अवश्यम्भावी छ । अहिले नै घरपरिवारको बजेटमा दवाव परिरहेका प्रमाणहरु छन् जसले गर्दा बालबालिकाहरुलाई विद्यालयहरुबाट निकाल्नु परेको छ । र बढ्दो बाल-कुपोषणले विद्यालय हाजिरी र सिकाइ प्रतिफलमा असर पर्न जानेछ ।

वित्तीय दवावहरुले सबैका लागि शिक्षाका लक्ष्यहरु तर्फको प्रगतिमा आर्को त्रास खडा गरेका छन् । संयुक्त राष्ट्र संस्थाहरु, विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषले सबैका लागि शिक्षाका लक्ष्यहरुका लागि वित्तीय समायोजनका प्रभावहरुको मूल्यांकन गर्न नसक्नु चिन्ताको स्रोत रहेको छ । क्रमबद्ध बजेट अनुगमनको अभाव समस्याको आर्को अंश हो । पहिलेको प्रतिवेदनका लागि गरिएको अनुसन्धानका आधारमा सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ ले सूचनाको खाडल पूर्ति गर्ने प्रयास गरेको छ । अठारवटा न्यून आम्दानी भएका देशहरु तथा दशवटा मध्यम आम्दानी भएका देशहरुलाई ओगट्ने एउटा सर्वेक्षणका आधारमा यस प्रतिवेदनले सन् २००९ को वास्तविक खर्च र सन् २०१० का लागि अनुमानित खर्चको छानविन गरेको छ (चित्र ८) । परिणामहरु मध्ये केही निम्न लिखित छन् :

- चाड, धाना, नाइजर र सेनेगलले सन् २००९ मा शिक्षाको खर्चमा कटौती गरेका छन् । कटौतीको प्रतिवेदन दिने यी देशहरुमा ३७ लाख बालबालिकाहरु विद्यालय बाहिर रहेका छन् ।
- यी निम्न आम्दानी भएका ७ वटा देशहरु मध्ये पाँचवटामा सन् २०१० का लागि योजना गरिएको खर्च सन् २००८ को शिक्षाको बजेट भन्दा कम हुनेछ ।
- सातवटा निम्न मध्यम आम्दानी भएका देशहरुले सन् २००९ मा खर्च कायम राखेको अथवा बृद्धि गरेको भए पनि छ वटाले सन् २०१० मा शिक्षाको बजेटमा कटौती गर्ने योजना गरे ।
- सन् २०१५ तर्फ अगाडि हेर्दा, निम्न आम्दानी भएका देशहरुका लागि योजना गरिएको आर्थिक समायोजनले सबैका लागि शिक्षाको आर्थिक घाटा कम फराकिलो पार्ने डर छ । अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपणले निम्न आम्दानी भएका देशहरुका लागि समग्र सार्वजनिक खर्च सन् २०१५ सम्म वार्षिक औषत ६% ले बढ्ने संकेत गरेको छ, जवकि सबैका लागि विश्वव्यापी प्राथमिक शिक्षा प्राप्त गर्न वार्षिक औषत बृद्धि करीव १२% आवश्यक छ ।

## आर्थिक लगानीका लागि पाँचवटा सिफारिसहरु:

राष्ट्रिय सरकारहरु र सहयोग दाताहरुका लागि आर्थिक लगानी वातावरण आउंदा पाँच वर्षसम्म विगतको दशकभन्दा अझ बढी कठिन हुने सम्भावना छ । सन् २००० मा गरिएका निश्चित लक्ष्यहरुतर्फ एउटा ठूलो कदम चाल्न निर्णयात्मक कामकारवाहीको आवश्यकता छ । यस प्रतिवेदनले पाँचवटा मोटामोटी प्रयासहरुको सिफारिश गरेको छ ।

- *आर्थिक संकटको सन्दर्भमा आर्थिक लगानीका आवश्यकताहरुको पुनर्मूल्याकन गर्ने ।* सबैका लागि शिक्षाका निश्चित लक्ष्यहरुको योजना निर्माण विस्तृत राष्ट्रिय अनुमानहरुमा आधारित हुनु पर्दछ । अन्तर्राष्ट्रिय मुद्राकोष र विश्वबैंकले सरकारका र संयुक्त राष्ट्रका संस्थाहरुसंग काम गर्दै विद्यमान आर्थिक लगानीका योजनाहरु र सबैका लागि शिक्षा र सहस्राब्दी विकास लक्ष्यका लागि आवश्यक आर्थिक लगानी बीचका कमीकमजोरीहरुको मूल्यांकन गर्नु पर्दछ । उनीहरुले यी आर्थिक लगानीका आवश्यकताहरु तथा आर्थिक समायोजन कार्यक्रमहरु बीचका संलग्नताको पनि गम्भीर मूल्यांकन गर्नु पर्दछ ।
- *सन् २००५ मा गरेका बाचाहरु पूरा गर्ने ।* दाता सरकारहरुले सन् २००५ मा गरेका बाचाहरु पूर्ति गर्न र

कटौतीको प्रतिवेदन दिने देशहरुमा ३७ लाख बालबालिकाहरु विद्यालय बाहिर रहेका छन्

**चित्र ८: आर्थिक संकटको शिक्षाको खर्चमा प्रभाव**
छानिएका निम्न र निम्न मध्यम आम्दानी भएका देशहरुमा वास्तविक शिक्षा लगानी सूचकाँक, २००८-२०१०




स्रोत: सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को चित्र २.१२ हेर्नुहोस् ।

शिक्षाका लागि अन्तर्राष्ट्रिय आर्थिक सुविधा (IFFE) ले सन् २०११ र २०१५ का बीच करिव ३ अरव देखि ४ अरव अमेरिकन डलर वार्षिक उठाउनु पर्दछ

सन् २०१५ सम्मको अवधिका लागि नयाँ बाचाहरु गर्न अविलम्व कामकारवाही गर्नु पर्दछ। सन् २०११ को पहिलो आधामा सबै दाताहरुले अफ्रिकी उप-महाद्वीपको १६ अरव अमेरिकन डलरको निकाशा घाटा समेत कसरी पूर्ति गर्ने लक्ष्य लिइएको छ भन्ने कुरा खुलाएर वर्षै पिच्छेको कार्यतालिका पेश गर्नु पर्दछ।

- *आधारभूत शिक्षालाई उच्च प्राथमिकतामा राख्ने।* दाताहरुले बरावर विकासशील देशहरुका सरकारले सार्वजनिक खर्चका प्राथमिकताहरुलाई उनीहरुका सबैका लागि शिक्षाका प्रतिवद्धताहरुसंग पंक्तिबद्ध गर्नुको महत्व बारे जोड दिंदै आएका छन्। उनीहरुले त्यही सिद्धान्तलाई पालना गर्नु पर्ने आवश्यकता छ। यदि सबै दाताहरुले उनीहरुको शिक्षाको सहयोगको आधा आधारभूत तहका लागि खर्च गरेमा (विद्यमान औषत ४१% छ) उनीहरुले वार्षिक थप १.७ अरव अमेरिकी डलर जुटाउन सक्दछन्।
- *एउटा नयाँ विश्वव्यापी लगानी-पहल शिक्षाका लागि अन्तर्राष्ट्रिय आर्थिक सुविधा (International Finance Facility for Education - IFFE) को थालनी गर्ने।* सबैका लागि शिक्षाको साझेदारीले यो स्वीकार गर्नु आवश्यक छ कि सन् २००५ का बाचाहरु पूरा गरी दाताहरुले आधार भूत शिक्षालाई बढी प्राथमिकता दिएकोभए पनि प्रयासहरुले अझै ज्यादै थोरै र ज्यादै ढीलो उपलब्धि हासिल गर्ने छन्। प्रतिरक्षीकरणका लागि अन्तर्राष्ट्रिय लगानी सुविधा अन्तर्गत दाता सरकारहरुले ऋण पत्रहरु बेचेर, राजस्वको खर्च जीवन बचाउने प्रमुख कार्यहरुमा गरेर, तथा व्याजको पुनः भुक्तानी बढी अवधिमा गरेर स्रोतहरु जुटाएका छन्। यही नमूनालाई शिक्षामा विस्तार गर्ने कुरा सजिलो छ र दवावमूलक छ :

बालबालिकाहरू खोपका लागि पर्खेर बस्न सक्दैनन्, र उनीहरूले शिक्षाका लागि पर्खेर बस्न सक्दैनन्। शिक्षाका लागि अन्तर्राष्ट्रिय आर्थिक सुविधाका ऋण पत्रहरु वितरण गरेर दाता सरकारहरूले सन् २०११ र २०१५ का बीच करिव ३ अर्व देखि ४ अर्व अमेरिकी डलर वार्षिक उठाउनु पर्दछ। यसमध्ये राजस्वको केही अंश सुधारिएको द्रुत पथ प्रयास (Fast Track Initiative) मार्फत प्रवाहित गर्नु पर्दछ।

- *नवीनतायुक्त लगानी उपायहरु परिचालन गर्ने।* सबैका लागि शिक्षाका अधिवक्ताहरुले वित्तीय संस्थाहरुबाट लेभी उठाउनका लागि रोवनहूड कर (Robin Hood Tax) अभियानले प्रस्ताव गरे लगायतका मुद्दालाई विश्वव्यापी बनाउन बृहत् क्षेत्रहरूसंग काम गर्नु पर्दछ र उनीहरुले यो सुनिश्चित गर्नु पर्दछ कि सहस्राव्दी विकास लक्ष्यका लागि आर्थिक लगानी गर्ने बृहत् रणनीतिहरुको अंगका रुपमा शिक्षालाई राजस्व विनियोजन योजनामा सामेल गराउनु पर्दछ। आर्थिक घाटाको स्तरलाई विचार गर्दा शिक्षामा जोड दिने अन्य नवीनतायुक्त लगानी प्रस्तावहरुको आवश्यकता देखिन्छ। सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ ले 'इयू' भरी लागू गरिएको मो वाइल फोन वितरणमा राजस्वमा ०.५% करको मुद्दालाई अगाडि सारेको छ। यस प्रकारको लेभीबाट अनुमानित ८९ करोड ४० लाख अमेरिकी डलर वार्षिक जुटाउन सकिन्छ। □


बालिकाहरु काबुलमा एउटा जीर्ण घरभित्र खेल्दै छन् जुन १०५ वटा शरणार्थी परिवारहरुको आश्रय हो।



# खण्ड २: अदृश्य संकट सशस्त्र द्वन्द्व र शिक्षा

संयुक्त राष्ट्रको जन्म विशेष गरी 'युद्धको विभीषिका' अन्त गर्न भएको थियो । नयाँ व्यवस्थाका शिल्पकारहरुका लागि उद्देश्य थियो, त्यस पुनरागमनलाई रोक्नु जसलाई मानव अधिकार विश्व घोषणा पत्र (Universal Declaraiton of Human Right) ले 'मानव अधिकारहरुको उल्लंघन र अवज्ञा' र 'एउटा जघन्य अपराध जसले मानवजातिको अन्तरात्मा मा अत्याचार गरेको छ' भनी बयान गरेको छ । पैसठ्ठी वर्ष भयो, युद्धको विभीषिका यथावत छ । यसका सबैभन्दा भयंकर दवावहरु विश्वका निर्धनतम देशहरुमा विद्यमान छन् । र यसले शिक्षाका अवसरहरुलाई बृहत् स्तरमा विध्वंश पारिरहेको छ ।

शिक्षामा सशस्त्र द्वन्द्वको प्रभावलाई व्यापक रुपमा अपहेलना गरिएको छ । यो अदृश्य संकट हो जसले गरीवीलाई बल पुऱ्याई रहेको छ । आर्थिक बृद्धिलाई हानि पुऱ्याइरहेको छ र राष्ट्रहरुको प्रगतिलाई पछि धकेलिरहेको छ । संकटका केन्द्र विन्दुमा छन् सर्वत्र फैलिएका र नियोजित मानव अधिकार उल्लंघनका घटनाहरू जसलाई 'जघन्य अपराध' भन्न करै लाग्छ । अन्तर्राष्ट्रिय 'एजेन्डा' मा यसभन्दा अर्को मुद्दाले बढी ध्यान आकृष्ट गर्न सक्दैन । तथापि, मानवजातिको अन्तरात्माको अपमान गर्नुको सट्टा प्रभावकारी प्रत्युत्तरका लागि जागृत गर्नु भन्दा बढी शिक्षामा युद्धका विध्वंशकारी प्रभावहरुको अधिकाँश कुनै चर्चा हुँदैन । र अन्तर्राष्ट्रिय समुदायले पीडितहरु तर्फ पीठ फर्काइरहेका छन् ।

सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ ले शिक्षामा रहेको यस अदृश्य संकटमा प्रकाश पारेको छ । यसले संकटको परिमाणलाई चित्रण गरेको छ, यसका अन्तर्निहित कारणहरु पछ्याएको छ र परिवर्तनका लागि एजेण्डा पेश गरेको छ । एउटा प्रमुख संदेश यो छ कि 'सधैजसो काम कारवाही' का उपायहरुले सबैका लागि शिक्षाका लक्ष्यहरु अथवा बृहत् सहस्त्राव्दी विकास लक्ष्यहरु प्राप्त गर्ने सम्भावनाहरुमा हानि पुऱ्याउँछन् (कृपया, विशेष लेख-धेरै भो धेरै हेर्नुहोस्) ।

सशस्त्र द्वन्द्व र शिक्षा बीचका सबै सम्बन्धहरु एउटै दिशामा काम गर्दैनन् । शिक्षा प्रणालीहरूमा शान्ति, पुन:मैत्री स्थापना, र द्वन्द्वको रोकथामका लागि सशक्त दबावको रुपमा काम गर्ने क्षमता भए पनि धेरैजसो उनीहरुले हिंसाको आगोमा घिउ थप्दछन् । यही कुरा संयुक्त राष्ट्रका शिल्पकारहरुले बुझेका थिए । उनीहरुले देखेकि दोस्रो विश्व युद्ध, र यसका तुरन्तका कारणहरू जे भए पनि विशेष गरी आपसी समझदारीको असफलताद्वारा नै सम्भव भएको थियो । युनेस्कोले ती असफलताहरुलाई सम्बोधन गर्न यसको स्रोतलाई पछ्याएको छ । यसको सन् १९४५ को संविधानले स्वीकृत गरेको छ कि, इतिहास भरी एक अर्काको तौरतरिकाहरू तथा जीवनीहरूको अज्ञानताले मानिसहरूलाई हिंसातर्फ उन्मुख गराउँछ र स्थायी शान्ति शिक्षामा मात्रै आधारित हुन सक्दछ । किनभने युद्धहरु मानिसहरुका दिमागमा उब्जिन्छन्, मानिसहरुका दिमागमानै शान्तिका लागि प्रतिरक्षा पनि निर्माण गरिनु पर्दछ । तर धेरैजसो शिक्षा व्यवस्थाहरु आपसी सद्भाव, शहनशीलता र समालोचनात्मक सोचाई प्रवर्द्धन गर्न प्रयोग गरिएका हुँदैनन् बरु यिनीहरु अनादर, असहिष्णुता र दुर्भावनालाई बल पुऱ्याउँछन् जसले समाजहरूलाई

**विशेष लेख - धेरै भो धेरै**

करिव सत्तरी वर्ष वितिसके जव राजनीतिक नेताहरुको एउटा पीढी भयंकर द्वन्द्वको बेला जम्मा भएका थिए र दुईटा शव्दको एउटा सरल बाचा गरेका थिए 'कहिल्यै होइन' । विद्रोहहरु, युद्धहरू तथा मानव अधिकार उल्लंघनहरु जसले धेरै जिन्दगीको मूल्य चुकाएका थिए र ठूलो क्षमता खेर फालेका थिए, त्यस दिशातर्फ फर्कनलाई रोक्न संयुक्त राष्ट्रको जन्म भएको थियो । तथापि मानवजातिको मूल्य र बरवादी जारी छ - र अव हामीले यसलाई रोक्नु पर्दछ ।

युनेस्कोको प्रतिवेदन धेरै पछि आएको छ । यसले स्पष्ट रुपमा विद्यालय बालबालिकाहरु लगायतका विश्वका सबैभन्दा कमजोर र संकटग्रस्त मानिसहरु विरुद्ध हिंसाका भयंकर अत्याचारहरुको बयान गरेको छ - र यसले धनी र गरिव सबै देशका नेताहरुलाई निर्णयात्मक कदम उठाउन चुनौती दिएको छ ।

इच्छाशक्तिको एउटा सरल उक्तिका लागि : 'धेरै भो धेरै' । एउटै नैतिकवान मानव समुदायका सदस्यहरुका हिसावले हामीहरु मध्ये कसैको पनि मानव अधिकारहरूको उल्लंघनलाई सहन गर्ने इच्छा हुनुहुँदैन, बालबालिकाहरुमाथि आक्रमण र विद्यालयहरूको विनास जुन हामीले थुप्रै सशस्त्र द्वन्द्वमा देख्दछौं । यी क्रियाकलापहरूलाई हुन दिने दण्डहीनताको संस्कृति मुनि हामीले एउटा 'लाइन' तानौं र हामीले हाम्रा बालबालिकाहरु र उनीहरुको शिक्षा प्रतिको अधिकार सुरक्षित गर्न प्रारम्भ गरौं । म सबै राजनीतिक नेताहरूलाई, देशहरूलाई र हिंसक द्वन्द्वमा संलग्न सबै सशस्त्र समूहहरूलाई आग्रह गर्दछु कि उनीहरु अन्तर्राष्ट्रिय मानवहितवादी कानूनभन्दा माथि छैनन् ।

म धनी विश्वका नेताहरुलाई यो पनि आग्रह गर्दछु कि उनीहरुले पहिलो पंक्तिमा भएकाहरूलाई बढी प्रभावकारी सहयोग प्रदान गरुन् । मेरो विश्वभरीको भ्रमणका दौरानमा म आमाबुवाहरू र बालबालिकाहरुले शिक्षाको खोजीमा प्रदर्शन गरेका असाधारण प्रयासहरु, त्याग र दृढ इच्छाशक्तिबाट अक्सर भाव विव्हल भएको छु । जव गाउँहरुमा आक्रमण हुन्छ र मानिसहरु विस्थापित हुन्छन्, शून्यबाट तत्काल विद्यालयहरू खडा हुन्छन् । एउटा विद्यालय नास होस्, आमाबुवाहरू र बालबालिकाहरू शिक्षाको ढोका खुला राख्न आफूले सकेजति हरेक काम गर्दछन् । दाताहरुले त्यही दृढ इच्छा शक्ति र प्रतिबद्धता देखाउन सकून भन्ने म इच्छा राख्दछु ।

धेरैजसो, द्वन्द्वबाट पीडित देशहरुका मानिसहरुले शिक्षाका लागि थोरै सहयोग प्राप्त गर्दछन् । र अक्सर उनीहरुले गलत किसिमको सहयोग प्राप्त गर्दछन् । जस्तो कि यस प्रतिवेदनले देखाउँछ, विकास सहायता 'ज्यादै थोरै र ढिलो' रोगले पीडित हुन्छ । यसको एउटा परिणाम यो हुन्छ कि शिक्षा व्यवस्थालाई पुनर्निमाण गर्ने अवसरहरु गुम्दछन् ।

**आर्कविशप डेसमोन्ड टुटु**
**नोबल पुरस्कार विजेता, १९८४**

हिंसाको दिशामा धकेल्दछ। यस प्रतिवेदनले यी समस्याहरूलाई सम्बोधन गर्ने र शान्तिका लागि ताकतका रुपमा शिक्षाको पूर्ण क्षमता खुलाउने रणनीतिहरूलाई पहिचान गरेको छ।

प्रत्येक सशस्त्र द्वन्द्व फरक हुन्छ - र शिक्षाका लागि यसका फरक परिणामहरू हुन्छन्। तथापि, यिनीहरू फेरि फेरि उब्जिने विषयहरू हुन्छन्। यस प्रतिवेदनले अन्तर्राष्ट्रिय सहयोगका चार वटा प्रणालीगत असफलताहरू पहिल्याएको छ जुन 'अदृश्य संकट' का केन्द्र विन्दुमा छन्।

द्वन्द्वबाट पीडित देशहरुमा प्राथमिक विद्यालय उमेरका भण्डै २ करोड ८० लाख बालबालिकाहरु विद्यालय बाहिर रहेका छन्

- *सुरक्षाका असफलताहरू।* राष्ट्रिय सरकारहरू र अन्तर्राष्ट्रिय समुदायले नैतिक जिम्मेवारी तथा कानूनी दायित्व निर्वाह गरी राखेका छैनन्। मानव अधिकारहरुको घोर उल्लंघन वरिपरि दण्डहीनताको संस्कृति मौलाई रहेको छ जुन शिक्षाका लागि प्रमुख बाधाको रुपमा रहेको छ। बालबालिकाहरु, शिक्षकहरु र विद्यालयहरुमा आक्रमण र युद्धका हतियारका रुपमा व्यापक र क्रमबद्ध बलात्कार तथा लैङ्गिक हिंसाका अन्य रुपहरुको सहारा लिनु यस किसिमका उल्लंघनहरुका ज्वलन्त उदाहरणहरु हुन्।
- *व्यवस्थाका असफलताहरू।* सशस्त्र द्वन्द्वले प्रभावित आमाबुवाहरू र बालबालिकाहरूले संकटको घडीमा शिक्षाको पहुँचलाई कायम राख्ने प्रयासमा असाधारण दृढ इच्छा शक्ति प्रदर्शन गरेका छन्। उनीहरुका प्रयासहरु सित अन्तर्राष्ट्रिय समुदायको प्रयासले मेलखाएको देखिदैन। शिक्षा सबैभन्दा कम लगानी गरिएको र चासो नदेखाइएको मानवहितवादी सहयोग प्रणालीको बढी अपहेलित क्षेत्र रहँदै आएको छ।
- *चाँडै क्षतिपूर्ति दिने र पुनर्निर्माण गर्ने सम्बन्धी असफलताहरू।* शान्ति स्थापनाले द्वन्द्व पश्चात्का सरकारहरुलाई र अन्तर्राष्ट्रिय समुदायलाई क्षतिपूर्ति दिने र पुनर्निर्माण गर्ने रणनीतिहरुलाई दुरुस्त राख्न अवसरको ढोका खोल्दछ। धेरै जसो, उनीहरु समयमै कदम चाल्दैनन्। समस्याको एउटा जड यो रहन्छ कि द्वन्द्व पश्चातका देशहरूलाई मानवहितवादी सहयोग र दीर्घकालीन विकास सहायताका बीच अस्पष्ट रुपमा छोडिन्छ। जब यो द्वन्द्वबाट पीडित राज्यहरुमा पुग्दछ, अन्तर्राष्ट्रिय सहयोग संरचना भत्किन्छ।
- *शान्ति स्थापनाका असफलताहरू।* शान्ति स्थापनामा शिक्षाले प्रमुख भूमिका खेल्न सक्दछ। सायद अन्य कुनै क्षेत्रहरुभन्दा बढी शिक्षाले स्पष्ट रुपमा देख्न सकिने प्रारम्भिक शान्तिका लाभाँशहरु दिन सक्दछ जसमा शान्ति सम्झौताहरुको अतिजीवन भर पर्दछ। यसका अलावा जब शिक्षा पद्धतिहरु समाहित हुन्छन् र आपसी समझदारी, सहिष्णुता र सद्भाव पैदा गर्ने दृष्टिकोण विकास गर्ने दिशामा मोडिन्छन्, उनीहरुले समाजहरुलाई हिंसक द्वन्द्वतर्फ कम उन्मुख गराउँछन्।



सन् २००९ मा गाजामा उनीहरुको विद्यालय इजरायली आक्रमणबाट भष्म भएपछि बालबालिकाहरुले एउटा पालको कक्षा कोठाबाट बाहिर चियाइरहेका छन्।

यिनीहरुमध्ये प्रत्येक असफलता संस्थाको कार्य प्रणालीमा गहिरो गरी जरा गाडेका हुन्छन्। तथापि, प्रत्येकको व्यावहारिक र वेहोर्न सक्ने उपायहरु छन् जुन यस प्रतिवेदनमा सुझाइएका छन्। परिवर्तनका लागि प्रमुख घटकहरूमा बलियो राजनीतिक नेतृत्व, सुदृढ अन्तर्राष्ट्रिय सहयोग र एक्काइसौ शताब्दिको प्रारम्भको सबै भन्दा ठूलो विकासको चुनौतिका लागि बहुपक्षीय सक्रियताको निर्माण पर्दछन्।

## सशस्त्र द्वन्द्व सबैका लागि शिक्षाका लक्ष्य प्राप्तिमा प्रमुख बाधा रहेको छ

जब सरकारहरुले डकार कार्य योजना २००० अंगीकार गरे उनीहरुले 'सबैका लागि शिक्षाका लक्ष्यहरु प्राप्तिका लागि सशस्त्र द्वन्द्वलाई प्रमुख बाधा' को रुपमा पहिचान गरे। यस प्रतिवेदनमा प्रस्तुत गरिएका प्रमाणहरुले बताउँछन् कि बाधाको अग्लाइको न्यून अनुमान गरिएको थियो र यसलाई हटाउनका लागि आवश्यक रणनीतिहरुमा अपर्याप्त ध्यान दिइएको छ (विशेष लेख, *'सुरक्षा र विकासका लागि शिक्षा'* हेर्नुहोस्)। द्वन्द्वबाट पीडित विकासशील देशहरु सबैका लागि शिक्षाका लक्ष्य प्राप्तिमा तल्लो तहमा थुप्रिएका छन् (चित्र ९)।

- बाल मृत्युदर अन्य विकासशील देशहरुको तुलनामा दुई गुनासम्म छ। यसले कुपोषणको उच्च स्तर र अन्य गाँसिएका स्वास्थ्यका खतराहरू प्रतिविम्वित गर्दछ।
- द्वन्द्वबाट पीडित देशहरुमा प्राथमिक विद्यालय उमेरका भण्डै २ करोड ८० लाख बालबालिकाहरु विद्यालय बाहिर रहेका छन्। विश्वको प्राथमिक विद्यालय उमेरको जनसंख्याको १८% ओगट्ने यी देशहरूमा विश्वका ४२% विद्यालय बाहिर रहेका बालबालिकाहरू छन्। अपेक्षाकृत गरिव विकासशील देशहरुको समूह भित्र उनीहरुमा करिव एक चौथाई प्राथमिक विद्यालय उमेरका जनसंख्या रहेको छ तर भण्डै आधा विद्यालय बाहिर रहेका जनसंख्या ओगट्दछन्।
- माध्यमिक विद्यालयमा भर्नादर अन्य विकासशील देशहरूको तुलनामा द्वन्द्वबाट पीडित देशहरुमा एक तिहाई कम छ र बालिकाहरुका लागि अझ धेरै कम छ।
- द्वन्द्वबाट पीडित देशहरूका लागि युवा साक्षरता दर अन्य विकासशील देशहरुको ९३% को दाँजोमा ७९% छ।

हिंसक द्वन्द्वले देश भित्रका सम्पत्ति र लैङ्गिकतासंग जोडिएका असमानताहरुलाई झन् विगार्दछ भन्ने प्रमाणहरु भेटिन्छन्। द्वन्द्वबाट प्रभावित क्षेत्रहरु देशका अन्य भूभागभन्दा अक्सर धेरै पछि पर्दछन्। फिलिपिन्समा मुस्लिम मिन्डानाओको स्वायत्त क्षेत्रमा दुई वर्षको भन्दा कम शिक्षा भएका जवान मानिसहरुको हिस्सा राष्ट्रिय औषतभन्दा चार गुनाभन्दा बढी छ।

सशस्त्र द्वन्द्वसंग जोडिएका अधिकाश घातक घटनाहरु रोगहरु

**विशेष लेख** - सुरक्षा र विकासका लागि शिक्षा

जब हामी युद्धको बारेमा सोच्दछौं हामी सिपाहीहरूको बारेमा सोच्दछौं, तर हिंसा र मृत्युको सामना गर्ने उनीहरु मात्रै हुँदैनन् । दुर्भाग्यवस, बालबालिकाहरू र विद्यालयहरू पनि अक्सर अग्रपंक्तिमा रहन्छन् । यसमा आश्चर्य छैन कि विद्यालय बाहिर रहेका बालबालिकाहरू मध्ये आधा द्वन्द्वबाट प्रभावित राज्यहरूमा बसोवास गर्दछन् ।

द्वन्द्व बाहिरबाट जति भयानक छ उत्तिकै हानि पुऱ्याउँछ । यसले आजका जीवन बृत्तिहरूलाई नै सखाफ पार्दैन यसले बालबालिकाहरूलाई शिक्षाबाट बंचित गरी भोलीका जीवनबृत्तिहरू पनि सखाप पार्दछ । एकपटक विद्यालयमा फर्के पनि बाल्यावस्थाका भयंकर आघातहरूले उनीहरुको सिक्ने र विश्वको सामना गर्ने योग्यतामा प्रभाव पार्दछन् । यी असरहरू पीढी दर पीढी प्रवाहित हुन सक्दछन् ।

सर्वनासका लहरहरुले विकासलाई ठप्प पार्दछन् र अक्सर पछि धकेल्दछन् । द्वन्द्वका कारण विद्यालय बालबालिकाहरु, बाहिर रहनाले सबैका लागि शिक्षा र सहस्राव्दी विकास लक्ष्यका अन्य निश्चित उद्देश्यहरु प्राप्ति गर्न झण्डै असम्भव हुन्छ जबकि उग्रसुधार बाद र हिंसा आशातीत बढेर जान्छ । यही कारणले हामीले हाम्रा प्रयासहरुलाई यी बालबालिकाहरुलाई शिक्षा प्रदान गर्नमा केन्द्रित गर्नु पर्दछ । यसले द्वन्द्व प्रारम्भ हुनु अघि नै यसलाई रोक्ने मात्रै होइन, द्वन्द्व समाप्त भए पछि देशको पुनर्निर्माण पनि गर्दछ । पुनर्निमाणः भौतिक संरचनाको, सुशासनको र अझ महत्वपूर्ण रुपमा दिमागहरुको । शान्ति स्थापनाको मुखमा विद्रोहीहरु बालबालिकाहरु र प्रौढ सबैका लागि पुनः शिक्षाका कुरा संवेदनशील हुन्छन् जसका बन्दूकका नालभन्दा बाहिर कुनै सम्भावनाहरु र सीपहरु हुँदैनन् ।

यो विशेषगरी मध्यपूर्वमा सत्य सावित हुन्छ जहाँ हिंसाले धेरै बालबालिकाहरुको जीवनलाई परिभाषित गर्दछ । पैलेस्टाइनमा, १ लाख १० हजारभन्दा बढी बालबालिकाहरु विद्यालय बाहिर छन् १० वर्ष पहिलेको भन्दा ४ हजार बढी । कब्जा गरेको ठाउँको छायामा हुर्किदै जाँदा द्वन्द्वको डरले पैलेस्टीनी बालबालिकाहरुका लागि विद्यालय जानु एकमात्र ठूलो चाहना रहेको हुन्छ । बम र बन्दुकका बाबजूद, उनीहरुलाई थाहा छ, सामान्य जीवनयापनका लागि यो उनको आशा मात्र हो ।

इराकमा, गरिवी र असुरक्षाले ५ लाख भन्दा बढी बालबालिकाहरु प्राथमिक विद्यालय जाने उनीहरुको अधिकारबाट बंचित हुन्छन्; उनीहरुका दैनिक पाठहरु भोक र शोक हुन्छन्; आखिरमा डर र घृणाको उपाधि प्राप्त गर्दछन् । यदि क्षेत्रीय र विश्वव्यापी असुरक्षा अन्तर्राष्ट्रिय प्राथमिकताहरु हुन् भने हामीले द्वन्द्वबाट ल्याइएका भोक, सामाजिक बहिष्करण र अवसरको कमीलाई सम्बोधन गर्नु पर्दछ ।

यसको अर्थ द्वन्द्व पीडित क्षेत्रहरुमा शिक्षा ल्याउनु हो किनभने यसले उग्रवादीहरुलाई कमजोर तुल्याउँछ र जीर्ण राज्यहरुलाई बल प्रदान गर्दछ । तर यस भन्दा पनि बढी, यसले लाखौं बालबालिकाहरुलाई भरोसा प्रदान गर्दछ जसले कहिले पनि शान्ति देखेका छैनन् । यसले ती देशहरुलाई अवसरहरु लिएर आउँछ जुन बृद्धि र सम्पन्नताका लागि मरिमेट्न तयार छन् ।

संक्षेपमा शिक्षा सबै मानव जातिका लागि सुरक्षा र विकास ल्याउने हाम्रो सबैभन्दा ठूलो गुण हो, हाम्रो सबैभन्दा राम्रो मौका हो, र हाम्रो ठूलो हतियार हो ।

**जोर्डनकी महामहिम महारानी रैना अल अब्दुल्लाह**

र कुपोषणको परिणाम स्वरुप युद्ध क्षेत्रभन्दा टाढा घट्दछन् । यी जुडुवा हत्याराहरुले प्रजातान्त्रिक विश्वको सबैभन्दा भयानक द्वन्द्व बेहोरेको गणतन्त्र कंगोमा युद्धका दौरानमा ज्यान गुमाएका ५४ लाख मध्ये अधिकाँशको ज्यान लिएको छ । झण्डै आधाजति पीडितहरु पाँच वर्ष मुनिका बालबालिकाहरु थिए । यी आँकडाहरुमा अन्तर्निहित बीमारी र भोकले गर्दा शिक्षाका लागि घातक परिणामहरु निस्किएका छन् ।

### *बालबालिकाहरु, सर्वसाधारणहरु र विद्यालयहरु अग्रपंक्तिमा छन्*

अहिलेका सशस्त्र द्वन्द्वहरु सीमापारी भन्दा अधिकाँश देश भित्रै लडिन्छन् र धेरैमा लम्बिएको हिंसा संलग्न हुन्छ । सबैका लागि शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदनले सन् १९९९ र २००८ का बीच पैतीसवटा देशहरुमा अड्चालीसवटा सशस्त्र द्वन्द्वका घटनाहरु पहिचान गरेको छ । यसमध्ये त्रिचालीसवटा द्वन्द्वहरु निम्न आम्दानी र निम्न मध्यम आम्दानी भएका विकासशील देशहरुमा घटेका थिए । हिंसाको उग्रता, मात्रा र भौगोलिक दूरी फरक फरक भएपनि लम्बिएका सशस्त्र द्वन्द्वहरु साझा छन् । औषतमा निम्न आम्दानी भएका देशहरुमा द्वन्द्वहरु बाह्र वर्षसम्म चल्दछन् र निम्न मध्यम आम्दानी भएका देशहरुमा यसको औषत बाइस वर्षसम्म माथि जान्छ ।

सेनाको जथाभावी प्रयोग र सर्वसाधारणहरुलाई जानी जानी लक्षित गर्नु एकाइसौं शताब्दीको प्रारम्भका हिंसक द्वन्द्वका विशेषताहरु हुन् । धेरैजसो द्वन्द्वहरुमा एउटा लडाकू भन्दा एउटा सर्वसाधारण हुनु कही ज्यादा खतरानाक हुन्छ । शिक्षा व्यवस्थाहरु सोझै प्रभावित भएका छन् । बालबालिकाहरु र विद्यालयहरु आजभोली सशस्त्र द्वन्द्वको अग्रपंक्तिमा छन् जसमा कक्षा कोठाहरु, शिक्षकहरु, र विद्यार्थीहरुलाई उचित निसानाका रुपमा हेरिन्छ । परिणामस्वरुप, जस्तो कि एउटा संयुक्त राष्ट्रको प्रतिवेदनमा उल्लेख छ, 'बालबालिकाहरुमा विद्यालय जानका लागि बढ्दो डर, शिक्षकहरुलाई पढाउने डर र आमाबुवाहरुलाई आफ्ना नानीहरुलाई 'विद्यालय पठाउने डर' रहन्छ । अफगानिस्तान र पाकिस्तानमा विद्रोही समूहहरुले साधारणतया बारम्बार शैक्षिक संरचनामा र विशेष गरी बालिकाहरुका विद्यालयहरुमा हमला बोलेका छन् । अफगाननिस्तानको हेल्मण्ड प्रान्तमा सुरक्षाको डरले ७०% भन्दा बढी विद्यालयहरु बन्द गरिएका छन् । गाजामा, पैलेस्टाइनहरुले कब्जा गरेको क्षेत्रहरुमा सन् २००८ र २००९ मा इजरायलका सेनाहरुले गरेको आक्रमणले ३५० जना बालबालिकाहरुको मृत्यु भयो र १८१५ जना घाइते भए तथा २८० वटा विद्यालयहरुमा क्षति पुग्यो । थाइलैण्डको तीनवटा सदुर दक्षिणी प्रान्तहरुमा पनि विद्यालयहरु र शिक्षकहरु विद्रोहीहरुका निसानामा परेका छन् । मध्य अफ्रिकी गणतन्त्र, चाड, प्रजातान्त्रिक गणतन्त्र कंगो, म्यान्मार र सुडान लगायतका चौवीसवटा देशहरुबाट बाल सैनिकहरूको प्रयोग गरिएको प्रतिवेदनमा उल्लेख छ ।

विद्यालयहरु सशस्त्र द्वन्द्वको अग्रपँक्तिमा छन् जसमा कक्षा कोठाहरु शिक्षकहरु, र विद्यार्थीहरुलाई उचित निसानाका रुपमा हेरिन्छ

**चित्र ९: द्वन्द्व पीडित देशहरु शिक्षामा पछि परिरहेका छन्**

निम्न आम्दानी र निम्न मध्यम आम्दानी भएका द्वन्द्वको अवस्थाका देशहरुका लागि छानिएका शिक्षा सूचकहरु, २००८




■ द्वन्द्व पीडित निम्न र निम्न मध्यम आम्दानी भएका देशहरु ■ अन्य निम्न र निम्न मध्यम आम्दानी भएका देशहरु

स्रोत: सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन २०११ को चित्र ३.१ हेर्नुहोस्



मोगादिसूमा एउटा युद्धबाट क्षतिग्रस्त घर बाट हिडिरहेकी एउटा सोमाली बालिका जहाँ द्वन्द्वले एउटा ठूलो संख्यामा बालबालिकाहरुलाई विद्यालय जानबाट बंचित गरेको छ।

हिंसाका व्यापक प्रवृत्तिहरुका शिक्षाका लागि दीर्घकालीन परिणामहरु हुन्छन्। संयुक्त राष्ट्र महासचिवको प्रतिवेदनले बरावर प्रमाणहरु प्रदान गरेका छन् कि अफगानिस्तान, मध्य अफ्रिकी गणतन्त्र चाड, प्रजातान्त्रिक गणतन्त्र कंगो र सूडान लगायत धेरै देशहरुमा बलात्कार र अन्य लैङ्गिक अत्याचारलाई युद्ध कौशलका रुपमा व्यापक रुपमा प्रयोग गरिएको छ। धेरै जसो शिकारहरु जवान बालिकाहरु भएका छन्। सोझै प्रभावित भएकाहरुका लागि, शारीरिक चोट, मनोबैज्ञानिक आधात र दोषारोपण शिक्षाका लागि गम्भीर र दीर्घकालीन बेफाइदाहरुका स्रोतहरु हुन्। तर युद्धको हतियारका रुपमा बलात्कारको प्रयोगका कहीं ज्यादा व्यापक परिणामहरु हुन्छन्, जवान बालिकाहरुलाई असुरक्षा र डरका कारण विद्यालय बाहिर राखिन्छ, तथा बालबालिकाहरुलाई सुरक्षित सिकाइ वातावरणबाट बंचित गर्दै पारिवारिक र सामुदायिक जीवन छिन्नभिन्न पारिन्छ।

मानवीय मूल्य र विद्यालय भौतिक संरचनाको नोक्सानी मात्रै शिक्षालाई चोट पुऱ्याउने विषयबस्तु होइनन्। सशस्त्र द्वन्द्वले गरिबीलाई टेवा दिएर तथा कक्षा कोठाहरुको उत्पादनशील लगानीलाई अनुत्पादक सैनिक खर्चमा खर्च गरेर आर्थिक बृद्धिलाई पनि नोक्सान पुऱ्याइरहेको छ। यस प्रतिवेदनले

विश्वका निर्धनतम विकासशील देशहरुलाई पहिचान गरेको छ जसले प्राथमिक शिक्षाभन्दा सैनिक खर्चमा बढी बजेट खर्च गर्दछन् - केहीमा धेरै ज्यादा । विश्वका सबैभन्दा खराव शैक्षिक सूचकहरु मध्ये चाडले आफ्ना प्राथमिक विद्यालयहरुको खर्चको चार गुना हातहतियारमा खर्च गर्छ र पाकिस्तानले सात गुना खर्च गर्छ । यदि प्राथमिक शिक्षाभन्दा सैनिक बजेटमा बढी खर्च गर्ने देशहरुले आफ्नो सैनिक खर्चमा १०% मात्र कटौती गरे भने, उनीहरुले ९५ लाख थप बालबालिकाहरुलाई विद्यालयमा राख्न सक्दछन् - जुन उनीहरुको संयुक्त रुपमा विद्यालय बाहिर रहेको जनसंख्याको ४०% कमी बरावर हुन आउँछ (चित्र १०) ।

सैनिक खर्चले सहायता स्रोतहरुका दिशाहरु पनि परिवर्तित गरिरहेको छ । विश्वव्यापी सैनिक खर्च सन् २००९ मा १.५ खर्ब अमेरीकी डलर पुगेको छ । यदि धनी देशहरुले आफ्नो छ दिनको सैनिक खर्च आधारभूत शिक्षाका लागि विकास सहायतामा स्थानान्तर गरेमा, उनीहरुले सबैका लागि शिक्षाका लक्ष्य प्राप्तिमा बाह्य घाटा रकम १६ अर्ब अमेरिकी डलर पूर्ति गरी सन् २०१५ सम्म सबै बालबालिकाहरुलाई विद्यालयमा पठाउन सक्दछन् (चित्र ११) ।

राष्ट्रिय सरकारहरु र सहायता दाताहरुले हातहतियारमा भैरहेको अनुत्पादक खर्चलाई विद्यालयहरु, पुस्तकहरु र बालबालिकाहरुको उत्पादक लगानीमा परिवर्तन गर्ने सम्भावनाहरुको अविलम्व समीक्षा गर्नु पर्दछ । सबै देशहरुले सुरक्षाका त्रासहरुको जवाफ दिनु पर्दछ । जे भएपनि, शिक्षामा लगानी गुमाएका अवसरहरुले गरिवी, बेरोजगारी र सीमान्तकृत अवस्थालाई बल पुऱ्याउँछन् जसले धेरै द्वन्द्वहरुलाई निम्त्याउँछन् ।

### *विस्थापित जनसंख्या सबैभन्दा नदेखिनेमा पर्दछन्*

जनसंख्यालाई विभाजन गर्न खोज्ने अथवा वर्ग विशेषको जीवनबृत्तिमा हानि पुऱ्याउने उदेश्यले सर्वसाधारणको ठुलो संख्यामा विस्थापन गर्नु हातहतियारधारी समूहहरुको अक्सर एउटा रणनीतिक लक्ष्य हुन्छ । सन् २००९ को अन्तमा संयुक्त राष्ट्रको तथ्यांकले विश्वभरी ४ करोड ३० लाख विस्थापित भएको देखाएका थियो, यद्यपि वास्तविक संख्या साँच्चिकै त्यसभन्दा बढी छ । अद्यावधिक अनुमानहरुले सुझाउँछन् कि झण्डै शरणार्थीहरु र आन्तरिक रुपले विस्थापित मानिसहरु (IDPs) मध्ये आधा १८ वर्ष मुनिका छन् । सीमा पार गर्ने शरणार्थीहरुको प्रवाहमा कमी आइरहेको उल्लेख भए पनि देशहरु भित्रैका विस्थापितहरु बृद्धि भैरहेका छन् ।

विस्थापित अवस्थाले मानिसहरुलाई शिक्षामा चरम असुविधाहरुको खतरातर्फ उन्मुख गराउँछ । संयुक्त राष्ट्रका सर्वेक्षणका तथ्यांकहरुले शरणार्थी शिविरहरुमा शिक्षाको अवस्थाको उदेक लाग्दो तस्वीर चित्रण गर्दछन् । भर्नादर प्राथमिक विद्यालयका लागि औषत ६९% थियो भने माध्यमिक विद्यालयका लागि जम्मा ३०% मात्र थियो । विद्यार्थी/शिक्षक अनुपात धेरै माथि थियो - करिव एक तिहाई शिविरहरुले ५०:१ अथवा त्यसभन्दा बढी उल्लेख गरे - र धेरै शिक्षकहरु तालीम अप्राप्त थिए । उत्तरी केन्याका सोमाली शरणार्थीहरु लगायत केही शिविरहरुमा आमाबुवाहरुलाई माध्यमिक शिक्षाको कमीले गर्दा युवाहरुलाई सशस्त्र समूहहरुले भर्ना गर्ने खतराको चिन्ता थियो । विस्थापित मानिसहरुका लागि विद्यालय हाजिरी दर मध्यअफ्रिकी गणतन्त्र, चाड, र प्रजातान्त्रिक गणतन्त्र कंगोमा ज्यादै न्यून छ ।

शरणार्थीहरुले अन्य बृहत् समस्याहरु पनि झेल्दछन् जसले शिक्षालाई हानि पुऱ्याउँछन् । धेरै देशहरुले शरणार्थीहरुलाई सार्वजनिक शिक्षामा तथा अन्य आधारभूत सेवाहरुमा पहुँच

चित्र १०: युद्ध खेलहरु

## युद्ध खेलहरू

एक्काइस वटा विकासशील देशहरुले प्राथमिक शिक्षाको भन्दा सैनिक खर्चमा बढी खर्च गर्दछन् ।




स्रोत: सबैका लागि शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को पाना १५१ हेर्नुहोस् ।

दिदैनन् । मलेशियाको कानूनमा शरणार्थीहरुलाई अभिलेख नराखिएका आप्रवासी भन्दा छुट्ट्याइएको छैन । थाइलैण्डमा लामो समय देखिका म्यानमार शरणार्थीहरुको जनसंख्यालाई सार्वजनिक शिक्षाको कुनै अधिकार छैन (बक्स ४) । धेरैजसो, शरणार्थी रोजगारीमा रोक लगाउनाले गरिवीलाई बल पुऱ्याउँछ जसले फेरि शिक्षाका सम्भावनाहरुमा तुषारापात गर्दछ । र शरणार्थी प्रमाणपत्र पाउनमा कठिनाईले गर्दा थुप्रै भूमिगत हुन जान्छन् । शहरी आवास क्षेत्रमा बसोवास गर्नु, रोजगारीका अधिकारहरुको अभाव र स्थानीय विद्यालयहरुमा पहुँचमा रोक हुनाले उनीहरुका बालबालिकाहरुलाई शिक्षाका अवसरहरू प्राप्त हुँदैनन् । अर्को सन्दर्भमा, द्वन्द्वले असमान व्यवहारको उत्तराधिकार छोडेको छ । पूर्वी जेरुसलममा जाने पैलेस्टीनी बालबालिकाहरुले शिक्षाको खर्च जुटाउनमा असुविधा भोगेका छन् र सुरक्षा फौजहरुबाट प्रताडित हुनु परेका समाचारहरु छन् । कक्षा कोठाहरुको कमी र शिक्षाको गुणस्तरको चिन्ताले थुप्रै पैलेस्टीनी बालबालिकाहरुलाई गरिव घरपरिवारहरुमा ठूलो आर्थिक बोझ थप्दै निजी क्षेत्रको शिक्षातर्फ धकेलेको छ ।

**चित्र ११: सैनिक ढिका**

# सैनिक ढिका

सैनिक खर्च विरुद्ध सबैका लागि शिक्षाको वित्तीय घाटा




स्रोतः सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को पाना १५० हेर्नुहोस् ।

## बक्स ४: आश्रय स्थल, तर शिक्षाको समस्या - थाइलैण्डमा करेन शरणार्थीहरु

द्वन्द्वले ठूलो संख्यामा म्यान्मारका मानिसहरुलाई छिमेकी राज्यहरुमा धपाएको छ, जसमा बंगलादेश, चीन र थाइलैण्ड पर्दछन् । थाई सीमाका नौ शिविरहरुमा यी शरणार्थीहरुको सबैभन्दा ठूलो संख्या बस्दछ । प्रमुख रुपमा करेन र करेनी जातीय समुदायका १ लाख ४० हजार दर्ता गरिएका बासिन्दाहरुले देशमा प्रवेश गरेका विस्थापितहरुको एउटा सानो खण्डको प्रतिनिधित्व गर्दछ । वितेका वर्षहरुमा शिविरमा एउटा विस्तृत शिक्षा पद्धतिको विकास भएको छ जसमा पूर्व प्राथमिक, प्राथमिक, माध्यमिक, व्यवसायिक र प्रौढ सिकाइ अवसरहरु पर्दछन् । सातवटा कैरेन शिविरहरुमा ७० वटा विद्यालयहरुको संजाल छ जसमा ३४,००० विद्यार्थीहरु छन् । शिविरको शिक्षा थाई अधिकारीहरुद्वारा स्वीकृत गरिएको छ तर स्थानीय तहका संगठनहरुद्वारा प्रदान गरिन्छ र अन्तर्राष्ट्रिय गैरसरकारी संगठनहरु परोपकारी संस्थाहरु तथा आमाबुवाहरुबाट यसको खर्च जुटाइन्छ ।

कैरेन शिविरहरुको शिक्षाले एउटा असाधारण प्रतिबद्धता र समुदायको प्रयासलाई प्रतिविम्वित गर्दछ, तर यसमा गम्भीर समस्याहरु छन् । भर्नादर विशेषगरी माध्यमिक विद्यालयमा न्यून छ । अपर्याप्त र अनिश्चित आर्थिक व्यवस्थाले गर्दा केही विद्यालयहरुको अवस्था कमजोर छ र शिक्षक तलव न्यून छ, एक अनुमान अनुसार प्रति विद्यार्थी कुल खर्च सन् २००८ मा ४४ अमेरिकी डलर वार्षिक छ - थाई प्राथमिक विद्यार्थीहरुको स्तरको ३% भन्दा कम ।

शिविरका शैक्षिक समस्याहरु मध्ये केही समग्र सुशासनसंग सम्वन्धित छन् । शरणार्थीहरुलाई यताउता जाने स्वतन्त्रता सीमित छ र शिविर बाहिर काम गर्न इजाजत छैन । कुनै पनि स्थायी विद्यालय भवन बनाउन पाइदैन (यद्यपि हालैको संशोधनले अर्द्ध–स्थायी संरचनालाई इजाजत दिएको छ) । शिक्षकहरु शिविर भित्रैबाट भर्ना गरिन्छन् र अक्सर आवश्यक सीप प्राप्त हुँदैनन् ।

हालैका सुधारहरुले यी मध्ये केही विषयहरुलाई सम्बोधन गरेका छन् जस मध्ये व्यवसायिक सिकाइलाई प्रमाणिकरण गर्ने तर्फको प्रगति पनि पर्दछ । यूएनएचसीआर (UNHCR) ले बाह्य सहायतामा शिविरको जनसंख्याको निर्भरता कम गर्न एउटा उपायका रुपमा व्यवसायिक शिक्षाको विस्तार र रोजगारीका स्रोतहरुका लागि आव्हान गरेको छ ।

*स्रोतः सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को बक्स ३.४ हेर्नुहोस् ।*

### *उल्टो चक्र- हिंसक द्वन्द्वमा शिक्षाको प्रभाव*

द्वन्द्वका प्रमुख कारणहरुमा शिक्षा कहिले पनि हुँदैन । तथापि यो अक्सर राजनीतिक बृत्तमा अन्तर्निहित तत्व हुन्छ जसले देशहरुलाई हिंसातर्फ धकेल्दछ । राज्य भित्रैको सशस्त्र द्वन्द्व अक्सर पहिचान, विश्वास, जातीयता र क्षेत्रसंग सम्बन्धित गुनासाहरु तथा देखिएका अन्यायहरुसंग गाँसिएको हुन्छ । यी सबै क्षेत्रहरुमा शान्ति - अथवा द्वन्द्वका पक्षमा सन्तुलन मिलाएर शिक्षाले फरक पार्न सक्दछ । यस प्रतिवेदनले ती कार्यविधिहरुको पहिचान गरेको छ जसद्वारा ज्यादै थोरै शिक्षा, शिक्षामा असमान पहुँच र गलत किसिमको शिक्षाले समाजहरुलाई सशस्त्र द्वन्द्वतर्फ बढी प्रेरित गर्न सक्दछ ।

- *सीमित अथवा कमजोर गुणस्तरको व्यवस्था जसले बेरोजगारी र गरीवी तर्फ उन्मुख गराउँछ ।* जब ठूलो संख्यामा जवान मानिसहरु राम्रो गुणस्तरको शिक्षाबाट बञ्चित गराइन्छन्, परिणाम स्वरुपको गरिवी, बेरोजगारी र निरासाको विचारले सशस्त्र नागरिक सेनाका लागि बलियो भर्ना एजेन्टका रुपमा काम गर्न सक्दछन् । 'युवक-भीड' ले शिक्षा र रोजगारी बीच पुल बनाउनु पर्ने नितान्त आवश्यकताको बोध गराउँछः गायना, लाइबेरिया, नाइजेरिया र सेरालिओन लगायतका केही देशहरुमा धेरै 'ओइसीडी (OECD) देशहरुको २५% को तुलनामा ६०% भन्दा बढी जनसंख्या २५ वर्षभन्दा कमका छन् । रुआन्डामा सन् १९९४ को नरसंहारका अपराधीहरुमध्ये ठूलो संख्यामा बेरोजगार, अशिक्षित ग्रामीण पुरुष युवाहरु थिए ।

- *असमान पहुँच जसले गुनासाहरु र अन्यायको विचार सृजना गर्दछ ।* शिक्षामा असमानताहरुले व्यापक भेदभावहरु संग मिलेर द्वन्द्वको खतरा बढाउँछन् । कोट्डे आइबोरीमा उत्तरी क्षेत्रहरुमा शिक्षाको कमजोर अवस्थाप्रतिको आक्रोश सन् २००२-२००४ को गृह युद्धलाई निम्त्याउने राजनीतिक परिचालनमा परिलक्षित थियो । विद्यालय हाजिरी स्तर सन् २००६ मा उत्तरी र उत्तर-पश्चिममा दक्षिणको भन्दा आधाभन्दा कम थियो । यो दृष्टिकोण कि स्थानीय जनसंख्याको शिक्षा स्रोत विनियोजनको अनुचित प्रवृत्तिका कारणले पीडित भैरहेको छ, इन्डोनेशियाको आसेह प्रान्त देखि नाइजेरियाको तेलको धनी प्रान्त नाइजर डेल्टा क्षेत्र जस्ता ठाउँहरुसम्मका धेरै द्वन्द्वहरुका पछाडि कारक तत्व रहेको छ ।

- *पूर्वाग्रह र असहिष्णुतालाई बल पुऱ्याउन विद्यालय व्यवस्थाको प्रयोग ।* अनेकौं सशस्त्र द्वन्द्वमा शिक्षालाई राजनीतिक दबाब, सीमान्तकृत समूहहरूको पराधीनता तथा जातीय पृथक्करण लाई बल पर्याउन सक्रियताका साथ प्रयोग गरिएको छ । घृणा र हठधर्मिताको पोषण गर्नमा शिक्षा व्यवस्थाको प्रयोगले रुआन्डा देखि श्रीलंकासम्मका द्वन्द्वका हिंसाहरुका अन्तर्निहित कारणहरुमा योगदान गरेको छ । र धेरै देशहरुमा सांस्कृतिक पहिचानका लागि व्यापक द्वन्द्वहरुमा विद्यालयहरु विष्फोटन हुने अन्तिम स्थान हुन पुगेका छन् । ग्वाटेमालामा, शिक्षालाई सांस्कृतिक प्रभुत्व कायम गर्ने र आदिवासीहरुका भाषाहरुलाई दवाउने साधनका रुपमा हेरियो जसले व्यापक आक्रोशलाई मलजल गऱ्यो र गृहयुद्धलाई निम्त्यायो । यदि शान्ति स्थापना शैक्षिक पृथक्कीकरणमा आधारित भएमा विद्यालय व्यवस्थाहरुले यस्ता दृष्टिकोण फैलाउन सक्दछन् जसले समाजहरुलाई सशस्त्र द्वन्द्व तर्फ उन्मुख गराउँछन्, जस्तो कि बोस्निया र हर्जगोविनाले दर्शाउँछ (बाक्स ५) ।

### *द्वन्द्वबाट पीडित देशहरुलाई सहयोग*

विकास सहायताको द्वन्द्वबाट पीडित देशहरुमा जीवनदायी भूमिका रहन्छ । यसमा युद्ध क्रियाकलाप र न्यून मानवीय विकासको दुष्चक्रलाई तोड्ने र स्थायी शान्तिमा प्रवेशलाई समर्थन गर्ने क्षमता रहन्छ जसमा धेरै देशहरु फसेका छन् । तथापि, अनेकौं समस्याहरुले अन्तर्राष्ट्रिय सहयोग प्रयासहरुको प्रभावकारितालाई कमजोर तुल्याएको छ ।

राष्ट्रिय सुरक्षा प्राथमिकताहरुका रुपमा पहिचान गरिएका देशहरुको एउटा सानो समूहमा सहयोग बढी प्रवाहित गर्नुले विश्वका धेरै निर्धनतम देशहरुको अपेक्षाकृत वेवास्ता गरिएको छ । सत्ताइसवटा द्वन्द्व पीडित विकासशील देशहरुलाई प्रवाहित गरिएको विकास सहायता गत दशकमा बृद्धि भएको छ र सन् २००७-२००८ मा ३६ अर्व अमेरिकी डलर पुगेको छ । तथापि, इराकले कुल रकमको एक चौथाइ भन्दा बढी प्राप्त गऱ्यो र अफगानिस्तान र इराकले संयुक्त रुपमा कुल जम्माको ३८% प्राप्त गऱ्यो । अफगानिस्तानले प्रजातान्त्रिक गणतन्त्र कंगो, लाइवेरिया र सुडानलाई वितरण गरिएको कुल सहयोगभन्दा बढी प्राप्त गऱ्यो ।

आधारभूत शिक्षाको सहयोगले बृहत् विनियोजन प्रवृत्तिलाई प्रतिविम्वित गर्दछ (चित्र १२) । पाकिस्तान एक्लैलाई दिइएको रकम प्रजातान्त्रिक गणतन्त्र कंगो र सूडानलाई विनियोजन गरिएको रकम भन्दा दुई गुना छ । विगत पाँच वर्षहरुमा अफगानिस्तानलाई दिइएको आधारभूत शिक्षाका लागि सहयोग पाँच गुना भन्दा बढीले बृद्धि भएतापनि चाड, मध्य अफ्रिकी गणतन्त्र जस्ता देशहरुमा स्थिर वा मन्द गतिमा बृद्धि भएको छ र कोटडे आइबोरीमा घटेको छ ।

#### बक्स: ५: बोस्निया र हर्जगोविनामा खण्डित शासन व्यवस्था, खण्डित शिक्षा

बोस्निया र हर्जगोविनामा, सन् १९९९ को डेटन सम्झौता (Dayton Agreement) ले राष्ट्र निर्माणका लागि उच्चस्तरको विकेन्द्रीकरणका माध्यमले एउटा आधार तयार गर्न खोज्यो । परिणामस्वरुप शिक्षाका अधिकारहरूको विखण्डनले बहुजातीय राष्ट्रिय पहिचानलाई बलियो बनाउन झन गाह्रो बनायो । आज छुट्टाछुट्टै प्रभावकारी तेह्रवटा शिक्षा मन्त्रालयहरु छन् र अधिकाँश विद्यालयहरु जातीयता धर्म र भाषाका हिसावले अलग्याइएका छन् । यस प्रकारको विखण्डनले शिक्षा व्यवस्थाका लागि अनेकौं चिन्ताहरु जन्माउँछ ।

बलियो संघीय मन्त्रालयको अनुपस्थितिले राष्ट्रिय योजना पद्धतिहरुको विकासमा बाधा पुऱ्याएको छ । यसले गर्दा शिक्षाको गुणस्तर तथा पाठ्यक्रम सुधारका समस्याहरुलाई सम्बोधन गर्ने प्रयासहरुलाई हानि पुगेको छ । खर्चको विनियोजनका लागि केन्द्रीकृत व्यवस्थाको अभावले पनि विद्यार्थीहरुको कार्य सम्पादनमा व्यापक भौगोलिक विविधताले प्रश्रय पाएको छ जसले गर्दा बढी निष्पक्षतालाई हानि पुऱ्याएको छ । सायद सबैभन्दा महत्वपूर्ण, विद्यालयहरु र विद्यार्थीहरुको कडा पृथक्कीकरणले गर्दा बालबालिकाहरुमा बहु-समूहको पहिचानको भावना विकास गर्न मद्दत गर्दैन जसमा अन्तत्वोगत्वा स्थायी शान्ति र सुरक्षा निर्भर गर्नेछ ।

*स्रोत: सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को बक्स ३.९ हेर्नुहोस् ।*

**गलत किसिमको शिक्षाले समाजहरुलाई सशस्त्र द्वन्द्वतर्फ बढी प्रेरित गर्न सक्दछ**

सहयोगको परिवर्तनशीलता आर्को चिन्ताको विषय रहेको छ । कमजोर सार्वजनिक वित्तीय व्यवस्थापन पद्धतिले गर्दा द्वन्द्व पीडित विकासशील देशहरुलाई विकास सहायताको विश्वसनीय प्रवाह आवश्यक पर्दछ । तथापि, सहयोगको प्रवाहमा बुरुण्डी, मध्य अफ्रिकी गणतन्त्र र चाड जस्ता देशहरुमा उच्च स्तरको अनिश्चितता देखिएको छ । अनेकौं देशहरुले दुई वर्षको चक्र अनुभव गरिसकेका छन् जसमा शिक्षाको सहयोग दुई गुना भयो र फेरि ५०% ले तल झ्र्यो ।

विकास सहायता र परराष्ट्र नीतिका लक्ष्यहरु बीचका पंक्तिहरुको अस्पष्टताका शिक्षाका लागि दीर्घकालीन प्रभावहरु हुन्छन् । सहयोगलाई कुटनीति र सुरक्षालाई समेट्ने बृहत् नीतिगत ढाँचाभित्र एकीकृत गर्नुका उचित कारणहरु भएतापनि चिन्ताका विषयहरु पनि छन् कि विकास लक्ष्यहरु बृहत् रणनीतिका सहायकका रुपमा लिइन्छन् जस्तै स्थानीय जनसंख्याको 'मन मस्तिष्क जित्ने' जसमा शिक्षा प्रमुख रुपमा आउँछ । सहयोगको वितरणमा सेनाको बढ्दो सहभागिताले यी चिन्ताका विषयहरुमा मलजल थपेको छ । अफगानिस्तानमा सन् २००८ मा संयुक्त राज्य अमेरिकाको झण्डै दुई तिहाई सहयोग सैनिक तत्वावधानमा संचालित सुविधा मार्फत प्रवाहित गरिएको थियो । अफगानिस्तानका प्रान्तीय पुनर्निर्माण समूह (Provincial Reconstruction Team in Afghanistan) र इराकले असुरक्षित क्षेत्रहरुमा सहयोग वितरण गर्न नागरिक-सैनिक विभाजन क्षेत्र वारीपारी भएर काम गर्दछन् । होर्न अफ अफ्रिकामा पनि (Horn of Africa) तुलनात्मक अभ्यासहरु प्रयोग गरिन्छन् ।

विकास सहायता र परराष्ट्र नीतिका लक्ष्यहरुबीचका पंक्तिहरुको अस्पष्टताका शिक्षाका लागि दीर्घकालीन प्रभावहरु हुन्छन्

द्वन्द्वबाट पीडित राज्यहरुलाई सहयोगमा बृद्धि गर्नुका समुचित कारणहरु छन् । यी कारणहरु प्रमुख रुपमा सहस्राब्दी विकास लक्ष्यहरु अगाडि बढाउनु पर्ने अत्यावश्यकताका मूलमा छन् । दाताहरुको पनि गरिवी र अस्थिरतासंग जुध्ने आफ्नो स्वार्थ छ जसले द्वन्द्वबाट प्रभावित धेरै राज्यहरुलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति र स्थायित्वका लागि खतरा बनाउँछ । तथापि, सहयोग वितरणका वर्तमान उपायहरुसंग गासिएका खतराहरू पनि छन् ।

**चित्र १२: आधारभूत शिक्षाका लागि सहायता केही द्वन्द्व पीडित देशहरूमा अरुभन्दा बढी बृद्धि भएको छ ।**

छानिएका द्वन्द्व पीडित देशहरूमा आधारभूत शिक्षामा जम्मा सहयोग, २००२-२००३ र २००७-२००८ का औषतहरू




स्रोत: सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को चित्र ३.१७ हेर्नुहोस् ।

यदि सहयोगलाई द्वन्द्वका विरुद्धको रणनीतिको अंगका रुपमा अथवा दाता राष्ट्रहरुका बृहत् राष्ट्रिय ऐजेण्डाको घटकका रुपमा प्रयोग गरिन्छ वा हेरिन्छ भने यसले स्थानीय समुदायहरु र सहयोग-कार्यकर्ताहरुका लागि बढी खतरा उत्पन्न गराउँछ । हालैका वर्षहरुमा मानवहितवादी सहयोग कार्यकर्ताहरु माथिको घातक आक्रमणमा वृद्धि यसको एउटा सूचक हो: वितेका तीन वर्षहरुमा, ६०० भन्दा बढी सहयोग कार्यकर्ताहरु मारिएका छन्, गम्भीर घाइते भएका छन् अथवा अपहरणमा परेका छन् । कक्षा कोठाहरूको निर्माणमा सोझो अथवा घुमाउरो सैनिक संलग्नताले विद्यालयहरुमा आक्रमणको खतरालाई बढाउने सम्भावना रहन्छ । सुरक्षा र विकास खर्च व्यहोर्नेगरी छुट दिएर निजी ठेकेदारहरुको प्रयोग अर्को खतराजनक कुरा हुन्छ ।

संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिका लगायत अनेकौं प्रमुख दाताहरुले अफगानिस्तान र पाकिस्तान जस्ता देशहरुका लागि उल्लेखनीय सहयोगको घोषणा गरिसकेको परिप्रेक्ष्यमा, यो महत्वपूर्ण छ कि सहयोग नीतिहरुले थुप्रै प्रश्नहरुलाई सम्बोधन गरुन् । यिनीहरुमा, देशको छनौट गर्ने आधारहरु, विभिन्न देशहरुलाई छान्नुको पछाडिको मूलाधार, पछ्याउनु पर्ने विकास लक्ष्यहरु तथा प्रयोग गरिने सहयोग वितरण प्रणाली पर्दछन् । एउटा महत्वपूर्ण आवश्यकता हो विद्यालय निर्माणमा सोझो सैनिक संलग्नताको निषेध गर्ने कार्यविधि मार्ग निर्देशनहरुको स्थापना ।

## सुरक्षाका असफलताहरूको समाधान गर्ने

सन् १९९६ मा ग्रेका मेसेलले बालबालिकाहरू र सशस्त्र द्वन्द्व बारे आफ्नो प्रतिवेदन संयुक्तराज्य साधारण सभामा प्रस्तुत गरिन् । प्रतिवेदनले बालबालिकाहरूलाई चोट पुर्‍याउने 'अनियन्त्रित त्रास र हिंसा' को भर्त्सना गर्‍यो र अन्तर्राष्ट्रिय समुदायलाई बालबालिकाहरु माथिको 'असह्य र अस्वीकार्य' आक्रमणको अन्त गर्न आव्हान गर्‍यो । प्रन्द्र वर्ष व्यतित भै सके अनियन्त्रित त्रास जारी छ - र अन्तर्राष्ट्रिय समुदायले समर्थन गर्न नसकिने आक्रमणहरु सहन गर्दैछ ।

मेसेलको प्रतिवेदन देखि धेरै कुराहरू परिवर्तन भएका छन् । संयुक्त राष्ट्रले एउटा अनुगमन र प्रतिवेदन कार्यविधि (MRM) को स्थापना गरेको छ जसले बालबालिकाहरू विरुद्ध गम्भीर मानव अधिकार उल्लंघनका ६ वटा प्रमुख विषयहरू पहिचान गरेको छ । द्वन्द्वबाट प्रभावित देशहरूमा बलात्कार र यौन हिंसाका विरुद्ध सुरक्षालाई सुदृढ तुल्याउने सम्बन्धी अनेकौं संयुक्त राष्ट्र सुरक्षा परिषद् प्रस्तावहरु पारित भएका छन् । तथापि यो निर्णयबाट भाग्न सकिंदैन कि मानव अधिकारका व्यवस्था तथा सुरक्षा परिषद् प्रस्तावहरूले सीमित सुरक्षामात्र प्रदान गर्दछ जहाँ यिनको अत्यन्त आवश्यकता छ :जस्तै, अग्रपंक्तिमा रहेका बालबालिका तथा सर्वसाधारणहरूको जिन्दगीमा । संयुक्त राष्ट्र संस्थाहरू बीचको कमजोर समन्वय र निम्न स्रोत साधनले यस समस्यालाई टेवा दिन्छ । एमआरएम (MRM) प्रणाली अन्तर्गत विद्यालयहरू विरुद्ध भएका आक्रमणहरू विशेष गरी सीमित छन्, धेरै घटनाहरूको सूचनानै दिइएको हुँदैन,यी समस्याहरू बलात्कार र अन्य लैङ्गिक हिंसाका क्षेत्रहरू भन्दा अन्यत्र कही पनि त्यति छर्लङ्ग छैनन् । जस्तो कि मिशेल बेचले (Michelle Bachelet) कार्यकारी निर्देशक तथा उप-महासचिव संयुक्त राष्ट्र महिला (Under Secretary-General of UN, Women) ले, सन् २०१० मा संयुक्त राष्ट्र सुरक्षा परिषद्मा भन्नु भयो 'कृयाकलापहरुमा निश्चित दिशा अथवा समय बद्ध लक्ष्यहरु तथा निश्चित लक्ष्यहरुको अभाव छ जसले कार्यान्वयनलाई गति दिन सकून र जवाफदेहिता सुनिश्चित



बलात्कार बाट बाँचेका लगायत संकटग्रस्त बालबालिकाहरूका लागि बनाइएको घरमा संग सँगै अध्ययन गरीरहेका गोमा, प्रजातान्त्रिक गणतन्त्र कंगो

गर्न सकून्' र 'उनीहरूको संयुक्त प्रभावको प्रमाण अपर्याप्त छ' ।

यी असफलताहरुको समग्र प्रभावले दण्डहीनताको संस्कृतिलाई टेवा पुगेको छ जुन कुरा संयुक्त राष्ट्रको आफ्नै प्रतिवेदन - प्रणालीमा बयान गरिएको छ । यस प्रतिवेदनले प्रमुख तीनवटा क्षेत्रमा सुधारका लागि आव्हान गर्दछ ।

- *एमआरएम (MRM) प्रणालीलाई टेवा दिने ।* अनुगमन र प्रतिवेदन कार्यविधिले बालबालिकाहरु विरुद्धका मानव अधिकार हननको परिमाण र कार्यक्षेत्रबारे अझ बढी विस्तृत विवरण प्रदान गर्नु पर्दछ । जसमा निरन्तरका अपराधीहरूको नाम उल्लेख होस् र यो कुरा सुरक्षा परिषदलाई जानकारी गराइयोस् । सबै संयुक्त राष्ट्र संस्थाहरुले बढी घनिष्टताका साथ प्रमाणहरूको संकलन, प्रमाणीकरण र सम्प्रेषणमा सहयोग गर्नु पर्दछ । ती देशहरुमा जुन क्रमबद्ध रुपमा मानव अधिकार दुरुपयोगलाई बन्द गर्ने राष्ट्रिय कार्य यो जनाहरुलाई कार्यान्वयन गर्न असफल हुन्छन्, अन्तिम हतियारका रुपमा लक्षित र छानिएको आधारमा दण्डात्मक उपायहरुको प्रयोग गरिनु पर्दछ । ती क्षेत्रहरुमा जहाँ मानव अधिकार उल्लंघनलाई युद्ध अपराध अथवा मानवता विरुद्धको अपराधका रुपमा लिनु उचित ठहऱ्याइन्छ, सुरक्षा परिषदले ती मुद्दाहरुलाई अन्तर्राष्ट्रिय फौजदारी अदालत (International Criminal Court - ICC) मा पठाउन बढी सक्रिय हुनु पर्दछ ।
- *शिक्षाबारे सम्प्रेषणलाई बलियो बनाउने ।* शिक्षासित सम्बन्धित मानव अधिकार उल्लंघन बारेको अन्तर्राष्ट्रिय सम्प्रेषणको विकास ज्यादै कमजोर छ । आवश्यकता छ एउटा क्रमबद्ध र विस्तृत सम्प्रेषण प्रणालीको जसले विद्यालय बालबालिकाहरू, विद्यालयहरू र शिक्षकहरूमा भएका आक्रमणहरूको अभिलेख तयार गरोस् र यसले प्राविधिक तथा व्यावसायिक संस्थाहरू र विश्वविद्यालयहरूलाई समेटने गरी यसको विस्तार गरियोस् । शिक्षामा संयुक्त राष्ट्रको नेतृत्वदायी संस्था भएका नाताले युनेस्कोलाई बलियो सम्प्रेषण प्रणालीको विकास गर्नमा नेतृत्व लिन अधिकार र साधन स्रोत प्रदान गरिनु पर्दछ ।
- *द्वन्द्वका दौरानमा बलात्कार र अन्य लैङ्गिक हिंसा विरुद्ध निर्णयात्मक कदम चाल्ने ।* पहिलो कदमका रुपमा, सुरक्षा परिषद्ले द्वन्द्वबाट प्रभावित देशहरुमा समस्याको परिमाणको लेखाजोखा गर्न, जिम्मेवार व्यक्तिहरुको पहिचान गर्न र सुरक्षा परिषद्लाई जानकारी दिन एउटा बलात्कार र लैङ्गिक हिंसा सम्बन्धी अन्तर्राष्ट्रिय आयोग गठन गर्नु पर्दछ । यस आयोगको प्रमुखमा संयुक्त राष्ट्रको कार्यकारी निर्देशक, महिलालाई राखिनु पर्दछ । यस आयोगलाई छुट दिने कुराहरुमा संयुक्त राष्ट्रका प्रतिवेदनहरुमा दण्डहीनताका केन्द्रहरुको रुपमा पहिचान गरिएका देशहरुमा विस्तृत छानविन सामेल गरिनु पर्दछ । अन्तर्राष्ट्रिय फौजदारी आदालत (ICC) लाई प्रारम्भ देखिनै यस आयोगको सल्लाहकारको पदमा राखी आयोगको काममा संलग्न गराउनु पर्दछ । विशेष गरी अदालत (ICC) ले सम्भावित युद्ध अपराध र मानवता विरुद्धका अपराधहरुका सम्बन्धमा, साथै अपराधी अथवा अपराधी-सहयोगीका रुपमा राज्यको भूमिकाको हिसावले मात्र हैन कि राज्यले नागरीकहरूलाई सुरक्षा दिन आफ्नो जिम्मेवारी बहन गर्न असफल भएको सम्बन्धमा राज्यका निकायहरुको जिम्मेवारीको मूल्यांकन गर्नु पर्दछ । प्रस्तावित आयोगले आफ्नो प्रतिवेदन सुरक्षा परिषद्मा दिए पनि प्रमाणहरु अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई हस्तान्तर गरिनु पर्दछ जसले मुद्दाको कानूनी कारवाहीका लागि यिनीहरूको मूल्याकन गर्ने छ ।
- *मानव अधिकार उल्लंघनको अन्त गर्ने राष्ट्रिय योजनालाई सहयोग पुऱ्याउने ।* दाताहरूले कानूनको राज्यलाई सुदृढ

युनेस्कोलाई बलियो सम्प्रेषण प्रणालीको विकास गर्नमा नेतृत्व लिन अधिकार र साधन स्रोत प्रदान गरिनु पर्दछ

गर्नमा लक्षित राष्ट्रिय योजनाहरू र रणनीतिहरू लाई समर्थन गर्न प्रयासहरू थाल्नु पर्दछ। यस्ता योजनाहरू र रणनीतिहरूमा सुरक्षा दिने, रोकथाम गर्ने र मुद्दा चलाउने कार्यका लागि स्पष्ट समयबद्ध निश्चित लक्ष्यहरू समावेश गर्नु आवश्यक छ। एउटा उदीयमान प्रयास संयुक्त राज्य अमेरिकाको कांग्रेसमा पेश भएको महिलाहरू विरुद्ध अन्तर्राष्ट्रिय हिंसा ऐन (International Violence Against Women Act) देखिएको छ। यसले विदेश विभाग (State Department) लाई बीसवटा देशहरू सम्ममा लैङ्गिक हिंसा कम गर्न योजना अंगीकार गर्ने अधिकार दिनेछ।

### व्यवस्थाको असफलता - मानवहितवादी सहयोग प्रणालीलाई दुरूस्त पार्ने

मानवहितवादी सहयोग जीवन बचाउन, आधारभूत आवश्यकताहरु पूर्ति गर्न र आत्म स्वाभिमान पुनर्स्थापित गर्नका लागि दिइन्छ। यी भूमिकाहरु परिपूर्ति गर्नका लागि यसले द्वन्द्वबाट प्रभावित क्षेत्रहरुमा बसोवास गर्ने बालबालिकाहरुका लागि शिक्षाको 'जीवन रक्षक डोरी' प्रदान गर्नु पर्दछ। मानवहितवादी सहयोगको तीन चौथाई द्वन्द्वबाट प्रभावित देशहरुमा प्रवाहित हुन्छ, तर यसमध्ये शिक्षाका लागि कत्ति पनि जाँदैन, आँशिक रुपमा किनभने धेरै मानवहितवादी कार्यकर्ताहरुले शिक्षालाई 'जीवन बचाउने' का रुपमा हेर्दैनन्। यसको के परिमाण हुन्छ भने शिक्षाका लागि अवसरहरु कायम गर्न संघर्ष गरिरहेका समुदायहरुले कुनै सहयोग प्राप्त गरिरहेका छैनन्। विस्थापित जनसंख्याहरुले पनि शिक्षामा गम्भीर समस्याहरु भोगिरहेका छन्।

सन् २००९ मा शिक्षाका लागि मानवहितवादी सहयोग कुल मानवहितवादी सहयोगको करिव २% रह्यो

शिक्षा मानवहितवादी सहयोग प्रणालीको गरिव छिमेकी हो जसमा अपर्याप्त लगानी छ, जुन अविश्वसनीय छ र 'छोटो अवधि बाद' बाट प्रताडित छ। यो दोहरो असुविधाबाट पीडित छ; शिक्षा क्षेत्र मानवहितवादी अपीलहरुको सानो अंशमात्र ओगट्दछ र पूँजी प्राप्त गर्ने अपीलहरुको अझ सानो अंश ओगट्दछ। सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदनको सबै भन्दा राम्रो अनुमान यो छ कि सन् २००९ मा शिक्षाका लागि मानवहितवादी सहयोग १४ करोड ९० लाख अमेरिकन डलर रहयो - कूल मानवहितवादी सहयोगको करिव २% (चित्र १३)। शिक्षाका लागि सहयोगका लागि गरिएका अनुरोधहरुको एक तिहाइभन्दा के ही बढीले मात्र पूँजी प्राप्त गरे। यी तथ्यांकहरुका पछाडि रहेको धेरै समयदेखि अपर्याप्त पूँजी प्राप्त गरिरहेको अवस्थाले द्वन्द्वबाट प्रभावित क्षेत्रहरुका विस्थापित जनसंख्याका बालबालिकाहरुलाई विद्यालय बाहिर राख्दछ।

शिक्षाका लागि गरिएका अनुरोधहरुमा लगानीमा कमी हुनु समस्याको एउटा अंश हो। अनुरोधहरु आफै पनि जनसंख्याका आवश्यकताहरु अथवा चाहनाहरूको विश्वसनीय मूल्यांकनसंग नजोडिएका देखिन्छन्। चाडमा सन् २०१० को शिक्षाका लागि मानवहितवादी अनुरोध जम्मा १ करोड २० लाख अमेरिकी डलर रह्यो, एउटा यस्तो देश जहाँ १ लाख ७० हजार आन्तरिक विस्थापितहरू (IDPs) र ३ लाख शरणार्थीहरू छन्, र विस्थापित बालबालिकाहरूको विद्यालय भर्नादर ४०% भन्दा तल छ। प्रजातान्त्रिक गणतन्त्र कंगोमा शिक्षाका लागि मानवहितवादी सहयोगको अनुरोध जम्मा २ करोड ५० लाख अमेरिकी डलर र ह्यो (जसमध्ये सन् २०१० को मध्यसम्म जम्मा १५% मात्र निकासा गरिएको थियो)। यो यस्तो देशका लागि थियो जहाँ

**मानवहितवादी सहयोगमा शिक्षाको दोहरो असुविधा:अनुरोधहरुको एउटा सानो अंश र रकम प्राप्त गर्ने अनुरोधहरुको सबैभन्दा सानो अंश** प्रतिक्षेत्रका लागि गरिएको अनुरोध रकमका विरुद्ध प्राप्त भएको रकम, २००९ एकीकृत अनुरोधहरु र छुट्टै अनुरोधहरु




स्रोत: सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन २०११, चित्र ४.४ हेर्नुहोस्।

२० लाखभन्दा बढी विस्थापित जनसंख्या छ र जहाँ केही द्वन्द्व प्रभावित क्षेत्रहरूमा दुईतिहाई बालबालिकाहरू विद्यालय बाहिर छन् ।

संकटकालमा वार्षिक बजेट निर्माणका सनकहरूले शिक्षामा आर्थिक लगानीका समस्याहरूलाई द्विगणित गर्दछन् । यो विशेषगरी त्यस अवस्थामा सही हुन्छ जब लामो समयदेखि विस्थापन चालू छ । केन्यामा, संयुक्त राष्ट्र शरणार्थीहरूका लागि उच्चायुक्त (United Nations High Commissioner for Refugee - UNHCR) र अन्य संस्थाहरू शिक्षामा सो मालियाबाट बढ्दो संख्याका शरणार्थीहरूका लागि बहुवर्षीय यो जना प्रारम्भ गर्न असमर्थ भएका छन् (बक्स ६) । प्रजातान्त्रिक गणतन्त्र कंगोमा दाताहरूका प्राथमिकताहरूमा परिवर्तन र छोटो अवधिको बजेटनिर्माणका कारणले विस्थापित बालबालिकाहरूलाई सेवा पुऱ्याइरहेका विद्यालयहरूलाई बन्द गर्ने धम्की आएको छ ।

शरणार्थीको दर्जा पाएकाहरू र आन्तरिक विस्थापितहरू दुवैका लागि बलपूर्वकको विस्थापन शिक्षाकालागि प्रत्यक्ष त्रास हो। शरणार्थीहरुलाई आधारभूत शिक्षाका लागि राम्ररी परिभाषित कानूनी अधिकारहरु छन् । यद्यपि, व्यवहारमा ती अधिकारहरुको दावी गर्न अक्सर कठिन छ । कैयौं देशहरूले शरणार्थीहरू लाई अन्तर्राष्ट्रिय सुरक्षा दिनबाट पूर्णतया बंचित गरेर गैर कानूनी आप्रवासीहरूको जस्तै व्यवहार गर्दछन् । केही देशहरुले अक्सर घरेलु शिक्षा प्रणालीलाई ठूलो तनावमा राखेर शरणार्थीहरूलाई उच्चस्तरको सहयोग प्रदान गर्दछन् । एउटा उदाहरण हो जोर्डनको जसले इराकी शरणार्थी बालबालिकाहरूलाई राज्यको शिक्षा प्रणाली प्रयोग गर्न अनुमति दिएको छ (बक्स ७) ।

### बक्स ६: शरणार्थीहरूको घुईचोको समाधान खोज्दै दादाब, केन्याका पाठहरू

उत्तरपूर्वी केन्यामा शरणार्थीहरुको शिविर विश्वकै सबैभन्दा ठूलो मध्येको एक हो । यसले झण्डै २,५०,००० सोमालीहरुलाई शरण दिन्छ जो विगत बीस वर्षदेखि उनीहरुको देशलाई तहसनहस पारी रहेको द्वन्द्वबाट भागेर आएका छन्, दादाबको जनसंख्या चार वर्षमा दुईगुना भन्दा बढी भैसकेको छ । सन् २००५ मा ३०,००० भन्दा कम बालबालिकाहरूलाई सेवा दिइरहेको शिक्षा प्रणाली अहिले ६०,००० भन्दा बढी बालबालिकाहरूलाई शिक्षा दिन संघर्षरत छ, प्रति कक्षा औषत विद्यार्थी ८२ बाट बढेर ११३ पुगेको छ - केही विद्यालयहरू जुन १००० भन्दा कम विद्यार्थीहरूका लागि निर्माण गरिएका थिए अहिले ३,००० भन्दा बढीलाई सेवा पुऱ्याइरहेका छन् । यसका साथै कक्षा लिइरहेका प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको अंश सन् २००५ को १००% बाट झरेर सन् २०१० मा ५०% भन्दा तल झरेको छ । शिक्षा प्रतिको चाहनामा बृद्धि भए पनि आर्थिक लगानी निरन्तरको गिरावट र भविष्यको ठूलो अनिश्चितताबाट ग्रसित भएको छ । शिक्षा प्रदान गर्ने जिम्मेवारी पाएका यूएनएचसीआर (UNHCR) र गैरसरकारी संस्थाहरू(NGOs) हरु वार्षिक आर्थिक चक्र अनुसार कार्य संचालन गर्दछन् । यूनएचसीआर (UNHCR) लगानीका अनुरोधहरूलाई पूरा गर्न असमर्थ भएको छ, त्यसैले गैरसरकारी संस्थाहरूलाई अन्य आर्थिक स्रोतहरूको खोजी गर्नुपरेको छ । शिविरहरूमा शिक्षाको दिगो उत्थानका लागि योजनाकारहरूले बदलिंदो परिस्थितिहरूका लागि अन्तर्निहित भैपरिआउने व्यवस्था सहितको बहु-वर्षको प्रतिवद्धता दाताहरूबाट खोजेका छन् ।

*स्रोत: सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को बक्स ४.५ हेर्नुहोस् ।*

### बक्स ७: जोर्डनमा इराकी शरणार्थीहरूको जीवनको पुनर्निर्माण

आपत्तिको मुखमा आबु रहमान, १५, इराकी बालबालिकाहरूको प्रफुल्लता र सरकारको प्रतिबद्धता तथा गैर सरकारी नवीन प्रक्रियाहरूको संयुक्त प्रयास द्वारा सृजना गरिएका ती अवसरहरूको प्रमाण हो । इराकको साम्प्रदायिक दंगाबाट भागेका आबू रहमान र उनका परिवारले अहिले जोर्डनमा आफ्नो जीवनको पुनर्निर्माण गरिरहेका छन् । दुई वर्षको विद्यालय अध्ययन छोडे पनि उनी अब शिक्षा मन्त्रालय र क्वेस्टस्कोप (Questscope) गैर सरकारी संस्थाद्वारा संचालित उनन्चालीसवटा अनौपचारिक शिक्षा केन्द्रहरू मध्ये एउटाको विद्यार्थी हो । विद्यालयहरूले तीनवटा आठ महिनाका द्रुत सिकाई चक्रहरू प्रदान गर्दछन् जसले दुई वर्षमा कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुलाई भर्ना लिन्छ । प्राप्त गरिएका प्रमाणपत्रहरू व्यवसायिक तालीमहरु अथवा माध्यमिक विद्यालयमा प्रवेश पाउन प्रयोग गर्न सकिन्छन् । क्वेस्टस्कोपका अधिकाँश विद्यार्थीहरु जोर्डनका छन् जुन विद्यालय छाडेका छन् तर केन्द्रहरूले करिव १००० इराकीहरूलाई पनि शिक्षा प्रदान गर्दछन् । केन्द्रहरुको उपलब्धिको राम्रो रेकर्ड छ । अनुमानित ७५% विद्यार्थीहरूले त्यो चक्र पूरा गर्दछन् जसका लागि उनीहरु भर्ना हुन्छन् ।

यद्यपि आबू रहमानको परिवार गरिव छ, यूएनएचसीआरले दिइएको सानो नगदी अनुदानले उसको विद्यालयसम्मको भ्रमण खर्च बेहोरिन्छ जबकि जोर्डन सरकारको निःशुल्क शिक्षा दिने नीतिले विद्यालय पढाई धान्न सकिने भएको छ । आबू रहमानको शिक्षामा फिर्ती यात्रा कठिन भएको छ । उनीले अझ पनि इराकका घाउहरु र आधातपूर्ण सम्झनाहरु बोकेका छन् । तथापि उनले यस्ता उर्जा, महत्वाकाँक्षा र आत्मविश्वासका विचार फैलाउँछन् जुन उनी भन्दछन् उनको विद्यालयको अनुभवबाट प्राप्त भएका छन् ।

*स्रोत: सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को बक्स ४.९ हेर्नुहोस् ।*



मेक्सवेल ओजुकाले बनाएको चित्र
सौजन्य: ए रिभर ब्लु (A River Blue)
उत्तरी युगान्डामा सरकारी सेना र लौर्डस विद्रोही सेना बीच द्वन्द बारे एउटा बालकको दृष्णिकोण



विश्वमा एउटा खुल्ला ठाउँ
पुर्वी चाडमा एउटा विद्यालय भवन

मानवहितबादी सहयोग समुदायले आफ्नो एजेण्डामा शिक्षाको स्थानबारे पुनर्विचार गर्नु पर्ने आवश्यकता छ

आन्तरिक विस्थापितहरू (IDPs) लाई औपचारिक सुरक्षाका अधिकारहरू शरणार्थीहरूभन्दा कम छन् । कुनै पनि संयुक्त राष्ट्रको संस्थालाई उनीहरूका चाहनाहरूलाई अगाडि बढाउन प्रत्यक्ष अधिकार प्राप्त छैन । र उनीहरु अक्सर राष्ट्रिय योजना र दाताहरुका रणनीतिहरुमा अदृश्य रहन्छन् । तथापि आन्तरिक विस्थापितहरूका लागि शिक्षाको ढोका खुला राख्न अवलम्वन गर्न सकिने व्यवहारिक उपायहरु छन् । कोलम्वियामा, सन् १९९७ को आन्तरिक विस्थापनको कानून (Law on Internal Displacement) र सम्बैधानिक अदालतका त्यसपछिका कामकारवाहीले शिक्षामा विस्थापितहरूका अधिकारहरू सुदृढ भएका छन् । कम्पाला, युगान्डामा सन् २००९ को अफ्रिकी युनियनको शिखर सम्मेलनमा अंगीकार गरिएको अफ्रिकाका आन्तरिक विस्थापित मानिसहरुको सुरक्षा र सहायता सम्झौता (The Convention for the Protection and Assistance of Internally Displaced Persons in Africa) ले आन्तरिक विस्थापित मानिसहरूलाई शिक्षामा बलियो कानूनी सुरक्षा प्रदान गरेको छ । यो एउटा नमूना हो जुन अन्य क्षेत्रमा अवलम्वन गर्न सकिन्छ, यद्यपि दुईटा अफ्रिकी सरकारहरूले मात्र यस सम्झौतालाई अनुमोदन गरेका छन् ।

यस प्रतिवेदनले सशस्त्र द्वन्द्वबाट विस्थापित अथवा द्वन्द्वमा फसेका मानिसहरूका लागि शिक्षा व्यवस्थामा सुधारका लागि विस्तृत एजेण्डा प्रस्तुत गरेको छ । प्रमुख घटकहरूमा:

- *मानवहितवादी मानसिकतामा परिवर्तन गर्ने ।* मानवहितबादी सहयोग समुदायले आफ्नो एजेण्डामा शिक्षाको स्थानबारे पुनर्विचार गर्नु पर्ने आवश्यकता छ । सबैका लागि शिक्षाको साझेदारीमा संलग्न सबै संस्थाहरूले आर्थिक सहयोग र वितरणमा शिक्षालाई दिनु पर्ने बढी प्राथमिकताका लागि दवाव श्रृजना गर्नु पर्दछ ।

- *लगानी र आवश्यकता बीच तालमेल मिलाउने ।* मानवतावादी सहयोगलाई विस्तारित र बढी लचिलो लगानीको ढाँचाको आवश्यकता छ । संगृहीत कोषका लागि लगानीमा बढोत्तरीलाई शिक्षाका लगानीका निवेदनहरू र सहयोग निकासा बीचका कमीहरु पूर्ति गर्न प्रयोग गर्न सकिन्छ । तिनीहरुले 'बिर्सिएका संकटकाल' देशहरु र बिर्सिएका क्षेत्रहरु, जस्तै शिक्षातर्फ रकमको बढी विश्वसनीय प्रवाह प्रदान गर्न सक्दछन् । यस प्रतिबेदनले सिफारिस गर्दछ कि बहु-पक्षीय संगृहीत कोष कार्यविधि-जस्तै केन्द्रीय संकटकाल प्रत्युत्तर कोष (Central Emergency Response Fund) र साझा मानवहितवादी कोष (Common Humanitarian Fund) - लाई स्तरोन्नति गरी उनीहरुको वर्तमान वार्षिक अनुदान स्तर करिव ७३ करोड अमेरिकी डलरबाट २ अर्व अमेरिकी डलर पुऱ्याउनु पर्दछ ।

- *विश्वसनीय आवश्यकता मूल्यांकन संचालन गर्ने ।* द्वन्द्वबाट पीडित समुदायहरूका लागि प्रभावकारी शिक्षा व्यवस्थाको प्रारम्भ विन्दू हो एउटा विश्वसनीय आवश्यकता मूल्यांकन । विद्यमान बन्दोवस्तहरु विश्वसनीयता जाँचमा शरणार्थीहरु र विस्थापित मानिसहरू दुबैका लागि धेरै पछाडि पर्दछन् । शिक्षाका लागि मानवहितवादी सहयोग निवेदनहरू को सम्बन्ध आवश्यकताका स्तरहरू संग ज्यादै क्षीण छ । शरणार्थी शिविरहरूमा संचालन गरिएका मूल्यांकनहरूले सबैका लागि शिक्षाका लक्ष्यहरु प्राप्त गर्नका लागि आर्थिक सहयोग र अन्य आवश्यकताहरूको सिलसिलेवार समीक्षा प्रदान गर्दैनन्, जव कि शिविर बाहिर बसेका शरणार्थीहरूका आवश्यकताहरूको व्यापक अपहेलना भैरहेको छ । आन्तरिक विस्थापितहरूका लागि गरिएको मूल्यांकनले बृहत् रुपमा वास्तविक आवश्यकताहरूको न्यून आंकलन गरेका छन् । यस प्रतिवेदनले सिफारिस गर्दछ कि निवेदनहरूको समन्वय गर्न जिम्मेवार मानवहितवादी व्यवस्था भित्रको अन्तर्संस्था समूहको शिक्षा जमातले तथ्यांक संकलन, शिक्षाका लागि मुख्य सूचकहरूको विकास तथा निश्चित लक्ष्यहरू प्राप्त गर्नका लागि पुँजी लगानीका आवश्यकताहरूको अनुमान गर्नमा विशेषज्ञता प्राप्त विशिष्ट संस्थाहरूसंग मिलेर काम गर्नु पर्दछ ।

- *विस्थापनमा पूँजी लगानी र सुशासनको बन्दोवस्तलाई*

*बलियो बनाउने ।* शरणार्थीहरू र आन्तरिक विस्थापित मानिसहरू बीचको बनावटी भेदभाव बढी प्रभावकारी कामकारवाहीका लागि एउटा अवरोध भएको छ । शरणार्थीहरूका लागि संयुक्त राष्ट्रको उच्चायुक्त (UNHCR) को अधिकारलाई सुदृढ पार्नु पर्दछ ताकि संस्थाले सबै शरणार्थीहरू र विस्थापितहरुलाई बढी प्रभावकारी सुरक्षा प्रदान गर्न सकोस् । द्वन्द्वबाट प्रभावित देशहरुमा शिक्षालाई सघाउने कार्यमा युनिसेफको कार्यक्षमता र लामो अनुभव र 'यूएनएचसीआर' का यस क्षेत्रमा सीमित कार्य क्षमताको परिप्रेक्ष्यमा उनीहरुलाई शिक्षाका लागि दोहोरो अधिकार दिइनु पर्दछ । शरणार्थीहरुका यजमान राष्ट्रहरूले सार्वजनिक शिक्षा प्रणालीमा पहुँचलाई सहयोग पुऱ्याउने नियमहरु स्वीकृत गर्न विचार गर्नु पर्दछ र धनी राष्ट्रहरूले बढी समतामूलक विश्वव्यापी भार-बाँडफाँड बन्दोवस्तमा सहमति जनाउनु पर्दछ । राष्ट्रिय कानूनहरूमा आन्तरिक विस्थापितहरूका अधिकारहरूलाई बलियो पार्न ठूलो संख्यामा विस्थापित भएको जनसंख्या रहेका देशहरूले कोलम्बियाको उदारहण अनुशरण गर्नु पर्दछ । क्षेत्रीय संस्थाहरूले अफ्रिकी युनियनको कम्पाला सम्झौता (African Union's Kampala Convention) स्वीकृत गर्न विचार पुऱ्याउनु पर्दछ जसलाई कम्तीमा प्रन्ध्र वटा देशहरूले यथाशीघ्र अनुमोदन गर्नु पर्दछ ताकि यो कानूनको रुप लिन सकोस् ।

## शिक्षाको पुनर्निर्माण - शान्तिको किस्ता कब्जा गर्ने

शिक्षामा द्वन्द्व पश्चात्को पुनर्निर्माणले ठूला चुनौतीहरू खडा गर्दछन् । सरकारहरुले यस्तो वातावरणमा काम गर्नु पर्दछ जहाँ उच्चस्तरको राजनीतिक अस्थिरता र अनिश्चितता तथा न्यून स्तरको क्षमता रहन्छ । चरम आर्थिक घाटा र शिक्षकहरूको कमीको मुखमा भत्किएको विद्यालय व्यवस्थाको पुनर्निर्माणमा विशेषगरी ठूला समस्याहरू खडा हुन्छन् । तथापि शिक्षाको सफलताले शान्तिलाई टेवा दिन, सरकारको बैधानिकता बनाइ राख्न र समाजहरूलाई बढी शान्तिपूर्ण भविष्यका लागि सही बाटोमा ल्याउन मद्दत पुऱ्याउन सक्दछ । अवसरका ढोका कब्जा गर्नमा दाताहरूको जीवनदायी भूमिका छ जुन शान्तिबाट आउँछ ।

ती मानिसहरू जसका जीवन सशस्त्र द्वन्द्वबाट चकनाचुर भएका छन् हिंसाबाट राम्रो भविष्यको आशा र अभिलाषा लिएर खडा हुन्छन् । उनीहरूले चाडो परिणामहरूको अपेक्षा गरेका हुन्छन् - र सरकारहरुले शान्तिलाई टेवा दिन तुरन्त फाइदा पुऱ्याउने व्यवस्थाहरू वितरण गर्नु पर्दछ । द्वन्द्वबाट पीडित धेरै देशहरूको अनुभवका आधारमा यस प्रतिवेदनले चाँडो परिणामहरू दिएका रणनीतिहरुको पहिचान गरेको छ । उपभोक्ताहरुले शुल्क मिन्हा गर्ने, समुदायका प्रयासहरुलाई सघाउ पुऱ्याउने, द्रुत सिकाई अवसरहरू प्रदान गर्ने र निःशस्त्रीकरण, सैन्य विघटन र पुनः एकीकरण (disarmament, demobilization and reintegration - DDR) कार्यक्रमहरूको सीप तालीम अंगलाई सुदृढ पार्ने सबै तिनका उदाहरणहरू हुन् । रुवान्डामा, 'डीडीआर'(DDR) कार्यक्रमले पहिलेका लडाकूहरुलाई शिक्षामा फर्काउन सहयोग पुऱ्यायो, तिनीहरूमध्ये धेरैले व्यावसायिक तालीमका अवसरहरू प्राप्त गरे ।

कक्षाकोठाहरुको निर्माणले पनि नयाँ अवसरहरुको ढोका खोल्दछ । दक्षिणी सूडानमा एउटा महत्वाकांक्षी कक्षाकोठा निर्माण कार्यक्रमले प्राथमिक विद्यालयमा बालबालिकाहरुको संख्या सन् २००६ मा ७ लाखबाट सन् २००९ मा १६ लाख पुऱ्याएर बृद्धिमा सहयोग पुऱ्यायो । चाँडो परिमाणहरु प्रदान गर्न न्यून मूल्यका अर्ध-स्थायी संरचनामा जोड दिइयो जसलाई निकट भविष्यमा बढी स्थानीय संरचना बाट स्थानापन्न गर्ने योजना बनाइयो ।

तुरुन्त फाइदा पुऱ्याउने व्यवस्थाभन्दा अगाडि बढ्नका लागि बढी सवल राष्ट्रिय योजना निर्माण तथा सूचना प्रवृतिहरुको आवश्यकता पर्दछ । ती देशहरु जुन द्वन्द्वबाट दीर्घकालीन पुनर्निर्माणमा प्रवेश गरेका छन्, जस्तै इथियोपिया, मोजाम्बीक, रुवान्डा र सेरालिओनले सुरक्षित पूँजी लगानीका प्रतिबद्धताहरुद्वारा समर्थित, निश्चित लक्ष्यहरु निर्धारण गर्ने समाहित शिक्षा क्षेत्रका रणनीतिहरुको विकास र कार्यान्वयन गर्ने लक्ष्य लिई दाताहरुसंग साझेदारी बलियो बनाएका छन् । शैक्षिक व्यवस्थापन सूचना प्रणालीहरू (Educational Management Information Systems - EMIS) प्रमुख तत्व हुन् किनभने यिनीहरुले सरकारहरुलाई स्रोत विनियोजनको अनुगमन गर्न, आवश्यकताका क्षेत्रहरु पहिचान गर्न र शिक्षकहरुको पारिश्रमिक सुपरिवेक्षण गर्न (शिक्षा बजेटमा एकमात्र सबैभन्दा ठूलो अंश) एउटा ज्यावल दिन्छन् । सन् २००६ सम्म, सेरालिओनको गृहयुद्ध समाप्त भएको चार वर्ष पछि, देशले इएमआइएस (EMIS) को ढाँचा दुरुस्त खडा गरिसकेको थियो ।

शिक्षामा शान्तिबाट पुनर्निर्माण गर्न अगाडि बढ्नका लागि सघाउन दाताहरुको विश्वसनीय र दिगो सहयोग निर्णायक हुन्छ । यस क्षेत्रमा सहयोगको प्रभावले मानवहितवादी सहयोग र विकास सहायता बीचको विभाजन गम्भीर रुपमा सम्झौता गर्नु परेको छ । दाताहरुले अक्सर द्वन्द्व पश्चात्का राज्यहरुलाई दीर्घकालीन विकास सहायताका लागि पुनः द्वन्द्व हुन सक्ने खतरामा चिन्ताका कारण अथवा द्वन्द्व पश्चात्का देशहरुले बढी कडा प्रतिवेदन पेश गर्ने आवश्यकता पूर्ति गर्न नसक्ने हुनाले कमजोर उम्मेदवारका रुपमा हेर्दछन् । यसको परिणाम के हुन्छ भने धेरै यस्ता देशहरु सीमित र अविश्वसनीय मानवहितवादी सहयोगमा निर्भर हुन बाध्य हुन्छन् ।

लाइवेरिया र सेरालिओनका विरोधाभाषी अनुभवहरूबाट पाठ सिक्न सकिन्छ । लाइबेरियाको गृह युद्ध समाप्त भएपछि देश मानवहितबादी सहयोगमा ज्यादै पर निर्भर हुन पुग्यो । यस प्रकारको सहयोग देशले सन् २००५-२००६ मा प्राप्त गरेको सहयोगको झण्डै आधा थियो । त्यही अवधिमा मानवहितवादी सहयोग सेरालिओनको ठूलो सहयोग राशिको कारण सेरालिओनमा शिक्षा योजना निर्माणका लागि बढी सुरक्षित आर्थिक आधारले बढी द्रुत विकासलाई सघाउ पुऱ्यायो (बाक्स ८) ।

द्वन्द्व पश्चात्को पुनर्निर्माण ऐजण्डामा शिक्षालाई ज्यादै नै बढी केन्द्रीय भूमिका दिइनु पर्दछ

मानवहितवादी-विकासको विभाजनलाई बल पुऱ्याउने एउटा बाधाहरुमध्ये दाताहरुको जोखिमलाई हेर्ने दृष्टिकोण भएको परिप्रेक्ष्यमा यसको एउटा स्पष्ट प्रत्युत्तर हो - खतराको बाँडफाँड गर्नु । स्रोतहरुलाई संगृहीत बनाउने र सहयोगात्मक रुपमा काम गर्नाले दाताहरुलाई खतरा तितरवितर पार्न र जनविश्वासमा आधारित जोखिम व्यवस्थापन, एकाएक आउने व्ययभार तथा समन्वय जस्ता क्षेत्रहरुमा व्यापक कुशलताका लाभहरु प्राप्त गर्न समर्थ तुल्याउँछ । राष्ट्रिय सगृहीत कोषहरुले सहयोगका सम्भावित फाइदाहरुलाई प्रदर्शन गर्दछन् । अफगानिस्तानमा बत्तीसवटा दाताहरुले सन २००२ देखि २०१० सम्म करिव ४ अर्व अमेरिकी डलर अफगानिष्तान पुनर्निर्माण ट्रस्टकोष (Afghanistan Reconstruction Trust Fund) मार्फत निकासा गरे । शिक्षा महत्वपूर्ण अंग हुन गएको छ । महत्वपूर्ण उपलव्धिहरु प्राप्त भएका छन्, विद्यालयमा बढी बालबालिकाहरु पठाउनमा मात्र हैन - विशेषगरी बालिकाहरु - राष्ट्रिय योजना निर्माण क्षमताको निर्माणमा पनि । विश्वव्यापी संगृहीत पूँजीलगानीले द्वन्द्व प्रभावित राज्यहरुमा पनि ज्यादै ठूलो भूमिका खेल्न सक्दछ । शिक्षा क्षेत्रमा स्वास्थ्यमा संचालन भैरहेको विश्वव्यापी कोषको तुलनामा संचालन सुविधाको अभाव छ । द्रुत पथ प्रयास (Fast Track Initiative-FTI) ले सन् २००२ मा यसको जन्म भएदेखि तीसवटा देशहरुलाई ८८ करोड ३० लाख अमेरिकी डलर वितरण गरिसकेको छ । यसको विपरित त्यसैवर्ष स्थापना गरिएयको

### बक्स ८: चाँडै प्रारम्भ गर्ने र व्यस्त रहने हुँदा सेरालिओनलाई मद्दत पुगिरहेछ ।

सेरालिओनमा हुन सकेको धेरैजसो द्वन्द्व पश्चात्का प्रारम्भिक वर्षहरुमा भएको देख्न सकिन्छ । नौ वर्षको गृहयुद्धको समाप्तिमा शान्ति व्यवस्था कमजोर भएको देशसंग दाताहरुले दुईटा निर्णायक नीतिगत प्रतिबद्धताहरु देखाए: सुरक्षा स्थापना गर्ने तथा शान्ति स्थापनालाई टेवा पुऱ्याउने ।

दाताहरुले सन् २००२ मा युद्ध समाप्त भएको औपचारिक घोषणा हुनु अगाडी देखिनै विकास सहयोगमा बृद्धि गर्न प्रारम्भ गरे र सहयोगलाई कायम राखे । सन् २००१-२००२ र २००३-२००४ का बीच विकास सहयोगका प्रतिबद्धताहरुमा ७०% ले बृद्धि भयो । प्रमुख दाताहरुले पुनर्निर्माणमा दीर्घकालीन प्रतिबद्धताहरु गरे । यसका साथै सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको सदृढीकरण गर्दै सबै प्रमुख दाताहरुले देशको दोस्रो गरिबी निवारण रणनीति (२००८-२०१२) लाई राष्ट्रिय खर्चको करिब एकचौथाइ बराबरको सोझो बजेट सहयोग लगायत दीर्घकालीन पूंजी लगानीद्वारा टेवा दिएका छन् ।

शिक्षालाई पुनर्निर्माण प्रक्रियाको केन्द्रमा राखिएको थियो र विशेषगरी सुधारको दोस्रो चरणमा निष्पक्षतामा ठूलो जोड दिइएको थियो । शुल्क हटाइ सकेपछि बजेट सहयोग प्राथमिक विद्यालयहरुलाई आर्थिक क्षतिपूर्ति दिन तथा पाठ्यपुस्तकहरू प्रदान गर्न प्रयोग गरिएको थियो । दाताहरूको सहयोगसंग सरकारको प्रतिवद्धताको मेल गराइएको थियो : सन् २००० देखि २००४ सम्म शिक्षामा औषत खर्च वार्षिक ११% ले बृद्धि भयो ।

*स्रोत: सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११ को बक्स ५.५ हेर्नुहोस् ।*

जसले शान्ति स्थापनामा शिक्षाको भूमिकालाई उपेक्षा गर्दछन् उनीहरुले देशहरुलाई कम सुरक्षित र सम्भावित बढी हिंसकभविष्यको बाटोमा हिडाइ रहेछन् ।

क्षयरोग र मलेरिया (Tuberculosis and malaria) विरुद्धको लडाइकालागि विश्वव्यापी कोष (Global Fund to Fight Aids) ले १० अर्व अमेरिकी डलर वितरण गरिसकेको छ । एफटीआई (FTI) मा भइरहेका चालू सुधार प्रक्रियाले लामो समयदेखि थातीरहेका सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदने, २०१० र एउटा मुख्य बाह्य मूल्यांकनमा सम्बोधन गरिएका निकासा र सुशासन जस्ता चिन्ताका विषयहरु लाई सम्बोधन गरेको छ । यदि सुधारहरुलाई लागू गरेर गम्भीर रुपमा कार्यान्वयन गरिए भने 'एफटीआइ' (FTI) बहुपक्षीय पूँजी लगानी पद्धतिको आलम्व हुन सक्दछ र द्वन्द्वबाट प्रभावित राज्यहरुका जल्दाबल्दा आवश्यकताहरुलाई सम्बोधन गर्न समर्थ हुन सक्दछ । तथापि यसमा द्वन्द्वबाट उठिरहेका देशहरु सितको व्यवहारमा बढी लचिलोपनको आवश्यकता पर्दछ । जसमध्येधेरै जसोले आर्थिक सहयोग प्राप्तिमा समस्याहरुको सामना गरिसकेको हुन्छ । यसका लागि एउटा फराकिलो स्रोत आधार पनि आवश्यक छ : 'एफटीआइ' (FTI) ले सन् २००९ मा २२ करोड २० लाख वितरण गऱ्यो, जबकि निम्न आम्दानी भएका देशहरुको बाह्य आर्थिक घाटा अनुमानित १६ अर्व अमेरिकी डलर रहेको छ ।

यस प्रतिवेदनको सन्देश यो छ कि द्वन्द्व पश्चात्को पुनर्निर्माण एजेण्डामा शिक्षालाई ज्यादै नै बढी केन्द्रीय भूमिका दिइनु पर्दछ । प्रतिवेदनले चारवटा मुख्य क्षेत्रहरुमा कामकारवाही गर्न सिफारिश गर्दछ ।

- *शिक्षालाई बढी धान्न सकिने र पहुँच पुऱ्याउन सकिने बनाई तुरुन्त फाइदा पुऱ्याउनका लागि अवसरहरू समात्ने ।* विद्यालय शुल्क हटाउने कुरालाई द्वन्द्व पश्चात्को शान्तिको लाभाँसको एउटा प्रमुख अंशका रुपमा हेरिनु पर्दछ । सीपमूलक तालीम तथा 'डीडीआर' (DDR) कार्यक्रमहरूका सामाजिक सहयोगका उपायहरुले पूर्व लडाकूहरूलाई अवसरहरू प्रदान गरेर पुन: हिंसातर्फ फर्कने सम्भावनालाई कमजोर पार्न मद्दत पुऱ्याउन सक्दछन्, साथै द्रुत-सिकाई कार्यक्रमहरुले द्वन्द्वकालमा शिक्षाका अवसरहरू गुमाएकाहरुका लागि शिक्षामा पुन: फर्किने मौका प्रदान गर्दछन् ।
- *दीर्घकालीन पुन: प्राप्तिका लागि आधारशिला निर्माण गर्ने ।* योजना निर्माणका लागि राष्ट्रिय क्षमताको विकास गर्ने, ' इएमआइएस' (EMIS) कार्यविधिको सृजना तथा शिक्षक पेरोल पद्धति प्राविधिक बिषयहरु हुन् भन्ने लाग्न सक्दछ, तर तिनीहरु शिक्षा प्रणालीहरुलाई बढी पारदर्शी, कुशल, उत्तरदायी र समाहित बनाउनका लागि मौलिक हुन्छन् ।
- *राष्ट्रिय संगृहीत कोषका लागि सहयोगमा बृद्धि गर्ने ।* यसले दाताहरु बीचको सहयोगबाट व्यापक फाइदाहरु पुऱ्याउन ढोका खोल्न सक्दछ । दातृ निकायहरूले सक्रियताका साथ विद्यमान *संगृहीत* कोष बन्दोबस्तहरुको स्तर बृद्धि गर्ने तथा चाड र प्रजातान्त्रिक गणतन्त्र कंगो लगायतका कम ध्यान पुगेकाहरुमा नयाँ कोषहरुको स्थापना गर्ने सम्भावनाहरुको खोजी गर्नुपर्दछ ।
- *द्रुत पथ कार्यक्रम (Fast Track Initiaitive) लाई बढी प्रभावकारी विश्वव्यापी संगृहीत कोष बनाउने ।* शिक्षा क्षेत्रमा स्वास्थ्य क्षेत्रमा संचालनमा आएको *संगृहीत* कोष जत्तिकै ठूलो र कुशल *संगृहीत* कोषको अत्यावश्यकता छ । यस प्रतिवेदनले 'एफटीआइ' (FTI) का लागि सन् २०११ बाट २०१३ सम्मका लागि करिव ६ अर्व अमेरिकी डलर को वार्षिक पूजी लगानीका लागि सिफारिस गर्दछ । यसको करिव एकतिहाइ खण्ड २ मा प्रस्ताव गरिएका शिक्षा ऋणपत्रहरुबाट उठाउन सकिन्छ । द्वन्द्वबाट उठिरहेका देशहरुलाई सहयोग प्रदान गर्न तुरुन्त फाइदा पुऱ्याउन समर्थ हुनका लागि छोटो अवधिका अनुदानहरुका साथै पुन: प्राप्तिका लागि दीर्घकालीन कोषहरुको व्यवस्था गर्ने लगायतका अन्य सुविधाहरु आवश्यक छन् ।

## शिक्षालाई शान्तिका लागि बल बनाउने

जब समाजहरु द्वन्द्वबाट कमजोर शान्ति तर्फ बढ्छन् र लामो शान्ति निर्माणको यात्रा प्रारम्भ गर्दछन् शिक्षा नीतिले सरकारहरुलाई विगतको उत्तराधिकारको सामना गर्न र शान्तिपूर्ण भविष्य निर्माणमा बल पुऱ्याउने शिक्षा प्रणालीको विकास गर्न अवसर प्रदान गर्दछ ।

शिक्षाले महत्व राख्दछ भन्ने कुरालाई मान्यता दिनु प्रारम्भ विन्दु हो । जब सरकारहरु शिक्षाप्रणालीलाई पुनर्निर्माण गर्न प्रारम्भ गर्दछन् उनीहरुले द्वन्द्व पश्चात्को वातावरणलाई सावधानी पूर्वक मूल्यांकन गर्नु पर्दछ । हिंसा र अविश्वासका उत्तराधिकारहरु एउटै रातमा समाप्त हुँदैनन् । सरकारहरूले विचार गर्नु पर्दछ, समुहहरु र क्षेत्रहरु बीचका दीर्घकाल देखिको प्रतिस्पर्धा र आँशिक रुपमा हल गरिएका बादविवादहरूको सन्दर्भमा कसरी नीति निर्णयहरु हेरिने छन् । शिक्षामा द्वन्द्वप्रति संवेदनशील योजना निर्माणले यो मान्यता लिन्छ कि कुनै पनि नीति निर्णयले शान्ति स्थापनाका लागि र पुन: हिंसातर्फ फर्किने सम्भावनाहरूको निवारण गर्नका लागि कारणहरू उब्जाउछन् । मानिसहरूलाई के सिकाइन्छ; कसरी सिकाइन्छ र कसरी शिक्षा प्रणालीहरु संगठित गरिएका हुन्छन् भन्ने कुराले समाजहरूलाई हिंसक द्वन्द्व तर्फ बढी अथवा कम -उन्मुख गराउँछ ।

शिक्षा बृहत् शान्ति स्थापना एजेण्डामा व्यवस्थित वेवास्ताको शिकार भएको छ । त्यस वेवास्ताले द्वन्द्व रोकथामका लागि गुमाएका अवसरहरु र बढी सुखी समाजहरुको विकासका लागि गुमाएका अवसरहरुको प्रतिनिधित्व गर्दछ । यसभन्दा अझ बढी, यसले एउटा त्रासको प्रतिनिधित्व गर्दछ । सरकारहरू र दाताहरू


मेडेलिन, कोलम्वियामा एउटा विद्यालय बालिका, जहाँ विद्यालयहरु सरकारी सेना र शहरी नागरिक सेना बीचको गोलावारीमा फसेका छन्

जसले शान्ति स्थापनामा शिक्षाको भूमिकालाई उपेक्षा गर्दछन् उनीहरुले देशहरुलाई कम सुरक्षित र सम्भावित बढी हिंसक भविष्यको बाटोमा हिडाइ रहेछन् ।

संयुक्त राष्ट्रको शान्ति स्थापना आयोग (United Nations Peacebuilding Commission) एउटा अन्तरसरकारी सल्लाहकार समिति र त्यसैसंग गाँसिएको शान्ति स्थापना कोष (Peacebuilding Fund-PBF) को कार्यमा शिक्षा प्रतिको वेवास्ता प्रत्यक्ष देखिन्छ । यो कोष संयुक्त राष्ट्रको द्वन्द्व प्रश्चात् को संरचनाको महत्वपूर्ण अंगका रुपमा अगाडि आएको छ । तथापि 'पीबीएफ' (PBF) आर्थिक हिसावले ज्यादै सानो छ (यसले सन् २००६ देखि ३४ करोड ७० लाख अमेरिकी डलर प्राप्त गरेको छ), र शिक्षा विशेष परियोजनाहरूले प्रदान गरिएको कूल रकमको जम्मा ३% मात्र ओगट्छन् । अर्को समस्या यो छ कि 'पीबीएम'(PBF) ले प्रमुख तथा बेग्लै (one-off) परियोजनाहरूलाई सहयोग गर्दछ जुन दीर्घकालीन योजना प्रक्रियामा कमजोर रुपमा एकीकृत गरिएका हुन्छन् ।

यस प्रतिवेदनले विविध क्षेत्रका उपायहरुको अन्वेषण गरेको छ जस मार्फत शिक्षाले शान्तिका सम्भावनाहरुका लागि प्रभाव पार्न सक्दछ । यसले जोड दिन्छ कि योजनाका कुनै रुपरेखाहरु छैनन् । यद्यपि, प्रारम्भ विन्दु हो, नीति निर्माताहरुले यो निश्चित गर्ने कि शिक्षाको नीतिमा कस्तो परिवर्तनले द्वन्द्वसंग गाँसिएका गुनासाहरुलाई कसरी बल पुऱ्याउन सक्दछ - र नीतिको सम्भाव्य सार्वजनिक दृष्टिकोणको सावधानीपूर्वक आंकलन गर्ने तथा अगाडि दिइएका जस्ता क्षेत्रहरूका सम्भाव्य प्रतिफलहरुको मूल्यांकन संचालन गर्ने :

- *शिक्षणको भाषा ।* द्वन्द्व पश्चात्का सरकारहरुले सामना गर्नु पर्ने सबैभन्दा जटिल निर्णयहरुमध्ये एउटा हो भाषाको नीति । केही मामलामा जस्तो कि संयुक्त गणराज्य तान्जानियामा, शिक्षण माध्यमका रुपमा देशभरी एउटै राष्ट्रिय भाषाको प्रयोगले साझा पहिचान विकास गर्न सहयोग पुऱ्याएको छ । अन्य ठाउँमा यसले हिंसा भड्काउन मद्दत पुऱ्याएको छ । ग्वाटेमालामा, जहाँ शिक्षामा भाषाको नीति आवादिसी मानिसहरूका लागि गहिरो आक्रोशको स्रोत थियो, गुनासाहरूलाई सम्बोधन गर्न, वार्तालापलाई बढावा दिन तथा द्विभाषी र अन्तर्सांस्कृतिक शिक्षाको विकासका लागि मार्ग प्रशस्त गर्न शिक्षा सुधार आयोग (Commission for Education Reform) को स्थापना गरियो - एउटा उपाय जसको व्यापक सान्दर्भिकता हुन सक्दछ ।

- *पाठ्यक्रममा सुधार ।* इतिहास र धर्म जस्ता विषयहरुको शिक्षणले हिंसातर्फ उन्मुख गराउने कार्यलाई प्रभावित पार्दछ । बहुजातीय र बहुआस्थाले समाजहरुमा पाठ्यक्रमले कसरी मानिसहरुले 'अन्य' को तुलनामा आफूलाई हेर्दछन् भन्ने कुरालाई आकार दिन मद्दत पुऱ्याउँछ । पहिचानका मुद्दाहरुलाई हल गर्न शिक्षा सुधारकहरुलाई कडा निर्णय लिने अवस्थाको सामना गर्नु पर्दछ र यसले समय लिन्छ । कम्बोडियाको शिक्षण प्रणालीले अहिले मात्र जाति संहारको इतिहासलाई सम्बोधन गरिरहेको छ । रुवान्डामा, जहाँ शिक्षा पद्धतिले विभाजनलाई बल पुऱ्यायो, सरकारले देशको इतिहासको शिक्षण शुरु गर्न अझै बाँकी छ । तथापि अन्यत्रको अनुभवले देखाउँछ कि कसरी शिक्षाले विस्तारै विद्यार्थीहरूलाई आफ्ना बहु-पहिचानमा तथा के कुराले उनीहरूलाई विभाजन गर्नेभन्दा एकताबद्ध गर्दछ भन्ने कुरा विचार गर्न लगाएर जरा गाडेका विभाजनहरूलाई कमजोर पार्न सक्दछ । उदाहरणका लागि, उत्तरी आयरलैण्डको 'गुड फ्राइडे' (Good Friday) सम्झौताले फराकिलो नागरिकताको दृष्टिकोणको ढोका खोल्यो, विद्यार्थीहरूलाई सम्भाव्य पहिचानहरूको श्रृंखला हेर्न प्रोत्साहित गरेर उनीहरुमा यस विचारलाई उत्पन्न गरायो कि उनीहरुको धार्मिक आवद्धता जता भएपनि मानिसहरु 'आइरिस' र 'ब्रिटिश' दुबै अथवा 'आइरिस' मात्र हुन सक्दछन् । यो एउटा राम्रो उदाहरण हो जसलाई आमर्त्य सेनले बहुपहिचान तर्फको फड्को र एक समूहको 'एकल आवद्धता' भन्दा टाढाको संज्ञा दिएका छन् ।

- *शिक्षा सुशासनको प्रत्यायोजन ।* विकेन्द्रीकरण र प्रत्यायोजनलाई अक्सर बढी जवाफदेहिता र शान्ति स्थापनाका लागि स्वचालित मार्गहरुका रुपमा लिइन्छ । यो मूल्यांकन अतिशयोक्ति हो । ज्यादै प्रत्यायोजित शिक्षा प्रणालीहरु भएका केही देशहरुमा केन्द्रीय सरकारको कमजोर भूमिकाले गर्दा शान्ति स्थापना प्रयासहरुमा बाधा पुग्न सक्दछ । एउटा घतलाग्दो उदाहरण बोस्निया र हर्जगो भिनाको छ । सन् १९९५ को डेटन सम्झौता (Dayton Agreement) को मातहतमा करिब ३८ लाख जनसंख्या भएको देशमा तेह्रवटा शिक्षा मन्त्रालयहरू र अलग्याइएका विद्यालय पद्धति स्थापना गरिए । संघीय सरकारले शिक्षाका प्रगतिशील सिद्धान्तहरु स्वीकृत गऱ्यो । तथापि संघीय राज्यको न्युनतम उपस्थितिमा बालबालिकाहरू लाई तीनवटा बेग्लै पाठ्यक्रमहरूबाट पढाउने कार्य जारी छ जुन इतिहास, संस्कृति र भाषा विषयहरूमा फरक छन् जसले कहिलेकाही पूर्वाग्रहरूलाई बढावा दिन्छन् । यसका अलावा केही विद्यालयहरु अहिले पनि ती सैनिक व्यक्तित्वहरुका नाम राख्दछन् जुन केही समूहहरुद्वारा राष्ट्रिय विभूतिका रुपमा र अन्यले शत्रुताको चिन्हका रुपमा लिन्छन् ।

- *विद्यालयहरूमा बालबालिकाहरूका लागि र शान्ति*

शिक्षाले विस्तारै विद्यार्थीहरूलाई आफ्ना बहु-पहिचानमा तथा के कुराले उनीहरूलाई विभाजन गर्नेभन्दा एकताबद्ध गर्दछ भन्ने कुरा विचार गर्न लगाएर जरा गाडेका विभाजनहरूलाई कमजोर पार्न सक्दछ

*स्थापनाका लागि अहिंसक वातावरण बनाउने ।* शिक्षाका लागि,बालबालीकाहरूका लागि र शान्ति स्थापनाका लागि एउटा रणनीति निर्विवाद सही हो *विद्यालयलाई अहिंसक क्षेत्र बनाउने ।* समाजमा हिंसाको सामान्यीकरणलाई चुनौती दिने कुरा आँशिक रुपमा शारीरिक दण्डमा प्रभावकारी रुपमा रोक लगाउनुमा भर पर्दछ ।

हिंसक द्वन्द्वका विरुद्ध खुशीयाली ल्याउन शिक्षाको जीवनदायी भूमिका रहन्छ ।

जसरी प्रत्येक सशस्त्र द्वन्द्वले विभिन्न किसिमका अन्तर्निहित तनावहरु र द्वन्द्व समाधानका असफलताहरुका समुहरुलाई प्रतिविम्वित गर्दछ, त्यसैगरी प्रत्येक द्वन्द्व पश्चात्को सन्दर्भ पनि शान्ति स्थापनामा शिक्षाका लागि विभिन्न त्रास र अवसरहरुबाट अंकित हुन्छ । यस प्रतिवेदनमा उल्लेख गरिएका उपायहरु मध्ये निम्नलिखित छन् :

- *यो मान्यता दिने कि शिक्षा द्वन्द्व पश्चात्को वातावरणको एउटा अंग हो ।* राष्ट्रिय सरकारहरु र सहयोग दाताहरूले यो बुझ्न आवश्यक छ कि उनीहरुको मनसाय जे भए पनि, शिक्षानीतिका सुधारहरू द्वन्दका विरासत द्वारा आकार दिइएको राजनीतिक वातावरणमा गरिने छन् । सबै नीति - विकासले द्वन्द्व पश्चात्को खतराको मूल्यांकनलाई समावेश गर्नु पर्दछ ।
- *शान्तिस्थापना कोषलाई फराकिलो बनाउने ।* शान्ति स्थापना आयोग (Peacebuilding Commission) शिक्षालाई बृहत् शान्ति स्थापना रणनीतिसंग एकीकृत गर्ने सरकारका प्रयासहरूलाई सहयोग गर्ने कार्यमा अझ बढी सक्रिय हुन सक्दछ । बढ्दै गएको 'पीबीएफ' (PBF) मार्फत वार्षिक रुपमा ५० करोड अमेरिकी डलरदेखि १ अर्ब अमेरिकी डलर का बीचमा उपलव्ध भएको रकमले शान्तिद्वारा प्रदान गरि एको अवसरको ढोकाको  अझ बढी प्रभावकारी परिचालन गर्न सक्दछ ।
- *शान्ति स्थापना प्रयासहरूमा युनेस्को र युनिसेफको भूमिकाको अभिबृद्धि गर्ने ।* दाताहरुले द्वन्द्व संवेदनशील शिक्षा योजना निर्माणमा योगदान गर्न सक्दछन् । सहभागी हुने पहिलो सिद्धान्त हो 'कुनै नोक्सान नपुऱ्याऊ' । त्यसै कारण कुनै पनि शिक्षा नीतिको सम्भाव्य असरहरुको प्राविधिक तथ्यांकहरुमात्र लिएर होइन, जनताका दृष्टिकोणहरू र लामो समय देखि थाँतीरहेका गुनासाहरुलाई समेत ध्यानमा राखी कडाइका साथ मूल्यांकन गर्नु पर्दछ । दिगो शान्ति स्थापनाका लागि योजना र आर्थक स्रोतहरुमात्र पर्याप्त हुँदैनन् । यसका लागि क्षमता निर्माण गर्न र प्राविधिक सहयोग गर्न कटिबद्ध पाठ्यक्रम विकास देखि पाठ्यपुस्तक निर्माण र शिक्षक तालीमका क्षेत्रमा समर्पित पेशागत कर्मचारीहरू र संस्थाहरुको आवश्यकता पर्दछ । यो एउटा क्षेत्र हो जसमा युनेस्को र युनिसेफले अझ बढी प्रमुख भूमिका खेल्नु पर्दछ - र दुबै संस्थाहरुले संयुक्त राष्ट्रको शान्ति स्थापना आयोगमा सक्रियताका साथ सहभागी हुनु पर्दछ ।

हिंसक द्वन्द्वका विरुद्ध खुशीयाली ल्याउन शिक्षाको जीवनदायी भूमिका रहन्छ । एक्काइसौ शताव्दिमा विद्यालयहरुले विशेषगरी बालबालिकाहरुलाई समृद्ध बहु-सांस्कृतिक समाजका लागि एक्लो सबैभन्दा महत्वपूर्ण सीप सिकाउनु पर्दछ - अन्य मानिसहरुसंग शान्तिपूर्ण ढंगले बस्ने सीप । धार्मिक, जातीय भाषिक र जातिगत विविधताको सचेतना कक्षाकोठाबाट निकालिनु हुँदैन । यसका विपरित विविधताको सम्मान गरिनु पर्दछ र मनाइनु पर्दछ । तर विद्यालयहरू र कक्षाकोठाहरू अन्यत्र भन्दा सबैभन्दा बढी यस्ता स्थान हुनुपर्दछ जहाँ बालबालिकाहरूले घुलमिल हुन, आदान प्रदान गर्न अरु बालबालिकाहरूको सम्मान गर्न सिकून् । कुनै पनि देशले स्थायी शान्तिको आधारशिला तवसम्म स्थापनागर्न सक्दैन जवसम्म यसले आफ्ना नागरिकहरुमा आपसी विश्वास निर्माण गर्ने उपायहरू पत्ता लगाउँदैन - र यसको शुरुआत गर्ने ठाउँ हो कक्षा कोठा ।



जार्टसेम, दक्षिण ओसेटियाको जर्जिया गाउँमा अगस्त, २००८ को युद्धका दौरान क्षतिग्रस्त भएको एउटा कक्षाकोठा

## अनुवादकको भनाई

यो सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन सन् २०११ को The Hidden Crisis: Armed Conflict and Education को नेपाली अनुवाद हो । अन्तर्राष्ट्रिय भाषा अंग्रेजीबाट नेपालीमा अनुवाद गर्दा कहिलेकाँहि कुनै ठाउँमा कृत्रिमताको झलक आउन सक्दछ । तथापि म यस कुराप्रति सजग छु कि उल्लिखित प्रतिवेदन तयार गर्ने समुहको शैली, जोड, र भन्न खोजेका कुरा यथासम्भव कायम रहुन् ।

यस प्रतिवेदनको अनुवाद गर्ने जिम्मेवारी प्रदान गर्नुभएकोमा म युनेस्को काठमाडौंका एक्सेल प्लाथे तथा शिक्षा एकाईका प्रमुख श्री तपराज पन्तका साथै एकाईका श्री रामबालक सिंह तथा ध्रुव क्षेत्रीप्रति आभार प्रकट गर्दछु । साथै यसलाई सफासंग नेपालीमा टाइप गरी सहयोग गर्ने सेरिडका श्री सुरेश शाक्यलाई धन्यवाद दिन चाहन्छु ।

**हेमराज लेखक**
फागुन २०६७

# अदृश्य संकट:
# सशस्त्र द्वन्द्व र शिक्षा

जव युद्ध शुरु हुन्छ, अन्तर्राष्ट्रिय ध्यान र संचारको समाचार संप्रेषण सदा मानव पीडाका तत्कालका तस्वीरहरुमा केन्द्रित हुन्छ। तथापि, यी तस्वीरहरुका पछाडि एउटा अदृश्य संकट रहेको हुन्छ। विश्वका कैयौं निर्धनतम देशहरुभरी, सशस्त्र द्वन्द्वले विद्यालय संरचना मात्र ध्वस्त पारेको छैन, यसले बालबालिकाहरुका पीढीहरुका आशा र आकाँक्षाहरु पनि समाप्त पारेकोछ।

*अदृश्य संकट : सशस्त्र द्वन्द्व र शिक्षा* ले सशस्त्र द्वन्द्वका शिक्षाका लागि बिनासकारी परिणामहरुलाई प्रस्तुत गरेको छ। यसले बालबालिकाहरुलाई विद्यालय बाहिर राखेर सर्वत्र मानव अधिकार उल्लंघन गरेका कुराहरु छानविन गर्दछ। प्रतिवेदनले शिक्षाका लागि हानिकारक परिणामहरु देखाउदै द्वन्द्व पीडित राज्यहरुलाई असफल बनाईरहेको अन्तर्राष्ट्रिय सहयोग प्रणालीलाई चुनौती दिएको छ। यसले सचेत गराउँछ कि विद्यालयहरु अक्सर असहिष्णुता, पूर्वाग्रह र सामाजिक अन्याय फैलाउन प्रयोग गरिएका छन्।

सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदनको यस नवौं संस्करणले सरकारहरुलाई विद्यालय बालबालिकाहरु तथा विद्यालयहरुमा भैरहेका आक्रमणबाट दण्डमुक्ति पाउने संस्कृति विरुद्ध जुध्न अझ दृढसंकल्पता प्रदर्शन गर्न आव्हान गर्दछ। यसले अन्तर्राष्ट्रिय सहयोग संरचनालाई दुरुस्त पार्न एजेण्डा प्रस्तुत गरेको छ। साथै यसले शान्ति स्थापनामा शिक्षाको भूमिकालाई सुदृढ पार्ने रणनीतिहरु पहिचान गरेको छ।

यो *सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन, २०११* को सारसंक्षेप हो। सम्पूर्ण प्रतिवेदन र विस्तृत शिक्षा तथ्यांकहरु र सूचकहरु तथा अन्य भाषाका संस्करणहरु 'अनलाईन' www/efareport.unesco.org मा उपलब्ध छन्।

'म युनेस्कोको बम र गोलाबारुदमा लगानी कम गर्न र पुस्तकहरु, शिक्षकहरु तथा विद्यालयहरुमा बढी लगानी गर्न विश्वभरीका सरकारहरुलाई गरेको युनेस्कोको आव्हानलाई समर्थन गर्दछु'।

**ओस्कार एरियास, सान्चेज**
(नोबल शान्ति पुरस्कार विजेता, १९८७)

'मलाई आशा छ कि सबै देशहरुका राजनीतिक नेताहरुले युनेस्कोको सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदनको सन्देशमा ध्यान दिनेछन् र स्मरण गर्नेछन् कि शिक्षालाई कलिला बालबालिकाहरुको दिमाग पूर्वाग्रह, असहष्णिुता र अनादरले विषालु बनाउने छैनन्। विद्यालयहरु शान्तिका लागि शक्तिशाली ताकत हुन सक्दछन्'।

**शिरिन इबादी**
(नोबल शान्ति पुरस्कार विजेता, २००३)

'युनेस्कोको सबैका लागि शिक्षा, विश्वव्यापी अनुगमन प्रतिवेदन को एउटा प्रमुख सन्देश यो छ कि शिक्षा द्वन्द्वको रोकथाम गर्न, द्वन्द्व पश्चात् देशहरुको पुनर्निर्माण गर्न, र शान्ति स्थापना गर्नका लागि एउटा ताकत हुन सक्दछ। म हृदय देखि नै यस सन्देशको समर्थन गर्दछु'।

**जोस रामोस-होर्ता**
(नोबल पुरस्कार विजेता, १९९६)

'युनेस्कोको सबैका लागि शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदनले लैङ्गिक हिंसा र बलात्कारको विषालु प्रभाव तथा शिक्षाका लागि यसका थप प्रभाव बारे हामीलाई पुन: जानकारी गराएर हाम्रो बुझाइ अभिबृद्धि गरेको छ-एउटा सम्बन्ध जसको धेरै समयदेखि बेवास्ता गरिएको छ'।

**मेरी रोबिन्सन**
(मानव अधिकारका लागि,
संयुक्त राष्ट्र उच्चायुक्त, १९९७-२००२)

"यो युनेस्कोको प्रतिवेदन धेरै समयदेखि थाँती रहेको थियो। यसले विद्यालयका आफ्ना बालबालिकाहरु लगायत विश्वका सबैभन्दा बढी संकटग्रस्त के ही मानिसहरु विरुद्ध हिंसाका चरम पाशविकताका खुलस्त विवरणहरु प्रस्तुत गरेको छ र यसले धनी र गरिव सबै देशहरुका नेताहरुलाई ठोस रुपमा कार्य गर्न चुनौती दिन्छ"। विश्वका नेताहरू लाई ईच्छाशक्तिको एउटा सरल उक्तिका लागि मेरो आग्रह छ "धेरै भो धेरै"

**आर्क विशप डेस्मन्ड टूटू**
(नोबल शान्ति पुरस्कार, १९८४)

UNESCO Publishing

United Nations
Educational, Scientific and
Cultural Organization

EDUCATION FOR ALL GLOBAL MONITORING REPORT

www.efareport.unesco.org